# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ५ अङ्क १८ पूर्णाङ्क २०८ २०७७ कात्तिक ३ गते सोमबार Monday, 19 Oct., 2020 पृष्ठ ८ मूल्य रू. १०।–


## क्रान्तिकारी माओवादीका महासचिव क.किरणद्वारा कमरेड राममान श्रेष्ठको निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय समितिका पूर्व सल्लाहकार र हाल पार्टी सदस्य कमरेड राममान श्रेष्ठको उपचारको क्रममा आज बिहान ९:३० बजे सिभिल अस्पताल बानेश्वरमा दुःखद निधन भएको छ। कमरेड राममान श्रेष्ठको निधनप्रति नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव क.किरणद्वारा निम्नअनुसार प्रेस-वक्तव्यमार्फत बाँकी ६ पेजमा

# २१ दलीय कार्यगत एकताबाट अत्तालियो ओली सरकार संयुक्त आन्दोलनलाई निस्तेज पार्न प्रहरी प्रशासनलाई निर्देशन

काठमाडौं । एम.सी.सी.को खारेजी, नेपालको वास्तविक नक्साअनुसारको भूभाग हासिल गर्ने र भारतद्वारा गरिएका नयाँ अतिक्रमणको विरोध, कोभिड-१९मा सरकारबाट भएका भ्रष्टाचार, गैरजिम्मेवारीपन आदिको विरोध, निःशुल्क उपचारको व्यवस्था, भोकमरीबाट पीडित जनताका लागि खाद्यान्नलगायतका न्यूनतम आवश्यकताको परिपूर्ति, अविलम्ब रोजगारीको व्यवस्था, बलात्कार र हत्याजस्ता अपराधको नियन्त्रण र अपराधीमाथि कारवाही आदिको माग गर्दै २१ वटा राजनीतिक पार्टी तथा संगठनहरुले कार्यगत एकता गरेर सडक संघर्षमा उत्रन थालेपछि चौतर्फी रुपमा असफल र बद्नाम हुँदै गएको ओली नेतृत्वको सरकार अत्तालिन पुगेको छ। २१ दलीय मोर्चाले राजनीतिक पार्टीमाथिको प्रतिबन्ध फुकुवाको समेत माग अगाडि सार्दै सडक प्रदर्शनमा उत्रिएपछि ओली सरकारका गृहन्त्री रामबहादुर थापा बादलले २१ दलीय मोर्चातर्फ लक्षित गर्दै गठबन्धनका गतिविधिलाई निस्तेज पार्न प्रहरी प्रशासनलाई सार्वजनिक रुपमा निर्देशन दिएका छन् । गृहमन्त्री थापाले हालै प्रहरी दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै यस्तो निर्देशन दिएका हुन् ।

चौतर्फी रुपमा बद्नाम, निकम्मा, गैरजिम्मेवार र अमानवीय बन्दै गएको ओली सरकारले राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र, जनजीविका लगायतका मुद्दाहरुलाई सडकबाट जोडदार रुपमा उठाउँदै आएका सच्चा देशभक्त तथा कम्युनिस्ट क्रान्तिकारीहरुमाथि दमनचक्र चलाउने रणनीति बनाएको छ। राजनीतिक मागहरु अगाडि सारेर आन्दोलन गर्दै आएको नेत्रविक्रम चन्द नेतृत्वको नेकपालाई सत्तारुढ डबले नेकपाले मौजुदा संविधान तथा कानुनलाई समेत कुल्चिएर प्रतिबन्ध लगाएको छ। २१ दलीय मोर्चामा प्रतिबन्धित नेकपाको समेत संलग्नता रहेको आशंकामा २१ दलीय मोर्चाका गतिविधिमा कडा निगरानी राख्ने र आन्दोलनलाई निस्तेज पार्ने ओली सरकारको नीति रहेको एक उच्च स्रोतले बतायो ।

२१ दलीय मोर्चाले के.पी. ओली नेतृत्व सरकारको पालामा भएका तमाम प्रकारका राष्ट्रघात, जनघातबाट आक्रोशित नेपाली जनता परिवर्तनको पक्षमा लामबद्ध हुँदै गएको पाइएको ठहर गर्दै यसका निमित्त फेरि अर्को जनआन्दोलनको आवश्यकता सर्वत्र महशुस भइरहेको निष्कर्ष निकालेको छ। मोर्चाको केन्द्रमा भएको समझदारी र स्थानीय समस्याहरुलाई समावेश गरी कार्यगत एकताको आह्वानमा स्थानीय स्तरमा पनि सङ्घर्ष चर्काउने निर्णय गरेको छ। २१ दलीय मोर्चाको यही निर्णयबाट ओली सरकार आत्तिएको हो। र, दमनको रणनीति बनाउन थालेको हो ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले नेपालमा पुँजीवादी जनवादी क्रान्ति नभएको र अहिले क्रान्तिको आवश्यकता अत्यन्तै खड्किएको बताउनु भएको छ। वर्तमान ओली नेतृत्वको सरकारले कम्युनिस्टको नाममा कम्युनिस्टको बद्नाम गरेको र सच्चा कम्युनिस्ट क्रान्तिकारीहरुमाथि दमन गर्ने काम गरेको भन्दै निरंकुश र क्रूर प्रतिक्रियावादी ओली सरकार, संसदीय व्यवस्था र सत्तालाई ध्वस्त पार्नुपर्ने बताउनुभएको छ। यो सरकारबाट ९५ प्रतिशत श्रमजीवी जनताको हितमा कुनै काम नहुने र केवल ५ प्रतिशत दलाल, माफिया र विचौलियाको मात्रै हित हुने भन्दै यो व्यवस्थाका विरुद्ध सबै सच्चा देशभक्त र क्रान्तिकारीहरु एकताबद्ध भएर लाग्नुपर्ने पनि बताउनु भएको छ। एक टेलिभिजनलाई दिएको अन्तर्वावर्तामा उहाँले राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका समस्याहरु वर्तमान सत्ता र व्यवस्थाले हल गर्न नसक्ने भन्दै त्यसका लागि नेपालमा संघीय जनगणतन्त्रको स्थापना अनिवार्य रहेको बताउनु भएको हो ।

महासचिव किरणले क्रान्तिकारीहरुको आत्मगत स्थिति कमजोर रहेपनि वस्तुगत आवश्यकता क्रान्तिको लागि एकदमै अनुकूल रहेकोले सच्चा देशभक्त तथा क्रान्तिकारीहरुबीच बाँकी ४ पेजमा

## देजमो नेपालका अध्यक्ष सी.पी. गजुरेलद्वारा रामनारायण सिंहकी आमा राजोदेवीको निधनमा श्रद्धाञ्जली अर्पण



काठमाडौ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सी.पी. गजुरेलद्धारा संगठनका केन्द्रीय सचिव तथा २ नं. प्रदेश अध्यक्ष रामनारायण सिंहकी आमा राजो देवीको निधनमा श्रद्धाञ्जली अर्पण गर्नु भएकोछ। श्रद्धाञ्जली वक्तव्यको पूर्ण पाठ तल दिइएकोछ :

**श्रद्धाञ्जली वक्तव्य**

२ नं. प्रदेश, सिरहा जिल्लाको गोलबजार नगरपालिका, २ नं. वडा निवासी हाम्रो संगठनका केन्द्रीय सचिव तथा २ नं. प्रदेश अध्यक्ष रामनारायण सिंहकी ममतामयी आमा राजो देवीको ६५ वर्षको उमेरमा काठमाडौंको शहीद गंगालाल बाँकी ७ पेजमा राष्ट्रिय हृदय केन्द्र अस्पतालमा उपचारका क्रममा यही आश्विन २९ गते मध्याह्न देहान्त भएको छ। उहाँका श्रीमान्, ५ छोरा र १ छोरी हुनुहुन्छ। उहाँको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, रामनारायण सिंहलगायत उहाँका शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

*सी.पी. गजुरेल*
*अध्यक्ष*
*मिति २०७७/०६/३०*

## नेपालका २१ बाम पार्टीहरू र संगठनहरूद्वारा सरकारका राष्ट्रघाती र जनविरोधी गतिविधिका विरुद्ध माइतीघरमा विशाल प्रदर्शन




काठमाडौं । नेपालका २१ बाम पार्टीहरु र संगठनहरुले सरकारका राष्ट्रघाती र जनविरोध गतिविधिका विरुद्ध आज काठमाडौंको माइतीघर मण्डलामा विशाल प्रदर्शन गरेका छन। अपरान्ह १ बजेदेखि शुरु भएको प्रदर्शनमा २१ दलका ५/५ जनाका दरले जम्मा १०५ जनाको उपस्थिति थियो। १ घण्टासम्म एमसीसी खारेज गर्न माग गर्दै नाराबाजी भएको थियो। सहभागीहरुले सरकारबाट भइरहेका भ्रष्टाचारजन्य गतिविधिहरुका साथै राष्ट्रघातका सवालमा समेत खबरदारी गर्दै नाराबाजी गरेका थिए ।

एमसीसीको बाँकी ६ पेजमा

## धर्मनिरपेक्ष राज्यको धज्जी उठाउँदै ओली सरकार

### गोरू काटेको आरोपमा फेरि १० जना पक्राउ, १४ बर्षे छोरी पक्राउ परेपछि ३८ बर्षे कुमालले गरे आत्महत्या

बाग्लुङ। गोरु काटेको आरोपमा बाग्लुङको ढोरपाटन नगरपालिका-१ खप्तरीवाङबाट प्रहरीले १० जनालाई पक्राउ गरेको खबर छ। गोरु काटेर मासु भाग लगाउँदै गरेको अवस्थामा स्थानीय प्रहरी कार्यालय ढोरपाटन बुर्तिवाङको प्रहरीले घटनास्थलबाट १४ बर्षे बालिकासहित १० जनालाई पक्राउ गरेको नेकपा (क्रान्तिकारी माओवादी)का केस तथा बाग्लुङ इन्चार्ज निलबहादुर पुनले जानकारी दिनुभयो। जिल्ला प्रहरी कार्यालय बाग्लुङले पक्राउको पुष्टि गरेपनि सो विषयमा थप केही बताउन चाहेन। क्रान्तिकारी माओवादीका नेता पुनले दिएको जानकारी अनुसार गोरु काटेको आरोपमा असोज २७ गते १४ बर्षे छोरी सुस्मिता कुमाललाई समेत प्रहरीले पक्राउ गरेर लगेपछि खप्तरीवाङका ३८ बर्षे तिलबहादुर कुमालले झुण्डिएर आात्महत्या गरेका छन्। कुमालको आत्महत्यामा प्रहरी दोषी रहेको भन्दै पीडितहरुले पोस्टमार्टम गर्न र अन्त्यष्टी गर्न नमानेपनि प्रहरीले दबाब दिएर पास्टमार्टम र अन्त्यष्टी गर्न लगाएको बुझिएको छ। २८ गते आत्महत्या गरेका कुमालको पोस्टपार्मटमपछि




असोज ३० गते दाहसंस्कार गरिएको छ।

१४ बर्षे बालिका सुस्मिता कुमाललगायत पक्राउ परेका १० जनालाई पुर्पक्षका लागि जिल्ला प्रहरी कार्यालय बाग्लुङमा थुनामा राखिएको छ। सुस्मितासहित बाँकी ६ पेजमा

## अखिल नेपाल महिला संघ (क्रान्तिकारी)लगायतले महिला हिंसा, हत्या र बलात्कार विरूद्ध प्रदर्शनसहित विरोध




चितवन। महिला हिंसा, हत्या र बलात्कार विरुद्ध चितवनमा कृयाशिल क्रान्तिकारी एवम् प्रगतिशील महिला संगठनहरुको नेतृत्वमा जुलुस प्रदर्सन सहित बिरोध कार्यक्रम सम्पन्न भएको छ। भरतपुरको चितवन मेडिकल कलेज अगाडिबाट शुरु भएको जुलुस विभिन्न नारा लगाउदै चौबीसकोठी पुगेर कोणसभामा परिणत भएको थियो। अखिल नेपाल महिला संघ ( क्रान्तिकारी) , अखिल नेपाल महिला संघ , अखिल नेपाल प्रगतिशील महिला संघ , बैज्ञानिक समाजवादी महिला संगठनको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा महिलाहरुसंगै पुरुषहरु पनि महिला हिंसा विरुद्ध प्रदर्सनमा सहभागी भएका थिए ।

अखिल नेपाल महिला संघ (क्रान्तिकारी) केन्द्रिय अध्यक्ष अम्बिका मुडभरीले महिला हिंसा, बलात्कार र हत्याको शृङ्खला झन झन बढी रहेको र कार्वाही गर्नुको साटो कतिपय मुद्दामा सरकार आफैं अपराधीलाई संरक्षण गर्ने गरेको बताउनु भयो। बलात्कार पछी पनि मुद्दा मामलामा प्रशासन , अदालत लगायत विभिन्न न्यायीक निकायमा बयानको क्रममा बारम्बार अपमानित बन्नु पर्ने घटना झन पिडादायी हुने र यस्तो घटनाका सन्दर्भमा एकल बिन्दु न्याय निरुपण प्रणालीको माग बाँकी ६ पेजमा

## 'नेकपा' र ओली सरकार : एक चिरफार

***नयाँ राजनीतिक परिवर्तनमार्फत् संविधान निर्माण गरेर जारी गर्ने प्रकृयामा नै विगतका शासक र सरकारहरुले गरेका सम्पूर्ण असमान सन्धि सम्झौताहरु खारेज गरेर समानताका आधारमा नयाँ सन्धि सम्झौताहरु गर्ने प्रावधानको व्यवस्था गर्न सक्नु पर्दथ्यो । तर विगतका असमान सन्धि सम्झौताहरु गर्दा समेत पनि उनीहरुको संलग्नता रहेको र त्यसको उनीहरुले स्वामित्व ग्रहण गरेकाले त्यस प्रकारको इच्छाशक्ति र साहस देखाउन सक्ने अवस्थामा थिएनन् भन्ने तथ्य प्रष्टै प्रमाणित भएको छ***



● क. प्रितम ●

***'नेकपा' गठनको ऐतिहासिक पृष्ठभूमि***

करिब एक दशक लामो समयावधि खेरफालिसके पछि २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्प गएको मौका छोपेर द्रुतमार्ग (फास्ट ट्र्याक) मार्फत संविधान निर्माण गर्ने प्रयोजनका निम्ति संघीयता र प्रदेश संरचना, संसद र निर्वाचन प्रणाली, शासकीय स्वरुप अनि न्याय प्रणाली जस्ता चारवटा विषयहरु समेटेर तत्कालीन प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति सुशील कोइराला, तत्कालीन नेकपा (एमाले)का अध्यक्ष के. पी. शर्मा ओली, तत्कालीन एनेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र तत्कालीन मधेशी जनाधिकार फोरम (लोकतान्त्रिक)का अध्यक्ष विजयकुमार गच्छदारद्वारा मिति २०७२/०२/२५ गते प्रधानमन्त्री निवास वालुवाटारमा कथित १६ बुंदे सम्झौतामा हस्ताक्षर गरी पारित गरेका थिए ।

कथित १६ बुंदे सम्झौताका आधारमा संविधान घोषणा गरेर नयाँ संवैधानिक व्यबस्था र प्रावधान अन्तर्गत विभिन्न तहका निर्वाचनहरुको प्रारम्भ भएको थियो। त्यस अन्तर्गत पहिले संघीय संसद र प्रदेश सभाको निर्वाचनहरु हुनुपर्नेमा स्थानीय तहको निर्वाचन गरिएको थियो। त्यसो गर्नुको निहितार्थ के थियो भने तत्कालीन नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र नेपाली कांग्रेस सबैलाई आफ्नो पार्टीको धरातलीय यथार्थता र जनाधारको अवस्था बारे बुझ्नु र पार्टीको वास्तविक हैसियत थाहा पाउनु रहेको थियो। त्यसको मुख्य उद्देश्य भनेको बाँकी ७ पेजमा

## सम्पादकीय

# निकम्मा ओली सरकार !

पछिल्लो सात महिनादेखि नेपाली जनता रोग, भोक र महामारीसँग एकसाथ लडिरहेका छन् । करिब ६ महिनाको लकडाउन, बढ्दो संक्रमण र राज्यको चरम लापरवाही र बेवास्ताका कारण जनजीवन निकै पीडादायी, आक्रान्त र अस्तव्यस्त बन्न पुगेको छ । यो पीडादायी अवस्थामा जनतामाथि ओली सरकारले राहत होइन एकपछि अर्को आहत दियो । चरम समस्यामा परेका श्रमिक जनता, जसले खाइपाई आएको रोजगारी गुमाए, पेशा व्यवसाय गुमाए, कतिले रोग र भोकको पीडा खप्न नसकेर आत्महत्या गरे, ती जनतामाथि राज्यले कुनै अभिभावकत्व देखाएन, उपस्थिति देखाएन । बरु सरकारले कालाबजारी, तस्करी, कार्टेल, सिन्डिकेटबाजीसँग मिलेर कमिसन खायो अनि कृत्रिम अभाव र चरम मूल्यवृद्धि थुपार्‍यो र जनसर्वसाधारणको कठिन र अभावग्रस्त दैनिकीलाई अझ कस्टकर बनायो ।

आफूलाई कम्युनिस्ट भन्दै कम्युनिस्टकै बदनाम गरेको ओली सरकारले नवउदारवादी सिद्धान्तलाई सिरानी हालेर समाजवाद-उन्मुखताको झुठ र भ्रमको व्यापार गरिरह्यो, जुन सम्भावनै छँदै थिएन । आफैले बनाएको संविधानले मौलिक हक करार गरेको स्वास्थ्य र शिक्षा क्षेत्र समेत ओली सरकारले आफूले कमिसनको बिटो समातेर माफिया र विचौलियाको हातमा सुम्पियो । र, कोरोना महामारी रोकथाम र नियन्त्रणको नाममा कमिसन र भ्रष्टाचारको खेलमा रमायो । न्यूनतम मानवीय संवेदनाहीन क्रूर अमानवीय चरित्र प्रदर्शन गर्‍यो । दिनरात विदेशी शक्तिकेन्द्रको दलालीमा लागेको ओली सरकार यतिसम्म निकम्मा र गैरजिम्मेवार देखियो कि अधिकांश नेपालीहरुले मान्ने चाड दशैको मुखमा जनता भोक र रोगले छटपटाइरहँदा सरकार भने मन्त्री, सांसदहरु र कर्मचारीहरुलाई अर्बौं अर्ब आन्तरिक ऋण उठाएर दशैं पेस्की र भत्ता बाँडिरहेको छ । हालै प्रकाशित नेकपा (क्रान्तिकारी माओवादी)को मुखपत्रमा सत्तारुढ नेकपा र ओली सरकारको चिरफार गर्दै क्रान्तिकारी माओवादीका नेता परि थापाले लेखेको लेखमा भनिएको छ, “आज ‘नेकपा’का प्रथम अध्यक्ष प्रधानमन्त्री केपी ओलीको नेतृत्वमा रहेको करिब दुईतिहाई बहुमतको सरकार उनीहरु स्वयंका लागि “बाँदरको हातमा नरिवल” सावित भएकोछ भने आम नेपाली जनसमुदायका निम्ति “कागलाई बेल पाकेर हर्ष न विस्मात”जस्तै भएको छ । यहाँसम्म कि प्रधानमन्त्री ओली वर्तमान राज्य संयन्त्रलाई परिवर्तित राजनीतिक व्यवस्था अनुरूप रुपान्तरण गर्न समेत अनिच्छुक देखिएका छन् । किनभने सरकारले आफै गठन गरेको अर्थशास्त्री डा. डिल्लीराज खनालको संयोजकत्वमा आयोग गठन गरेको सार्वजनिक खर्च पुनरावलोकन आयोगले दिएको प्रतिवेदनलाई कार्यान्वयन गर्नुको सट्टा वेवास्तापूर्वक थन्क्याएर राखेका छन् । निचोडमा भन्नु पर्दा ओली सरकार अक्षम र असफल सिद्ध भएकोछ । देशमा यसप्रकारको स्थिति कायम रहेमा वर्तमान संविधान र व्यवस्था छिटै नै बेकामे सावित हुनेछ र त्यसको विकल्पमा अग्रगामी राज्य व्यवस्थाको स्थापना गर्नु पर्नेछ – त्यो भनेको संघीय जनगणतन्त्र नै हो भन्ने कुरामा प्रष्ट हुनु पर्दछ ।

अहिले नेपालका दक्षिणपन्थी, संशोधनवादी र प्रतिक्रियावादी तत्वहरुले वर्तमान राज्य-व्यवस्थालाई संविधानमा नै “समाजवादप्रति प्रतिबद्ध रहने र राज्य-व्यवस्था समाजवादोन्मुख” भएको बताएता पनि यो जनविरोधी एवम् प्रतिक्रियावादी व्यवस्था हो भन्ने कुरा दिनको उज्यालो जत्तिकै छर्लङ्ग छ ।”

हालैको एउटा लेखमा वाम विश्लेषक हरि रोकाले लेखेका छन्, “जनतामा आत्मविश्वास जगाउन तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रले पार्टी एकीकरण गरी नेकपालाई कम्तीमा अढाई दशकसम्म सत्तामा टिकाइराख्ने माहोल बनाउने घोषणा गरेका थिए । तर प्रधानमन्त्री ओलीको टिमले पच्चीस वर्ष होइन, पाँच वर्षलाई पनि आफ्नो गन्तव्यको सीमा ठानेन । यो टिमले सत्तारूढ हुनासाथ ‘प्याट्रोन-क्लाइन्ट’को नयाँ डिजाइन विस्तार गर्‍यो । सहजतापूर्वक कमिसन आर्जन गर्ने सञ्जाल विस्तार गर्दै योजना तथा कार्यक्रमहरूको छनोटमा लाग्यो । क्लाइन्टेलिजमकै लक्ष्यअनुरूप संवैधानिक र राजनीतिक नियुक्तिहरूको व्यवस्थापन गर्‍यो । निजामती र गैरनिजामती सरुवा-बढुवा पक्षधरता र कमिसनमा आधारित भए । यी क्रियाकलापबाट सार्वजनिक वस्तु तथा सेवामा मात्र होइन, न्यायिक र अन्य मानवीय अधिकारमाथिको नैसर्गिक जनअधिकार जानीजानी कमजोर बनाइयो । हतारमा नाफा आर्जन गरिहाल्ने प्रतिस्पर्धाका कारण दर्जनौं र अर्बौंका भ्रष्टाचार काण्डहरू गरिए । बजारशास्त्रलाई नै लज्जित बनाउने गरी आयोग बनाइए र ढालिए । दण्डहीनताले परकाष्ठा नाघ्यो र अपराधीहरू पुरस्कृत हुँदै गए ।”

ओली सरकार आम नेपाली जनताको यतिखेरको ठूलो टाउको दुखाइको विषय बनेको छ र सबैको दुःखको कारण बन्न पुगेको छ । चुलिएको जनआक्रोश जनआन्दोलनमा बदलिन जरुरी छ । यो सत्ता र व्यवस्था फालेर जनताको नयाँ जनवादी व्यवस्था ल्याउनु अपरिहार्य बनेर गएको छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

# नवउदारवादी पुँजीवादको चौतर्फी सङ्कटबारे



● क. वसन्त ●

***विषयको थालनी***

नवउदारवाद पुँजीवादी व्यवस्थाको सबैभन्दा पछिल्लो विचार हो । यो एकाधिकार पुँजीवाद अर्थात् साम्राज्यवादसंग सम्बन्धित छ । यही विचारद्वारा निर्देशित वर्तमान पुँजीवादी व्यवस्था चौतर्फी सङ्कटग्रस्त भएर गुज्रिरहेको छ । यो लेख सामान्यतः पुँजीवादी व्यवस्था, पुँजीवादको सङ्कट र मुख्यतः नवउदारवादी पुँजीवादको पछिल्लो सङ्कटको सेरोफेरोमा केन्द्रित रहने छ ।

***पुँजीवाद***

निजी मुनाफाका लागि श्रम र ज्यालाको सम्बन्धमा आधारित माल उत्पादन र वितरण गर्ने प्रणाली पुँजीवाद हो । यो १६औ शताव्दी अर्थात् आजभन्दा ५०० वर्ष अगाडिदेखि विकसित हुँदै आएको छ । मार्क्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका आधारमा पुँजीवादका नियमहरुको गहनतम अध्ययन तथा अनुसन्धान गर्नु भयो । मार्क्सद्वारा लेखिएका पुँजीका ठेलीहरु यही विषयसँग सम्बन्धित रहेका छन् ।

***पुँजीवादका विशेषताहरु***

पुँजीवादी व्यवस्थामा उत्पादनका साधन र उत्पादित वस्तुमाथि व्यक्तिको निजी स्वामित्व रहन्छ । पुँजीवादी समाज ज्याला दिएर काम गराउने पुँजीपति वर्ग र आफ्नो श्रमको भरमा बाँच्न बाध्य हुने सर्वहारा वर्गमा विभाजित भएको हुन्छ । पुँजीवादको अन्तर्वस्तु भनेको श्रमिक वर्गको अतिरिक्त श्रमको शोषण हो, यसैबाट पुँजीपतिले अत्यधिक नाफा कमाउँछ । फलतः समाजमा धनी र गरिबका बीचको आर्थिक खाडल कहिल्यै पुरिँदैन, बरु झन् झन् फराकिलो बन्दै जान्छ । राज्यले शोषणमूलक सम्बन्धको रक्षा गर्नका लागि कानुनी आधार र आवश्यक प्रशासनिक संरचना निर्माण गर्दछ । राज्यले मालको दाम निर्धारण गर्दैन, माग र आपूर्तिका आधारमा बजारले आफै गर्दछ । संक्षिप्तमा पुँजीवादका विशेषताहरु यी नै हुन् ।

***पुँजीवादका अन्तर्विरोधहरु***

पुँजीवाद एउटा गतिशील वस्तु हो । यसका आफ्नै अन्तर्विरोधहरु हुन्छन्, जसका कारण यो गतिशील हुन्छ । ती अन्तर्विरोधलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

एक, कारखानामा मालको उत्पादन सामूहिक रुपमा हुन्छ, तर त्यसको स्वामित्व भने व्यक्तिगत । यसलाई पुँजीवादी उत्पादन सम्बन्ध भन्दछन् । राज्यसत्ता, कानुन र आर्थिक हैसियतका बलमा उत्पादनका साधनहरु र उत्पादित मालहरु पुँजीपतिका निजी सम्पत्ति हुन्छन् । यसरी पुँजीवादी समाज उत्पादनका साधनको मालिक पुँजीपति वर्ग र श्रम बाहेक आफ्नो भन्ने केही नभएका सर्वहारा वर्गमा विभाजित भएको हुन्छ । पुँजीपति र सर्वहारा वर्गका स्वार्थहरु ठीक विपरीत हुन्छन् । पुँजीवादी समाजमा पुँजीपति वर्ग र सर्वहारा वर्गका बीचमा निरन्तर सङ्घर्ष चलिरहन्छ । यसलाई वर्गसङ्घर्ष भन्दछन् र यही नै पुँजीवादी समाजको चालक शक्ति हो ।

दुई, मालको उत्पादन समाजको आवश्यकताका आधारमा योजनाबद्ध रुपमा होइन, धेरै मुनाफा कमाउने उद्देश्यले गरिन्छ । जुन मालको उत्पादनले धेरै मुनाफा कमाउन सकिने देखिन्छ, त्यही मालको उत्पादनका लागि पुँजीपतिहरुले धेरैतिर पुँजी लगानी गर्छन् । उत्पादन प्रक्रियामा हुने यही अराजकताका कारण समाजमा बारम्बार अति उत्पादनको समस्या पैदा हुने गर्दछ र पुँजीवाद आर्थिक सङ्कटमा फसिरहन्छ । हरेक सङ्कटबाट हुने घाटालाई पुँजीपति वर्गले मजदुरमाथि गरिने थप अतिरिक्त श्रमको शोषणबाट पूर्ति गर्दछ । पुँजीवादी व्यवस्थामा नाफा पुँजीपति वर्गको खल्तीमा र घाटा श्रमिकहरुको थाप्लोमा पर्न जान्छ ।

तीन, पुँजीपतिहरुले अतिरिक्त मूल्यको एउटा ठूलो हिस्सालाई पुँजीमा रुपान्तरण गरिरहेका हुन्छन् । परिणामतः पुँजीपतिको सम्पत्ति बढिरहन्छ । तर पुँजीपतिले मजदुरलाई उसको जीवन धान्न आवश्यक पर्ने न्यूनतम रकम मात्र ज्यालाका रुपमा दिने हुनाले त्यसबाट श्रमिकले कहिल्यै सञ्चय गर्न सक्दैन । मुद्रास्फीति वा अन्य कुनै कारणले कहिलेकाहीँ थोरै ज्याला बढे पनि त्यो मजदुरको जीवन निर्वाहमै सकिन्छ, सञ्चय गरी सम्पत्ति बृद्धिगर्न पुग्ने हुँदैन । मजदुर वर्गको श्रम पनि माग र आपूर्तिका आधारमा दाम निर्धारित हुने बजारिया माल बन्न जान्छ ।

चार, पुँजीवादी उत्पादन पद्धतिमा राज्य र बजारको विशेष भूमिका रहन्छ । बजारमा हुने माग र आपूर्तिका आधारमा मालको मोल निर्धारण भइरहेको हुन्छ । राज्यले वस्तुको बजार तथा व्यापारको व्यवस्थापन गर्नका लागि प्रशासकीय र दमनकारी संयन्त्रहरुको निर्माण गर्दछ र तिनलाई परिचालन गरी पुँजीपति वर्गको स्वार्थ रक्षा गरिराखेको हुन्छ । श्रमजीवी वर्ग पुँजीपतिहरुबाट शोषित हुन्छन् र राज्यबाट दमित हुन्छन् ।

पाँच, पुँजीवादको विकास सबैतिर समान प्रकारले हुँदैन, त्यो असमान हुन्छ । विकसित पुँजीवादी देशहरुले अविकसित देशहरुमा राजनैतिक वा सैन्य हस्तक्षेपद्वारा आफ्नो प्रभुत्व विस्तार गरिराखेका हुन्छन् । अल्पविकसित र अविकसित देशका जनता आन्तरिक तथा बाह्य गरी दुई प्रकारको शोषण र उत्पीडनमा परेका हुन्छन् ।

छ, समाजमा उत्पादक शक्ति र उत्पादन सम्बन्धका बीचमा अन्तर्विरोध हुन्छ । उत्पादक शक्तिको विकास एउटा निश्चित विन्दुमा पुगेपछि त्यसलाई विद्यमान उत्पादन सम्बन्धले थेग्न सक्दैन र त्यो उत्पादन सम्बन्ध उत्पादक शक्तिको विकासको वाधक हुन जान्छ । यो स्थितिमा नयाँ उत्पादक शक्तिले पुरानो उत्पादन सम्बन्धलाई बदल्छ र समाज अगाडि बढ्छ । यही नै समाज विकासको नियम हो ।

***पुँजीवादका रुप तथा उपचरणहरु***

पुँजीवादी समाजमा सधै वर्गसङ्घर्ष चलिरहन्छ र समाजमा परिवर्तन भइरहन्छ । इतिहासमा, सर्वहारा वर्गले कम्युनिस्ट पार्टीको नेतृत्वमा वर्गसङ्घर्षलाई सत्ता सङ्घर्षमा बदलेर पुँजीवाद भन्दा गुणात्मक ढङगले भिन्न समाजको निर्माण गरेका छन् । त्यो वैज्ञानिक समाजवादी क्रान्ति हो । तर, सबै वर्गसङ्घर्ष राजनीतिक सङ्घर्ष र क्रान्तिसम्म पुग्दैनन् । भीषण वर्ग सङ्घर्षका क्रममा पुँजीपति वर्गले आंशिक सुधारहरु मार्फत् पुँजीवादको रक्षा पनि गर्दै आएको छ । आफ्नो जीवनमा पुँजीवाद एउटैमात्र रुपमा छैन, विभिन्न रुप र उपचरणहरु हुँदै अगाडि बढेको छ । तर ती कुनै पनि उपचरणहरुमा माथि उल्लेख गरिएका पुँजीवादका विशेषता र अन्तर्वस्तुमा भने कुनै परिवर्तन आएको छैन । सङ्क्षिप्तमा ती उपचरणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

***व्यापारिक पुँजीवाद***

व्यापारिक पुँजीवाद पुँजीवादी प्रणालीको सबैभन्दा पहिलो रुप हो । यसमा आधुनिक पुँजीवादका सबै विशेषताहरु पाइँदैनन्, माल मुख्यतः विक्रीका लागि किनिन्छ र नाफा गरेर बेचिन्छ । युरोपका वेलायत, नेदरल्याण्ड जस्ता देशहरुले आफ्ना देशमा असङ्गठित र अव्यवस्थित तवरले उत्पादन गरेका वस्तुलाई वाह्य देशहरुमा विक्री गरेर सुन, चाँदी जस्ता मूल्यवान धातुहरु सञ्चय गर्ने प्रक्रियामा व्यापारिक पुँजीवादको विकास भएको हो । १६औ शताव्दीको सुरुबाट व्यापारको नाममा अन्य देशमा प्रवेश गरेका पुँजीपतिहरुले आर्थिक लाभ त गरे नै त्यसमाथि क्रमशः राजनैतिक हैकम पनि कायम गर्न थाले । त्यो प्रक्रियामा धेरैतिर उपनिवेशहरु स्थापना भए । त्यतिबेला वेलायतको औपनिवेशिक विस्तारलाई महिमामण्डन गर्न ‘बेलायतमा कहिल्यै पनि सूर्य अस्ताउँदैन’ भन्ने गरिन्थ्यो । यो भनाइ पछिसम्म पनि चर्चामा थियो । सापेक्ष रुपमा निकै लामो रहेको त्यो औपनिवेशिक कालमा वेलायत लगायत युरोपका थुप्रै देशहरुले उपनिवेशहरुबाट अकुत सम्पत्ति लुटे ।

समाज विकासको प्रक्रियामा वाष्प इञ्जिनको आविष्कार एउटा महत्वपूर्ण कोशेढुङ्गा थियो । बेलायतमा रोजगारीका लागि शहर पसेका सर्वहारा वर्ग, उपनिवेशहरुबाट दोहन गरिएको प्रसस्त पुँजी र वाष्पइञ्जिनबाट चल्ने मेशिनहरुको प्रयोगका कारण माल उत्पादनको विधिमा गुणात्मक विकास हुन गयो । त्यसलाई औद्योगिक क्रान्ति भन्ने गरिन्छ । त्यो औद्योगिक क्रान्ति पछि वेलायत, फ्रान्स लगायत युरोपका देशहरुमा उत्पादक शक्तिले जुन गुणात्मक ढङ्गले विकास गर्‍यो त्यसलाई व्यापारिक पुँजीवादले थेग्न सकेन । परिणाम स्वरुप नयाँ उत्पादक शक्तिले व्यापारिक पुँजीवादको गर्भबाट भिन्न रुपको पुँजीवाद जन्मायो, त्यसलाई शास्त्रीय पुँजीवाद भनिन्छ ।

***शास्त्रीय पुँजीवाद***

औद्योगिक क्रान्तिपछि पुँजीपति वर्गको नेतृत्व र श्रमिक वर्गको सहयोगमा वेलायतमा सामन्तवाद विरोधी पुँजीवादी क्रान्ति सम्पन्न भयो । उत्पादनका साधनहरुको मालिक रहेको पुँजीपति वर्गले राजनीतिक सत्ताको नेतृत्व गर्‍यो । त्यही क्रममा युरोपका अन्य देशहरुमा पनि पुँजीवादी क्रान्ति सम्पन्न भए र ती देशहरुमा राष्ट्रिय राज्यको स्थापना भयो । यसरी विकास भएको पुँजीवादलाई शास्त्रीय पुँजीवाद, औद्योगिक पुँजीवाद, उदारवादी पुँजीवाद अथवा प्रतिस्पर्धात्मक पुँजीवाद भन्ने गरिन्छ । त्यो राष्ट्रिय चरित्रको पुँजीवाद थियो ।

१९औ शताव्दीको उत्तरार्धतिर विद्युतको आविष्कार भएपछि विद्युत-चुम्बकीय मोटरको निर्माण भयो । यसबाट उद्योगका लागि आवश्यक हुने आधुनिक मेसिनहरु बने । पेट्रोल तथा डिजेल इञ्जिनबाट चल्ने गाडीहरुको निर्माण भयो । यो सबैको परिणाम स्वरुप पुँजीवादी उत्पादन तथा वितरण प्रणालीले अर्को छलाङ् हान्यो, फलतः पुँजीवादको अभूतपूर्व विकास भयो । तर, यो विकासले अर्को सङ्कट जन्मायो । त्यो थियो मालको अति उत्पादन र पुँजीको केन्द्रीकरणले पैदा गरेको सङ्कट । अर्थात्, पुँजीपतिहरुका लागि माल बेच्ने बजार र पुँजी लगानी गर्ने ठाउँ पुगेन । त्यो सङ्कटको समाधान गर्न पुँजीवादी शासकहरुले उपनिवेशहरुको विस्तार गरे ।

उपनिवेशहरुको विस्तार पछि पुँजीपतिहरुका लागि कच्चा पदार्थको स्रोत र उत्पादित मालको बजार निकै फराकिलो भयो । अर्कोतिर, मजदुर आन्दोलनलाई कमजोर पार्न शोषण गरेको सम्पत्तिको एउटा सानो हिस्साबाट शासकहरुले मजदुर आन्दोलनका नेताहरुको सुविधा बढाएर श्रमिकहरुमा अभिजात वर्गको विकास गरे । यसलाई एङ्गेल्सले मजदुरका नेतालाई पुँजीपतिहरुले घुसदिएर किने भन्नु भएको छ । त्यो स्थितिमा मजदुर आन्दोलन सत्ताका लागि सङ्घर्ष गर्नेतर्फ नभएर आर्थिक मागको वरिपरि घुम्न थाल्यो । पुँजीपतिहरु मजदुर आन्दोलनभित्र सुधारवादको जन्म गराएर वर्ग सङ्घर्षलाई सुधारवादी आन्दोलनमा कैद गराउन सफल भए । यसलाई लेनिनले जुझारु अर्थवाद र ट्रेड युनियनबाद भनेर कडा आलोचना गर्नु भएको छ ।

मजदुर आन्दोलन कमजोर बन्दै गएको स्थिति पुँजीपति वर्गका लागि निकै अनुकूल भयो । पुँजीको भुमिका र माल उत्पादन तथा वितरण प्रणालीका रुपहरु क्रमशः बदलिन थाले । माल निर्यातको ठाउँ वित्तीय पुँजी निर्यातले लियो । औपनिवेशिक शासकहरुले वित्तीय पुँजीका बलमा आफ्ना उपनिवेशमा उद्योगहरुको स्थापना गरे, औद्योगिक कच्चा माल तथा स्रोत-साधनको दोहन गरे र सस्तो श्रमको शोषण गरे । उत्पादित माल त्यहीँ विक्री गरी आर्जन गरेको अकुत सम्पत्ति आ-आफ्ना देशमा भित्र्याउन थाले । वित्तीय पुँजीले संसारभरि एकाधिकार कायम गर्‍यो । यो प्रक्रियामा विकास भएको पुँजीवादलाई एकाधिकारी पुँजीवाद भनिन्छ । १९औ शताव्दीको अन्तिम दशकतिर शास्त्रीय पुँजीवाद र उपनिवेशवादका गर्भबाट एकाधिकार पुँजीवादको जन्म हुन गयो ।

***एकाधिकार पुँजीवाद***

लेनिनले एकाधिकार पुँजीवादको गहिरो अध्ययन तथा अनुसन्धान गर्नु भयो । उहाँले एकाधिकार पुँजीवाद भनेको साम्राज्यवाद हो र त्यो पुँजीवादको अन्तिम चरण हो भन्नु भएको छ । लेनिनका अनुसार साम्राज्यवादका पाँचवटा विशेषता हुन्छन् । ती हुन् – एक, उत्पादन र पुँजीको अति केन्द्रीकरण भएर एकाधिकारी पुँजी बन्छ । दुई, बैक पुँजी र औद्योगिक पुँजी मिलेर वित्तपुँजी बन्छ । तीन, माल निर्यातको ठाउँ पुँजी निर्यातले लिन्छ । चार, विश्वमा एकाधिकार पुँजीवादी सङ्घको निर्माण हुन्छ, विश्व आपसमा बाँडिन पुग्दछ । र पाँच, ठुला पुँजीवादी शक्तिहरुका बीचमा विश्वको क्षेत्रीय विभाजन हुन्छ ।

उपरोक्त विशेषताहरुका आधारमा लेनिनले साम्राज्यवादको सार खिच्नु भएको छ । साम्राज्यवाद – एक, उत्पादनको प्रक्रियाबाट कट्छ र दुई, यो सुदखोरीमा बाँच्छ । तीन, यसले समाजमा अन्तर्विरोधलाई चर्काइ दिन्छ र चार, मजदुर आन्दोलनमा घुसेर सर्वहारा क्रान्तिलाई ध्वस्त पार्छ । पाँच, यसले संशोधनवादसँग घनिष्ट सम्बन्ध कायम गर्छ र छ, विश्वभर एकाधिकार कायम गर्नका लागि युद्धको तयारी गर्छ । लेनिनले साम्राज्यवाद भनेको युद्ध हो भन्नु भएको छ ।

यसरी उपनिवेशहरुको विस्तार, मजदुरहरुका बीचबाट अभिजात वर्गको जन्म र श्रमिक आन्दोलनमा विकास भएको सुधारवाद समेतका कारण श्रम र पुँजीका बीचको अन्तर्विरोधलाई तत्काल विस्फोटन हुनबाट रोक्न साम्राज्यवादीहरु सफल भए । तर तिनीहरुले अन्तर-साम्राज्यवादी अन्तर्विरोधलाई भने मत्थर पार्न सकेनन्, त्यो निकै चर्केर गयो । परिणामस्वरुप १९१४ देखि १९१८ सम्म पहिलो विश्वयुद्ध भयो । त्यो युद्ध मुख्यतः युरोप केन्द्रित थियो । यस युद्धमा ९० लाख सेना र ७० लाख सर्वसाधारण नागरिकहरु मारिएका थिए भन्ने अनुमान छ । कति सम्पत्तिको क्षति भयो त्यसको भरपर्दो विवरण छैन ।

अन्तर-साम्राज्यवादी अन्तरविरोध उत्कर्षमा भएको बेला १९१७मा विश्वयुद्धकै बीचबाट रुसमा अक्टोबर समाजवादी क्रान्ति सम्पन्न भयो । यो विश्व कम्युनिस्ट आन्दोलनको इतिहासमा एउटा युगान्तकारी परिघटना थियो । लेनिनले रुसी क्रान्तिको सफलता पछि साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग सुरुभएको कुरा बताउनु भएको छ ।

विश्वयुद्धका बेला विश्वको अर्थतन्त्र ध्वस्त भएको पृष्ठभूमिमा १९३०मा अमेरिकाबाट आर्थिक सङ्कट सुरु भयो र त्यसले विश्वभरि महामन्दीको रुप लियो । यसै बीचमा इटलीका मुसोलिनी र जर्मनीका हिटलर जस्ता शासकहरु रुसी समाजवादलाई ध्वंश गर्ने र विश्वभरि फासीवादी हैकम कायम गर्ने उद्देश्य लिएर युरोप तथा अफ्रिकाका विभिन्न देशहरुमाथि सैन्य आक्रमणमा उत्रिए । उता, चीन लगायत पूर्वी एशियाका देशहरुमा आफ्नो साम्राज्य विस्तार गर्न जापानले सैन्य अभियान चलाइरहेको थियो । सुरुमा अमेरिका कतै तिर पनि युद्धमा संलग्न थिएन । जापानले पर्लहार्वरको अमेरिकी सैन्य अखडामा आकस्मिक हमला गरेपछि अमेरिका पनि युद्धमा तानियो । यो स्थितिमा रुस, बेलायत र अमेरिकाले फासीवाद विरोधी संयुक्त मोर्चा बनाएर उक्त फासीवादी अभियानका विरुद्ध खडा भए । त्यसले विश्वयुद्धको रुप लियो । १९३९ देखि १९४५ सम्म चलेको दोस्रो विश्वयुद्धमा इटलियन, जर्मन र जापानी फासीवादीहरु पराजित भए । दोस्रो विश्वयुद्धको प्रक्रियामा स्तालिनको भूमिका निर्णायक महत्वको रहेको छ । युद्धका क्रममा करिब ९ करोड जति मानिसहरु हताहत भएको अनुमान छ ।

दोस्रो विश्वयुद्धको क्रममा धेरै जनधनको क्षति भयो । तर, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन महत्वपूर्ण उपलब्धिहरु प्राप्तगर्न सफल पनि रह्यो । एक, सोभियत सङ्घको रक्षा मात्र भएन, त्यो अझ स्थापित भयो । दुई, माओको नेतृत्वमा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो । तीन, पूर्वी युरोपका करिब एक दर्जन देशहरुमा समाजवाद स्थापना भयो । चार, उत्तर कोरियामा जनताको जनवादी क्रान्ति सफल भयो र पाँच, भियतनाम फ्रान्सको उपनिवेशबाट मुक्त भयो । यसका साथै, दोस्रो विश्वयुद्ध पछि विश्वभरि राष्ट्रिय मुक्ति आन्दोलनको लहर नै आयो, उपनिवेशहरु स्वाधीन बने र औपनिवेशिक युगको अन्त्य भयो । वस्तुतः यो एउटा युगान्तकारी महत्वको उपलब्धि हो ।

अर्कोतिर, १९३०को महामन्दीको बेलादेखि नै वेलायतका एकजना बुर्जुवा अर्थशास्त्री जोहन मेनार्ड किन्सले राज्यको हस्तक्षेपकारी भूमिका रहने गरी पुँजीवादको अर्को एउटा नयाँ मोडेललाई अगाडि सार्दै आएका थिए । फेरि, दोस्रो विश्वयुद्धपछि समाजवादप्रति बढ्दै गएको जनताको आकर्षण साम्राज्यवादीहरुका लागि निकै चुनौतीपूर्ण विषय बनेको थियो । त्यो स्थितिमा श्रमजीवी वर्गलाई समेत भ्रममा पार्न सकिने गरी साम्राज्यवादीहरुले

बाँकी ४ पेजमा

# नेपालमा कृषिक्रान्तिको कार्यदिशा



● क. एसटी ●

*१. कृषिक्रान्तिको आवश्यकता किन पर्‍यो ?*

नेपालमा हिमाल, पहाड र तराईका गाउँ/देहातका युवा पुस्ता बाबु आमाले समातेका हलो, कुटो, कोदालो समात्न छोडेर इण्डिया, मलेशिया, खाडी मुलुक, कोरिया, आदि देशहरुमा दासदासीको रुपमा श्रम बेचिरहेका थिए र छन् । सरकारी आँकडा बताउँछ कि यस्तो श्रमिकको संख्या (भारतमा बाहेक) तीस लाखको हाराहारीमा छ । यिनीहरुले पठाएको विप्रेषण (Remittance) नेपालको कुल गार्हस्थ उत्पादनको एक चौथाई भन्दा बढी (२९ प्रतिशत) रहेको थियो । राज्यको लागि नेपालको गरिबीको रेखामुनिको संख्या घटाउने यही मुख्य साधन भएको थियो । यो मुलुकको लागि हितकारी कार्यक्रम थिएन । त्यसमाथि हालको कोभिड-१९ को महामारीबाट प्रभावित भई लाखौंको संख्यामा विदेशिनु परेका युवा पुस्ताहरु रोजगारी टुटेकाले वा अन्य कारणले स्वदेश फर्केका छन् वा फर्कने क्रममा छन् जसले गर्दा विप्रेषण घट्न गयो । अब राजश्व संकलन नगर्ने हो भने राज्यको खर्च धान्न नसक्ने अवस्थामा पुग्न लागेको अर्थमन्त्रीको भनाइ सार्वजनिक भएको छ । यही कुरालाई ध्यानमा राखेर कम्युनिटीमा कोरोना भाइरस संक्रमण हुन थालेको गम्भीर अवस्थामा समेत सरकारले राजस्व असुलीको लागि लकडाउनको अन्त्य गरेको छ ।

मुलुक यो दुःखद स्थितिमा कसरी पुग्यो ? नेपालमा किसानको हक, हित, अधिकारको कुरो र कृषि विकासको कुरो उठेको वि.स. २००७ साल (सन् १९५१) को राजनीतिक परिवर्तन पछिदेखि नै हो । नेपाली काग्रेसले राणा शासन विरोधी आन्दोलनको नेतृत्व गरेको थियो भने नेपालमा किसान आन्दोलनको नेतृत्व ने.क.पा.ले गरेको थियो । वि. स. २००७-२०१४ सम्म तराई र काठमाण्डौमा सामन्ती जमिन्दारीका विरुद्ध ठूला-ठूला किसान आन्दोलन भए । आन्दोलनको दवावको कारण वि.स.२०१५को निर्वाचनपछि नेपाली काग्रेसको सरकारले बिर्ता र राज्य रजौटालाई करको दायराभित्र ल्याउने कार्यक्रम ल्याएको थियो । तर नेपालमा वि.पि. कोइरालाले नेतृत्व गरेको पार्टी भारतीय राम मनोहर लोहिया रूपको भाइचारा पार्टी थियो । त्यसै भएकोले नेपालमा काग्रेसको सरकार बनेको भारतीय सत्ताधारी नेहरु रूपलाई सह्य थिएन । लोहिया र नेहरु रूपका बीचको टक्करको कारण नेहरुले राजालाई उक्साएर (instigating) ने.का.को सरकारलाई अपदस्त गराए । काग्रेसलाई निचा देखाउन राजाले टंक प्रसाद आचार्यको अगुवाईमा एउटा भूमिसुधार आयोग (२०१८) गठन गरे, र त्यसैले दिएको सुझावको (२०१९) आधारमा वि.स. २०२१ (सम्वत १९६४) मा भूमि सुधार कार्यक्रम लागु गरे । तर त्यो कार्यक्रम मोही सुधारको सामान्य कार्यक्रम भन्दा बढी थिएन । राजाले मुलुकको शासन हत्याए पछि देश राजनीतिक विवादमा तानियो । कृषिक्रान्तिको कुरा पछि पर्‍यो ।

पञ्चायत ढलेपछि एउटा र राजतन्त्र ढले पछि दुईवटा भूमि सुधार आयोग बने, ती बुर्जुवा (राज्यले बनाएका) आयोग थिए तर ती पनि कार्यान्वयन हुन सकेनन् । अर्कोतर्फ राज्यले वि. सं. २०१३ देखि यता धेरैवटा आवधिक योजनाहरु ल्याए तर तिनले पनि भूमि र कृषिमा सुधारको सट्टा बिग्रनेतर्फ नै बढी काम गरे । विदेशी योजना र सहयोगमा ल्याइएका कृषि सुधारका गलत कार्यक्रमले नै आज यो ठाँउमा किसानलाई ल्याइपुर्‍यायो । फलतः किसानका युवा छोरा छोरीले परम्परागत खेतीपाती छोडेर विदेशिनु परेको थियो र छ, तर कोभिड-१९ले त्यसलाई पनि नाकाम गरिदिएको छ । नेपालका राजनीतिक पार्टीहरुले गर्ने किसान आन्दोलनका कुरा पनि तिनको दस्तावेजमा नै थन्किएका छन् । यी सबले गर्दा नेपालमा राज्यले गरेका कृषि र भूमि सुधारका कार्यक्रम असफल सिद्ध भएका छन् । तसर्थ मुलुकलाई कृषिमा आत्मनिर्भरताको दिशामा लैजानका लागि कृषि क्रान्तिको कार्यदिशाबारे छलफल गर्न आवश्यक पर्न गएको हो । त्यसबेलादेखि अहिलेसम्म ने.का. र वामपंथी पार्टीका दस्तावेजमा क्रान्तिकारी भूमि सुधार वा वैज्ञानिक भूमि सुधारको कुरा कुनै न कुनै रुपमा रहदै आएका थिए । अहिलेको बजेट कार्यक्रममा त्यसको उल्टो भूमि बैंकको स्थापनाको कुरो आएको छ ।

*२. समाजवाद उन्मुख कि नवउदारवादी कार्यदिशा*

भारत, चीन र नेपाल हाराहारीमा विदेशी र सामन्ती चंगुलबाट स्वतन्त्रताको दिशातर्फ अग्रसर भएका मुलुक थिए । स्वतन्त्रता प्राप्ति पछिका दिनमा चीन र भारत औद्योगिक विकासतर्फ अघि लम्किए । तिनीहरुले कृषिमा पनि तरक्की गरे । चीनमा क्रान्तिकारी भूमि व्यवस्थापनबाट कृषिमा सामुदायिकीकरण र आधुनिकीकरण गरियो भने भारतमा भूमि क्रान्ति हुन नसकेको भए पनि कृषि उत्पादन वृद्धिका लागि धेरै काम भएका छन् । तर नेपालमा बर्षेनी करीब ४ लाखको हिसाबले बजारमा आउने श्रमशक्तिको लागि नत औद्योगिक वातावरण छ न त कृषिमा नै नयाँ तरक्की । विप्रेषणले धानिएको देशमा अहिले कोभिड-१९को कारणले स्वदेश फिर्ता भई थप रोजगारी याचकहरुका निम्ति सरकारले आ.व. ०७७/७८को बजेटमा एउटा गतिलो प्याकेज कार्यक्रम समेत (कूल बजेटको ३ प्रतिशत कृषिमा) ल्याउन सकेन । समाजवाद उन्मुख भनिएको देशको सरकारले यस्तो अवस्थामा क्रान्तिकारी भूमिसुधारको कार्यक्रम ल्याएर ठुलो संख्यामा रोजगारी सृजना गरी कृषिमा तरक्की गर्नु पर्नेमा उल्टो भूमि बैंकको कार्यक्रम घोषणा गरेको छ । यो कायक्रम भनेको भूमिमा नवउदारवादी नीतिको औपचारिक प्रवेश हो । यसबाट भूमिमा कृषि श्रमिकको अधिकार नरहने र भूमाफियाको आर्थिक संरचना बनाउने कामको सुरुवात भएको छ ।

चीन र भारतले कृषि उत्पादनको क्षेत्रमा आत्मनिर्भरता हासिल गरेको देखिन्छ । त्यसको प्रमाण के हो भने खाद्यान्न, तरकारी, फलफुल, मासु जन्य पदार्थ, आदि अधिकांश भारत र चीनबाटै आउने गरेका छन् । तर नेपालको दलाल पुँजिवादी कार्यदिशाले नेपाललाई आयातकर्ता बनायो, निर्यातकर्ता बनाएन । फलतः हामी गरिब र अल्पविकसित अवस्थामा नै छौं र रहने छौं ।

*३. मुलुकले नयाँ कार्यदिशा र कार्यक्रम खोजेको छ*

नेपाल राज्यको तथ्यांकले बताउछ कि आवधिक योजना सुरु हुँदाको बखतमा नेपाल दक्षिण एसियामा नै सबैभन्दा उच्च कृषि उत्पादकत्व भएको मुलुक थियो र यसले खाद्यान्न निकासी गर्दथ्यो । वि.स. २०४०-२०५० को बीचमा यो देश एसियामा सबैभन्दा कम उत्पादकत्व भएको देशमा बदलियो र खाद्यान्न आयात गर्ने मुलुकमा परिणत भयो । हाल नेपालले बार्षिक १ लाख ४० हजार मेट्रिक टन अन्न बाहिरी देशबाट आयात गर्दछ । राजा, संसदीय पुँजीवादी प्रजातन्त्र र गणतन्त्रका हिमायती सरकारहरुबाट गरिएको झण्डै ७० बर्षको कृषि सुधारको नाममा भएको गलत कार्यनीतिको नतिजा हो यो जो अहिले नेपाली जनताले भोगिरहेका छन् ।

नेपालमा कृषि उत्पादनमा ह्रास हुने मुख्य कारणहरु ः

१) सुधारको नीति पनि राष्ट्रिय हितमा नहुनु ।

२) भ्रष्टाचार र दलाली संस्थागत हुनु ।

३) कृषिमा क्रान्तिकारी परिवर्तन गर्ने शक्तिहरुको निम्छरो स्थिति ।

नेपालले सामन्तवादी शासनको लामो कालखण्ड बेहोरेको छ । राजतन्त्र ढले पनि सामन्तवादी संरचना ढलिसकेको छैन र त्यसलाई बचाउनु पर्छ भन्ने एकथरी यथास्थितिवादी राजनीतिले अहिले पनि काम गरेकै छ । त्यसै भएकोले नेपालको सामाजिक, सास्कृतिक सामन्तवाद कृषिमा पनि जवरजस्त छ । तसर्थः मुलुकको सामाजिक संरचनामा परिवर्तनको निम्ति सामन्तवादको सामाजिक आर्थिक, सांस्कृतिक आधारमाथि जवरजस्त आक्रमण जरुरी पर्दछ । सामन्तवादका यी आधारहरु मूलतः भूमि व्यवस्थामा भर पर्दछन् । सामन्ती उत्पादन पद्धति अर्न्तगत दुई मुख्य अभिकर्ताहरु 'किसान र सामन्त' र पुँजीवादी उत्पादन पद्धतिमा 'मजदुर र पुँजीपतिवर्गको' मुलुकको जिडिपीमा अहम् भूमिका हुन्छ । यस हिसावले हेर्दा नेपालको अर्थतन्त्रमा सामन्तवाद भत्किने क्रमवाट अघि बढ्यो तर पुँजीवादमा पुग्यो भन्ने आधार छैन । यसैलाइ अर्धसामन्ती अवस्था भनियो । खेतीमा पुँजीको प्रवेश पुँजीलाई 'एक कुशल बजार केन्द्रित लाभदायक आर्थिक गतिविधि' मानेर नै हुन सक्तछ । पुँजीवाद अर्न्तगत मुख्य वर्ग सर्वहारा र पुँजीपति वर्ग हुन्छन् । अहिले पुँजीवादको विश्व नेतृत्व अमेरिकी साम्राज्यवादले गरेको छ ।

नेपालको जीवनस्तर सर्भेक्षण (2011) अनुसार करीब ६६ प्रतिशत परिवार (कृषि परिवार) भएको देखिन्छ । र त्यसमध्ये ९० प्रतिशतले आफै उत्पादन उपभोग गर्दछन्, केवल १० प्रतिशतले मात्र बजारमा आफ्नो उत्पादन बेच्छन् । उक्त १० प्रतिशतमध्ये पनि केही अर्ध-व्यवसायी र केही ठूलो मात्राको व्यवसायी खेतीतर्फ लागेका छन् । सामन्तवादको पछिलो कालमा, जब उत्पादन पुँजीवादी बजारसंग जोडिन थाल्दछ, मध्यम र निम्न मध्यम किसानहरु आफ्नो उत्पादनको एक भाग बजारमा बेच्दछन् र आफ्नो गर्जो टार्दछन् तर त्यसवाट पुनःउत्पादन कार्य हुदैन । त्यसलाई केही लेखकहरुले पुँजीवादको विकास भएको देख्ने गरेका छन् । तर बजारसंग जोडिए पनि 'अतिरिक्त मूल्य' जोड्न नसक्ने 'अर्ध ब्यवसायी' चरित्र 'निम्न पुँजीवादी' (Petty Bourgeois) चरित्र हो, पुँजीवादी होइन । नेपाल मुलुक रुपले एउटा निम्न पुँजीवादी (किसान, दस्तकार, पसल, कमजोर राष्ट्रिय पुँजीपति,'आदि) शक्तिको बहुसंख्या भएको मुलुक हो । साथै नेपालको विकास हुनु नसक्नुमा बाह्य शक्तिको दवाव रहेको छ । विश्व साम्राज्यवादको साथै भारतीय एकाधिकार पुँजीवादको दवाव पनि नेपालले बेहोर्न परेको छ । नेपाली काग्रेस पनि बोल्दा भन्दा भारतीय दवावलाई स्वीकार गर्छ तर सिद्धान्तमा व्यक्त गर्दैन । नेपालको वाम आन्दोलनमा नेपालमाथिको त्यो दवाव अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक भन्ने मान्यता रहिआएकोमा अहिले सरकारमा रहेको नेकपा (२) का पूर्व दुई घटकले २०७० साल तिरबाट नेपाल अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक नभएको भनेका र उनीहरुबाट निर्मित २०७२ सालको संविधानमा नेपाललाई समाजवाद उन्मुख राज्यको दर्जा प्रदान गरिएको छ । उनीहरुले नेपालमा पुँजिवादी क्रान्ति पुरा भएकोले शान्तिपूर्ण समाजवादको कार्यदिशा हुने बताएका छन् । तर यो प्रतिक्रियावादी राज्यसत्तामा सरकारमा जान भनिएको मिलेराँपन्थी भुठ हो, वास्तविकता होइन । वास्तवमा नेपाल 'अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक' अवस्थामा रहेको वाम आन्दोलनको स्वीकारोक्तिले यहाँको क्रान्तिको मूलभूत स्वरुप 'सामन्तवाद तथा साम्राज्यवाद/विस्तारवाद विरोधी पुँजीवादी-जनवादी' हो भन्ने ठहर गरेको छ । यसबाट स्पष्ट हुन्छ कि पुँजीवादी जनवादी क्रान्तिको कार्यदिशामा जाने कृषिक्रान्तिको पनि कार्यक्रम हामीलाई चाहियो । अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक कृषि प्रणालीको अवस्थाबाट पुँजीवादी प्रणालीमा जानका लागि निम्न कार्य गरिनु पर्छ ।

१) कृषिमा आमूल रुपान्तरणको प्रकृयामा बाधक सामन्तवादका अवशेषको रुपमा रहेको भूस्वामित्वको अन्त्य र दलाल-नोकरशाही पुँजीवादी उत्पादन सम्बन्धलाई निस्तेज गर्ने ।

२) मुलुकको कृषि, भूमि र कृषि व्यापारमाथि बहुराष्ट्रिय कम्पनिहरुको एकाधिकार स्थापित हुन रोक लगाउने ।

३) वास्तविक जोताहा किसानको जमिनमाथिको हक स्थापित गर्ने ।

४) परम्परागत प्रविधि, सिप र स्थानीय वीउ, विजनको रक्षा, प्रवर्धन र प्रयोग गर्ने ।

५) किसान संगठनलाई बलियो बनाउने ।

६) खाद्य संप्रुभताको सुरक्षा राज्यले दिने ।

७) राज्यले कृषिमा व्यावसायीकरण, विविधीकरण, विशिष्टिकरण एवं व्यापारिकरण गर्ने योजनाबद्ध कार्यक्रम लागु गर्ने ।

८) मुलुकमा उद्योग, व्यापार र सेवाका क्षेत्रको विकास गरी रोजगारी को क्षेत्र विस्तार गर्ने ।

९) राजनीतिक भ्रष्टाचार र विदेशी शक्तिको दलाली प्रवृत्तिलाई निस्तेज गर्ने ।

झण्डै ३० बर्ष अघिको यो भनाइ आज पनि सान्दर्भिक रहेको छ 'राजनीतिक इच्छाशक्ति भएको राज्य संचालकहरुको उपस्थितिको अवस्थामा पुँजीवादतिर संक्रमित हुने उद्देश्यले संसारका विभिन्न मुलुकहरुमा व्यापक अर्थमा सुधारात्मक (आमूल परिवर्तनको अर्थमा भने होइन) चरित्रका भूमि व्यवस्थामा परिवर्तनका कार्यक्रमहरु नदेखिएका होइनन् तर नेपालको राजनीतिक क्षेत्रमा आमूल परिवर्तनकारी शक्तिहरुको साक्षेप रुपमा निम्छरो स्थिति र सत्ता संर्घषको यतिवेलाको द्वन्द्वता यथास्थितिका पक्षपोषक पक्षका बीच मात्र रहेको अवस्थामा यहाँको भूमि व्यवस्थाको चरित्रमा परिवर्तनको कुनै गुन्जाइस देखिन्न' (मुरारी अर्याल,२०४९) । तसर्थ, नयाँ कृषिक्रान्ति वा प्रणाली आवश्यक भएको हो भन्ने कुरामा हामी प्रष्ट हुनु पर्दछ ।

*४. कृषि क्रान्तिको मोडल*

हामीले माथि नेपाली समाज अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक अवस्थामा रहेको प्रष्ट गरी सकेका छौं । यो अवस्थामा उत्पादनका तिनवटा विशेषता रहेका छन् ः

१) सानु स्केलको प्राथमिक उत्पादन । आम रुपमा ।

२) सानु स्केलको माल उत्पादन । तरकारी, फलफुल, आदि ।

३) बृहत स्केलको माल उत्पादन । दुध, मासु, अण्डा, आदि ।

अघिल्लो सामन्तवादको आधारशिलाको रुपमा र पछिल्लो सामन्ती अर्थतन्त्रको विघटन पछि पुँजीवादतर्फ संक्रमणको अवस्थामा रहने उत्पादन हुन् । तसर्थ हामी स्पस्ट हुनुपर्ने भनेको विद्यमान अर्ध-सामन्ती उत्पादन पद्धतिलाई निषेध नगरी औद्योगिक पुँजीवादी प्रणालीमा जान सकिदैन । त्यसका लागि बृहत् स्केलको माल उत्पादनतर्फ जाने (औद्योगिक पुँजिवाद) राज्यको अर्थराजनीतिक कार्यदिशा आवश्यक हुन्छ ।

तर नेपालको विद्यमान आर्थिक विकासको प्रवृति औद्योगिक पुँजीवादतर्फ निर्देशित छैन, बरु दलाल नोकरशाही पुँजीपति वर्गले यसलाई रोक्नेकाम गरेको छ । सामन्ती तत्वहरु यसका सहयोगी छन् । यही नै नेपालको विकासका लागि प्रमुख चुनौती हो । नेपालमा केही 'बृहद स्केलका माल उत्पादन' त छन् तर तिनले देशको न्मए मा खासै हैसियत नराख्ने कुरो माथि नै भनियो । कृषि-इतरका 'बृहद स्केलका औद्योगिक उत्पादन' गिरिजाकै पालामा समाप्त गरिएको पनि यहाँ स्मरण गर्नु सान्दर्भिक नै हुन्छ । यसले राजनीतिमा भ्रष्टता र दलालीको कुरुप नमुना प्रर्दशन गरेको थियो जो आजसम्म कायमै छ ।

*५. कसको नेतृत्वः*

हामी कम्युनिस्टहरुले औद्योगिक पुँजीवादतर्फ विकासको गतिको विरोध होइन, समर्थन गर्दछौं । तर प्रश्न छ त्यसको गन्तव्य साम्राज्यवादको हितमा छ कि राष्ट्रिय औधोगिक पुँजीवादको हितमा छ । हामीले हेर्ने त्यही हो र त्यसलाई साम्राज्यवादी (र विस्तारवादी) पञ्जाबाट बचाउने प्रयास गर्नु पर्दछ र राष्ट्रिय पुँजीवादतर्फको विकाशमा लगाउने प्रयत्न गर्नु पर्दछ । इतिहास के भन्छ भने विदेशहरुमा पुँजीपति वर्गको दवावमा राज्यले कृषिमा गरेको सुधार (From top to buttom approach) पुँजीपति वर्गको हितानुकूल भएका छन् भने नेपालमा सामन्ती सोचको (यथास्थितिवादी) राजनीति हावी भएकोले यिनीहरुबाट अन्ततः यथास्थितिवादकै (दलाल पुँजी) हितमा भएको छ र हुनेछ । (फ्रान्समा नेपोलियन बोनार्पाटले 'जमिन जोत्नेलाई' वितरण गरेका कारण किसानहरु उनको सत्ता जोगाउने आधारभूत कारण बन्यो भने अमेरीकी रक्षामन्त्री आर्थरले जापानमाथिको हस्तक्षेपलाई संस्थागत गर्न किसानलाई जमिन बाँडेका थिए । यो कुरा यसबाट पनि थाहा हुन्छ कि अहिले सम्मका सरकारहरुले प्रगतिशील भूमि सुधारको एजेन्डा, आर्थिक र सामाजिक क्रान्तिको एजेन्डा र त्यसका लागि संर्घष गर्ने जाँगर र ऊर्जा देखाउन सकेनन् । अर्थमन्त्री रामशरण महतले संसदमा प्रस्तुत गरेको २०७१-७२ को बजेट देखि हालसम्म कृषिमा गरेको पुँजीवादी खेतीको प्रावधानको प्रकृति दलाल-नोकरशाही पुँजीवादी उत्पादन सम्बन्धलाई सेवा गर्ने खालको छ । ओली सरकारको अर्थमन्त्रीले पनि त्यसैलाई निरन्तरता दिएका छन् । यसले अन्ततोगत्वा साम्राज्यवादी शक्तिकै पक्षपोषण गरेको छ र गर्नेछ । यिनीहरुबाट नेपालको अर्ध-सामन्ती तथा अर्ध-औपनिवेशिक स्थिति खतम भई राष्ट्रिय पुँजीवादी (जनवादी) अर्थतन्त्रको निर्माणद्वारा समाजवादी संक्रमणको पृष्ठभूमि तयार गर्ने व्यवस्था हुन सक्तैन । त्यसैले यहाँ सर्वहारा वर्गको नेतृत्व तथा मजदुर किसानहरुको सुदृढ एकता निमार्णको आवश्यकता छ जो गरिव, किसान र श्रमजीवी जनतामैत्री होओस् र राष्ट्रिय पुँजीवादी संरचनाको विकास र सदृढीकरणबाट सामन्तवाद र विदेशी एकाधिकार पुँजीवादको ऐँयचभष्नल ःयलयउयथि अबउष्तबष्कि० आर्थिक मेरुदण्डमाथि आघात पुर्‍याई विकल्प वन्न सकोस् ।

नेकपा क्रान्तिकारी माओवादीले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि सहरी क्षेत्रलाई अग्रभाग र ग्रामीण क्षेत्रलाई आधारभाग मानेर सशस्त्र जनविद्रोहको राजनीतिक कार्यदिशा अख्तियार गरेको छ र कृषिक्रान्तिलाई नयाँ जनवादी क्रान्तिको मेरुदण्ड मानेको छ ।

*साभार : नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय मुखपत्र, पूर्णाङ्क १५, भाद्र २०७७*

**नेपालमा सामन्ती सोचको (यथास्थितिवादी) राजनीति हावी भएकोले यिनीहरुबाट अन्ततः यथास्थितिवादकै (दलाल पुँजी) हितमा भएको छ र हुनेछ । (फ्रान्समा नेपोलियन बोनार्पाटले 'जमिन जोत्नेलाई' वितरण गरेका कारण किसानहरु उनको सत्ता जोगाउने आधारभूत कारण बन्यो भने अमेरीकी रक्षामन्त्री आर्थरले जापानमाथिको हस्तक्षेपलाई संस्थागत गर्न किसानलाई जमिन बाँडेका थिए । यो कुरा यसबाट पनि थाहा हुन्छ कि अहिले सम्मका सरकारहरुले प्रगतिशील भूमि सुधारको एजेन्डा, आर्थिक र सामाजिक क्रान्तिको एजेन्डा र त्यसका लागि संर्घष गर्ने जाँगर र ऊर्जा देखाउन सकेनन्**

## नवउदारवाद...

किन्सको पुँजीवादी मोडेलभित्र वैज्ञानिक समाजवादका कतिपय आर्थिक कार्यक्रमहरु समावेश गरेर पुँजीवादको नयाँ मोडेल अगाडि सारे। त्यो मोडेललाई कल्याणकारी पुँजीवाद, किन्सियन पुँजीवाद, राज्य-प्रशासित पुँजीवाद अथवा मिश्रित अर्थतन्त्र पनि भन्ने गरिन्छ। दोस्रो विश्वयुद्ध पछि एकाधिकार पुँजीवादले कल्याणकारी पुँजीवादको नयाँ रुप लिएर अगाडि आयो।

***कल्याणकारी पुँजीवाद***

बुर्जुवाहरुले कल्याणकारी पुँजीवादलाई पुँजीवादको चक्रीय सङ्कट टार्ने, सबैतिर उत्पादक शक्तिको समान विकास गर्ने, सम्पत्तिको न्यायसङ्गत वितरण गर्ने र समाजलाई धनी र गरिबका बीचमा हुने ध्रुवीकरणबाट बचाउन सक्ने एउटा अचुक हतियारका रुपमा अगाडि सारेका थिए। यसले सुरुमा केही सकारात्मक परिणाम पनि ल्याएको थियो।

दोस्रो विश्वयुद्ध पछिको करिब २५ वर्षको अवधि अमेरिकाका लागि एउटा सुनौलो युग थियो। उद्योग, कृषि, ऊर्जा, सडक, रेलवेज, एयरलाइन्स लगायतका प्रमुख आर्थिक क्षेत्रहरुमा राज्यको नियन्त्रणस २० देखि ९१ प्रतिशत सम्मको आयकर निर्धारणस ट्रेड युनियन सङ्गठनहरुको व्यापक विस्तारस निःशुल्क शिक्षा तथा सस्तो उपचारको व्यवस्था आदिका कारण अमेरिकी अर्थतन्त्र सप्रिएको थियो। ट्रेड युनियनहरु मार्फत् पुँजीपतिसँग सौदावाजी गर्ने सामर्थ्य बढेकोले मजदुरहरुले पनि सापेक्ष रुपमा राम्रो सुविधा पाउँथे। यसका पछाडि रुस र चीन जस्ता देशका समाजवादी कार्यक्रमको प्रभाव परेको कुरा पनि सहजै बुझ्न सकिन्छ। त्यति बेला अमेरिका मात्र होइन विश्वका प्रायः सबै पुँजीवादी देशहरु आर्थिक स्थिति सुध्रिएको थियो।

यो स्थितिमा साम्राज्यवादी शासकहरुको वाह्य सम्बन्ध र शोषणको रुप केही बदलियो। उत्पीडित देशका सरकारहरुसँग सन्धि संझौताहरु गरी साम्राज्यवादीहरुले आफ्नो हैकम विस्तार गर्न थाले। यो प्रक्रियामा पहिलेका उपनिवेशहरु मात्र होइन अन्य अल्पविकशित देशहरु पनि नव-उपनिवेशमा बदलिए। फरक के मात्र भयो भने पहिलेका उपनिवेशहरु कुनै एउटा खास साम्राज्यवादी देशको प्रत्यक्ष अधीनमा हुन्थे, औपनिवेशिक युगको अन्त्य पछि एउटा अल्पविकसित देशले एकैचोटी धेरै साम्राज्यवादी शासकहरुको हैकम बेहोर्नुपर्ने भयो। रुपमा स्वतन्त्र जस्तो देखिने तर सारमा पराधीन हुने नव-उपनिवेशको विशेषता हो। बाह्य उत्पीडनको यो रुप अहिलेसम्म पनि कायम छ।

नव-औपनिवेशिक कालको सुरुतिर साम्राज्यवादी देशहरुले थोरै आर्थिक अनुदान र धेरै ऋण लगानी गरेर अविकसित देशहरुलाई आफ्नो प्रभावमा पार्दथे। त्यस्तो लगानी शिक्षा, स्वास्थ्य, कृषि जस्ता जनसरोकारका विषय र बाटो, पुल, उद्योग जस्ता भौतिक पूर्वाधार निर्माणमा गरिन्थ्यो। केही वर्षपछि ती सम्बन्धित सरकारको स्वामित्वमा हस्तान्तरण हुन्थे। त्यो वस्तुतः साम्राज्यवाद र घरेलु प्रतिक्रियावादका बीचको गठबन्धनबाट उत्पीडित देशमा हुने नोकरशाही पुँजीवादको विकासको एउटा प्रक्रिया थियो। शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा राज्यको लगानी र नियन्त्रण बढी हुने र जनतामा त्यसको भार केही कम पर्ने हुनाले त्यो पुँजीवादको बाहिरी रुप जनपक्षीय जस्तो देखिन्थ्यो। परन्तु, सारमा नोकरशाही पुँजीवाद प्रगतिशील थिएन। त्यो प्रतिक्रियावादी नै थियो, किनभने त्यो राष्ट्रिय पुँजीको विरुद्ध थियो। यो आजका लागि पनि सत्य हहो। यसबारे माओले स्पष्ट पार्नु भएको छ।

अन्तर्विरोधहरु चर्किनु र त्यसले नयाँ-नयाँ सङ्कटहरु निम्त्याउँदै जानु पुँजीवादका आफ्नै विशेषता हुन्। त्यसैको परिणाम स्वरुप ७०को दशकको सुरुमै अमेरिकी अर्थतन्त्रमा अर्को एउटा भयानक सङ्कट देखा पर्‍यो। त्यसका पछाडि मुख्यतः तीनवटा निमित्त कारणहरु थिए – एक, ब्रेटन वुड्स सम्झौता पछि विश्वभर डलरको मागमा अनपेक्षित बृद्धि दुई, डलरको बाहिरी प्रवाहलाई रोक्न अमेरिकी रिजर्भ ब्यैङ्कले ब्याजदरमा गरेको अत्यधिक बृद्धि र तीन, कच्चा तेलको साविकको मूल्यमा चार गुनासम्मको बृद्धि। अमेरिकाबाट सुरुभएको सङ्कट बेलायत, क्यानाडा, अस्ट्रेलिया र पश्चिमी युरोपका देशहरु हुँदै विश्वभरि फैलियो। फलतः विश्व अर्थतन्त्र पुरै तहसनहस भयो। यहाँसम्म आइपुग्दा कल्याणकारी पुँजीवादले पनि पुँजीवादको सङ्कट टार्न सकेन, आफै असफल भयो। यो स्थितिमा किन्सको मिश्रित अर्थतन्त्रको विरोध र शास्त्रीय पुँजीवादको गर्भबाट एकाधिकार पुँजीवादले अर्को रुप धारण गरेर अगाडि आयो। त्यसलाई नवउदारवादी पुँजीवाद भनिन्छ।

***नवउदारवादी पुँजीवाद***

फ्रेडरिक हायक लगायतका अर्थशास्त्रीहरुले नवउदारवादको वैचारिक पक्षको प्रस्ताव गरेका थिए। त्यसैका आधारमा तत्कालीन अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन र बेलायती प्रधानमन्त्री मार्गारिट थ्याचरले अविकसित र अल्पविकसित देशहरुको अर्थतन्त्रलाई माथि उठाउने नाममा नवउदारवादको मोडेललाई अगाडि सारे। १९८०को सुरुमा अमेरिकी सरकार, अन्तर्राष्ट्रिय मुद्राकोष र विश्व बैङ्कका बीचमा एउटा सहमति भयो। त्यसमा बहुराष्ट्रिय कम्पनीहरु मार्फत् अन्य कुनै देशमा लगानी भित्र्याउँदा सम्बन्धित देशले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गरिएका थिए। पछि १९८९मा वेलायती अर्थशास्त्री जोहन विलियमशनले सो सहमतिलाई वाशिङ्टन सहमति नामाकरण गरी त्यसले अगाडि सारेका शर्तहरुलाई दशवटा बुँदामा सूत्रबद्ध गरे। तिनीहरुको सार निम्नानुसार रहेको छ।

एक, राज्यले अन्तर्राष्ट्रिय मुद्राकोष र विश्वबैङ्कले निर्धारण गरेका वित्तीय अनुशासनलाई स्वीकार्नु पर्दछ। दुई, कम्पनीको आवश्यकता अनुसार सार्वजनिक खर्चको प्राथमिकतामा पुनः मिलान गर्नु पर्दछ। तीन, बजारको विस्तारका लागि कर प्रणालीमा सुधार गर्नु पर्दछ। चार, ब्याजदर तोक्ने जिम्मा बजारलाई दिनु पर्दछ। पाँच, मुद्राको विनिमय दर निर्धारण गर्ने जिम्मा बजारलाई छाड्नु पर्दछ। छ, आयातमा लगाइएका सबै खाले प्रतिवन्ध हटाउने र थोरै सीमा शुल्क लगाउने व्यवस्था गर्नु पर्दछ। सात, कम्पनीहरुले लगानी गर्न चाहेको ठाउँमा कानुनी बाधा अड्चन भए त्यसलाई फुकाइदिनु पर्दछ। आठ, राज्यको मातहत रहेका सबै खाले उद्योगहरुलाई निजीकरण गर्नु पर्दछ। नौ, बाह्य प्रतिस्पर्धाको अवरोध गर्ने सबै नियम-कानुनहरु खारेज गर्नु पर्दछ। र दश, कम्पनीले गरेको मुनाफामा थोरै मात्र आयकर लगाउने र त्यसलाई अनौपचारिक क्षेत्रका लागि उपलव्ध गराउने व्यवस्था मिलाइ दिनु पर्दछ। यी लगानी भित्र्याउने राज्यले पुरागर्नु पर्ने दायित्व हुन्।

यसरी वाशिङ्गटन सहमतिले नवउदारवादको प्रतिक्रियावादी चरित्र स्पष्ट गर्दछ। नवउदारवादले बजारलाई राज्यले होइन राज्यलाई बजारले परिचालन र नियन्त्रण गर्ने ठाउँमा पुर्‍याएको छ। शासकहरु यी शर्तका आधारमा विदेशी पुँजी भित्र्याएर राष्ट्रिय पुँजी ध्वस्तगर्ने र बहुराष्ट्रिय कम्पनीको कलो खाएर बाँच्ने विचौलिया दलाल बनेका छन्। यसरी उदारीकरण, निजीकरण र भूमण्डलीकरण साम्राज्यवादीहरुले अविकसित र अल्पविकसित देशहरुमा बहुराष्ट्रिय कम्पनीहरुका लागि निर्वाध लुटको बाटो खोल्ने र ती देशको राष्ट्रिय पुँजीलाई ध्वस्त पार्ने अर्थराजनैतिक अश्त्रहरु हुन्।

***२००७-२००९को आर्थिक सङ्कट***

वाशिङ्टन सहमति पछि बहुराष्ट्रिय कम्पनीहरुले बाह्य लगानीबाट अथाह सम्पत्ति कमाए तर त्यो सम्पत्ति आ-आफ्ना देशका बैङ्कहरुमा थुप्रियो। त्यस्तो सबैभन्दा बढी अमेरिकामा हुन गयो। मुद्रा जतिधैरै चलायमान भयो त्यसले त्यतिधैरै काम गर्ने हो। बैङ्कमा थुप्रिएर बसेको पैसाले काम गर्दैन। बैङ्कको पैसा तलझार्न अर्थात् मुद्रामा तरलता पैदागर्न अमेरिकाको फेडेरल रिजर्भ बैङ्कले ब्याजदरलाई ह्वात्तै घटाइ दियो, फलतः ऋण निकै सस्तो भयो। यही मौकामा घरजग्गाका कारोवारीहरुले बैङ्कबाट सस्तो ऋण लिई आवासीय भवन निर्माणमा लगानी गर्न थाले। पछि, बैङ्कहरुमा सञ्चिति कम हुन थालेपछि निक्षेपलाई आकर्षित गर्न फेडेरल रिजर्भ बैङ्कले फेरि ब्याजदर बढाइदियो। आर्थिक स्थिति खस्किँदै गएको मध्यम वर्ग बैङ्कबाट महङ्गो ब्याजमा ऋण लिएर अपार्टमेन्टका फ्ल्याटहरु खरिदगर्न सक्ने स्थितिमा रहेन। फलतः फ्ल्याटहरु विक्री भएनन्, दलालहरुले ऋण तिर्न सकेनन् र बैङ्कहरु टाट पल्टिए। यसरी अमेरिकामा आर्थिक सङ्कट आयो। त्यो सङ्कट संसारभरि विस्तार भएर विश्व अर्थतन्त्रनै तहसनहस भयो। यसलाई २००८को महामन्दी भन्ने गरिन्छ।

***कोभिड-१९पूर्व विश्वको आर्थिक अवस्था***

२००७बाट सुरुभएको आर्थिक सङ्कट २००९मा समाप्त भएको घोषणा त गरियो, तर विश्व अर्थतन्त्रले गति लिन सकेको थिएन। अर्थशास्त्रीहरुले २०१५ तिर पुग्दा नपुग्दा अर्को झन ठुलो सङ्कट छिटै आउन सक्ने आँकलन गरिसकेका थिए। २०१९को सुरुदेखि नै विश्वका धनी भनिने देशहरुको अर्थतन्त्र ओरालो लागेको थियो र २०२०को फेब्रुवरीसम्म आइपुग्दा त त्यो सङ्कट गंभीर बनिसकेको थियो।

पहिला, सवैभन्दा ठुलो अर्थतन्त्र अमेरिकाकै कुरा गरौं। त्यहाँको अर्थतन्त्र कोभिड-१९ महामारी सुरु हुनुभन्दा पहिले नै ४.८ प्रतिशतले खुम्चिसकेको थियो। २०२० मार्चको मध्यतिर पुग्दा नपुग्दा अमेरिकाले अर्थतन्त्र बचाउन व्याजदर शून्य प्रतिशतमा झारेको र राहत प्याकेज स्वरुप पहिलो पटक ७०० अरव डलर र दोस्रो पटक ३० खरव डलर बराबरको कोष स्थापना गरेको थियो। यो लकडाउन पूर्वको कुरा हो। त्यति बेलासम्म त्यहाँ महामारीको खासै प्रभाव परिसकेको थिएन, देशभरि सङ्क्रमितहरु जम्मा ३,६२१ जनामात्र थिए।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको देश चीन हो। चीनमा पनि अर्थतन्त्र पहिलेकै जस्तो मजबुत थिएन, आर्थिक बृद्धिदर गएको ३० वर्ष यताकै कम ६.१ प्रतिशतमा झरेको थियो। विश्वको तेस्रो ठूलो जापानको अर्थतन्त्र २०१९को अन्ततिर आइपुग्दा ७.१ प्रतिशतले घटेको थियो। त्यहाँ पनि पहिल्यै बैङ्कको व्याजदर शून्यभन्दा कम गराइएको थियो। त्यसरी नै २०२०को पहिलो त्रैमासिक अवधिदेखि युरोपको अर्थतन्त्र ३.५ प्रतिशतले ओह्रालो लागिसकेको थियो। जर्मनीको अर्थतन्त्र २ प्रतिशत, फ्रान्सको ५.८ प्रतिशत, स्पेनको ५.२ प्रतिशत र वेलायतको २ प्रतिशतले खुम्चिइसकेका थिए। मार्चको मध्यतिर आइपुग्दा बैङ्कको व्याजदर स्विट्जरल्याण्डमा –०.७५ प्रतिशत, डेन्मार्कमा –०.६ प्रतिशतमा झारिएको थियो भने युरोपियन केन्द्रीय बैङ्कले त २०१९को सेप्टेम्बर मै व्याजदर घटाएर –०.५ प्रतिशत तोकिसकेको थियो। बैङ्कहरु ऋण लिए वापत केही रकम थप दिएर ग्राहकहरु खोज्नु पर्ने स्थितिमा पुगेका थिए। अत्यन्त कमजोर विश्व अर्थतन्त्र दुर्घटनाको नजिक थियो।

अर्कोतिर विश्व अर्थतन्त्रलाई तुरुन्त प्रभाव पार्ने वस्तु पेट्रोलियम पदार्थ हो। फेब्रुवरी १८मा ५६.६८ डलर प्रति ब्यारल रहेको कच्चा तेलको मूल्य घटेर मार्च १६ मा पुग्दा प्रति ब्यारल ३०.६३ डलर पुगेको थियो। यो २००३ देखि यताकै सबैभन्दा कम मूल्य हो। स्पष्ट छ, यी सबै आँकडा लकडाउन गर्नुभन्दा पहिलेका हुन्।

पुँजीवादको अर्को एउटा विशेषता समाजमा आर्थिक असमानताको बृद्धि हो। २००८को सङ्कट पछि यो प्रवृत्ति झनै बढेर गएको छ। २०१९मा विश्वका सबैभन्दा धनी १० जना अरवपतिहरु मध्ये ६ जना अमेरिकाका नागरिक थिए र ती ६ जनाको एकमुस्ट सम्पत्ति ५१२.३ अरब डलर थियो। जव कि २०१०मा ती ६ जनाको एकमुस्ट सम्पत्ति १६१.८ अरव डलर थियो। यसरी जम्मा ९ वर्षको अन्तरमा ती ६ जनाको सम्पत्ति ३५०.५ अरव डलरले बढ्यो अर्थात् २१७ प्रतिशत बृद्धि भयो। अर्कोतिर, बाँकी ४ जना सबभन्दा धनी अरवपति मध्ये फ्रान्स, स्पेन, मेक्सिको र भारतका गरी एकएक जना थिए। २०१०मा उनीहरुको एकमुस्ट सम्पत्ति १३५ अरव डलर थियो जव कि २०१९मा त्यो बढेर ३१०.२ अरव डलर पुग्यो अर्थात् १३० प्रतिशतले बृद्धि भयो। आर्थिक असमानताको यो प्रवृत्ति विश्वभरि बढ्दो छ र अमेरिकामा सबभन्दा बढी छ। यसरी विश्वमा माथिल्लो तहका धनाढ्यहरु दिन गनेर धनी हुँदैछन् र गरिब तथा मध्यम वर्ग क्रमशः तल खस्किँदै गएका छन्।

यसरी कोभिड-१९ पूर्वको विश्व अर्थतन्त्र महामारी आएको वा नआएको जे भए पनि गंभीर सङ्कटतर्फ उन्मूख थियो। महामारीका कारणले वर्तमान सङ्कट आएको हो भन्ने कुरा नितान्त गलत हो। मात्र यसले सङ्कटको प्रक्रियालाई ज्यामितीय ढङ्गले बढायो।

***महामारी पछिको सङ्कट***

यतिबेला पुरा विश्वलाई कोभिड-१९ महामारीले लपेटेको छ। महामारीबाट बच्नका लागि लकडाउन गर्नु पर्ने र लकडाउनले विश्वभरि नै अर्थतन्त्र ध्वस्त हुने, अर्थात जीवन कि अर्थतन्त्र – यो कोभिड-१९ले पैदा गरेको अन्तर्विरोध हो। यसको समाधान भाइरसको खोप भन्दा बाहेक अन्य कुनै विधिबाट संभव छैन र अहिलेसम्म खोप पत्ता लागेको छैन। केही देशले दावी गरेका छन् तर त्यो प्रमाणित हुनै बाँकी छ। छिटै भयो भने पनि २०२० भित्र त्यसको उत्पादन बजारमा पुग्ने संभावना निकै कम छ। यसरी कम्तिमा आउने ८/१० महिनासम्म विश्व कोभिड-१९बाट उम्किन सक्ने अवस्थामा देखिंदैन। औषधि पत्ता नलागे त झन कुरा अर्कै भयो। यो एउटा डरलाग्दो यथार्थ हो।

यसै सन्दर्भमा अमेरिकी जासुसी संस्था सिआइए र पेन्टागनका पूर्व आर्थिक सल्लाहकार जिम रिकार्ड्सले यही अप्रिलमा '२०२० को महामन्दी' शीर्षक दिएर एउटा कार्यपत्र तयार पारेका छन्। त्यसमा महामारी पछिको संभावित चित्रलाई पाँच बुँदामा व्याख्या गरिएको छ। ती पाँच बुँदालाई रेडस्पार्कमा प्रकाशित एउटा लेखमा कोवाद गान्धीले निम्नानुसार संश्लेषण गरेका छन्।

'पहिलो, महामन्दीले ठुलो वेरोजगरी ल्याउने छ, ५० प्रतिशत कामहरु खतरामा पर्ने छन्। जनता लकडाउन र आइसोलेसनमा हुने भएका कारण वेरोजगार हुने छन्, उनीहरुको क्रय क्षमता समाप्त हुने छ र बजारमा मालको माग नै हुने छैन। इतिहासमा पहिलो चोटी माग र आपूर्तिमा धक्का लाग्ने छ। यो सङ्कट १९३० र २००९ को जस्तो आर्थिक कारणले सुरु भएको नहुनाले लामो समयसम्म अर्थतन्त्रलाई जोगाउन ब्याज घटाउने र तरलता बढाउने जस्ता कुरा त्यति प्रभावकारी हुने छैनन्। दोस्रो, मालको माग नहुने र आपूर्ति पनि नहुने हुनाले आर्थिक बजार धराशायी हुने छ। तेस्रो, जनताले ऋणतिर्न नसक्ने स्थिति भएपछि यसको प्रभाव जग्गा कारोवारमा विस्तार हुनेछ र तिनीहरुको १६० खरव डलरको बजार पनि ध्वस्त हुनेछ। चौथो, उद्योगहरु चौपट हुने छन् र जनताले ऋण तिर्न नसकेर बैङ्किङ् उद्योग टाटपल्टिने छ। पाँच, हाम्रो समाज र विधिको शासन पूर्णत समाप्त हुनेछ। सेनाभित्र, सैन्य शासनका बारे फाट्टफुट्ट रुपमा गोप्य सल्लाह चल्न थालिसकेका छन्।' यहाँ लकडाउनले ल्याउन सक्ने सबैभन्दा खराव स्थितिको आँकलन गरिएको छ।

महामारी कहाँसम्म जाने हो र भोलि त्यसले निम्त्याउने चुनौतीहरु के कस्ता हुने हुन् अहिले नै ठोकुवा गरेर भन्न सकिन्न। तर, रिकार्ड्सले महामारी पछिको जुन भयावह चित्रको संभावित आँकलन गरेका छन्, त्यो मनोगत छैन। त्यसलाई पुष्टि गर्ने वस्तुगत आधारहरु छन्। महामारी आएको वा नआएको जे भए पनि आर्थिक सङ्कटको आगो त पहिल्यैदेखि नै भित्रभित्रै सल्किइरहेको रहेको थियो तर, फरक के हुन गयो भने यो महामारीले सङ्कटको आयामलाई एक्कासी कैयौं गुना बढाइदिएको छ। महामारी पछिको सङ्कट विश्वभरिनै अहिले भन्दा पनि झनै भयावह हुने कुरा निश्चित छ।

***उपसंहार***

पुँजीवाद आफ्नै अन्तर्निहित अन्तर्विरोधका कारण जन्मदेखि नै गम्भीर सङ्कटहरु पारगर्दै यहाँसम्म आएको छ। पहिल्यैदेखि विश्वभरि विष्फोटक बन्दै गइराखेको आर्थिक सङ्कट कोभिड-१९ महामारी पछि बहुआयामिक र गुणात्मक हुन गएको छ। यो महामारी नियन्त्रणमा नआउँदासम्म स्वास्थ्य सङ्कट अरु गहिरिँदै जाने कुरा पनि निश्चित छ। यो कहाँसम्म पुग्ने हो, त्यसको टुङ्गो छैन।

करिब छ महिनाको लकडाउनपछि विश्वको आर्थिक बृद्धिदर ओरालो लागेको छ। अमेरिकाको आर्थिक बृद्धिदर –६.१, युरोपको –९.१, एशियाको –२.८ र अफ्रिकाको –२.८ प्रतिशतमा झरेका छन्। यी अन्तर्राष्ट्रिय मुद्रकोषले गत जुन महिनाको आर्थिक स्थितिका आधारमा निर्धारण गरेका आँकडा हुन्। जुन पछि पनि स्थिति धेरै बिग्रिएको छ र महामारी तथा लकडाउन अरु कति महिना लम्बिने हुन् अनुमान गर्न सकिन्न। यति भन्न सकिन्छ, महामारी जति लामो हुन्छ आर्थिक सङ्कट पनि त्यतिनै गंभीर हुँदै जानेछ। यदि यो स्वास्थ्य सङ्कट अरु ६ महिना लम्बिने हो भने उद्योग, सेवा लगायत उत्पादनका प्रायः सबै क्षेत्रहरु धराशायी हुने छन्, वेरोजगारी तथा भोकमरी अकल्पनीय अवस्थामा पुग्ने छन्।

[Source;\ फलतः आउने दिनहरु जतातते अभाव, भोकमरी, आक्रोस र विद्रोहका दिन हुने छन्। यस प्रकारको स्थितिले आर्थिक र स्वास्थ्य सङ्कट मात्र होइन विश्वभरि गंभीर राजनीतिक सङ्कट पनि निम्त्याउने छ। सुधारको जति राम्रो लेपन लगाउन कोशिस गरेपनि आउने सङ्कटलाई टार्न नवउदारवादी पुँजीवाद र त्यसले अवलम्बन गरेको संसदीय व्यवस्था कदापि सफल हुने छैनन्। तथ्यहरुले के कुरा पुष्टि गर्दैछन् भने, फुकुयामाले भने जस्तो साम्यवादको होइन, बरु पुँजीवादको इतिहासको अन्त्य अव त्यति धेरै टाढा छैन। पुँजीवादको विकल्प वैज्ञानिक समाजवाद हो। वैज्ञानिक समाजवाद आजको वस्तुगत आवश्यकता बनिसकेको छ र यसको भविष्य उज्ज्वल छ। तसर्थ वर्तमान चौतर्फी सङ्कटलाई समाजवादी क्रान्तिमा बदल्नका निमित्त यति बेला संसार भरि नै सम्पूर्ण क्रान्तिकारीहरुलाई एकतावद्ध गर्नु र क्रान्तिको योजनावद्ध विकास गर्नु सच्चा कम्युनिस्टहरुको दायित्व हो।

*साभार : नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय मुखपत्र, पूर्णाङ्क १५, भाद्र २०७७*

## २१ दलीय...

एकताको अपरिहार्यतामाथि जोड दिनुभएको छ।

१.नेकपा (मसाल) २. नेकपा (क्रान्तिकारी माओवादी), ३. नेकपा (माले), ४. राष्ट्रिय जनमोर्चा, नेपाल, ५. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ६. नेपाल कम्युनिस्ट पार्टी, ७. नेकपा (माओवादी केन्द्र), ८. राष्ट्रिय जागरण मञ्च, ९. जनसमाजवादी पार्टी, १०. नेकपा (संयुक्त), ११. राष्ट्रिय जागरण परिषद्, नेपाल १२. वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, १३. नेकपा (बोल्शेविक), १४. राष्ट्रवादी केन्द्र, नेपाल, १५. एम.सी.सी. खारेज अभियान, १६. पुष्पलाल अध्ययन समाज, १७. सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी), १८. मार्क्सवादी एकता अभियान, १९. नेकपा (मार्क्सवादी), २०. नेकपा मार्क्सवादी (पुष्पलाल) र २१. ने.क.पा. (माओवादी)ले कार्यगत एकता गरेका छन्।

ओली सरकार आफैले जारी गरेको लिम्पियाधुरासहितको राजनीतिक तथा प्रशासनिक नक्सा अनुसारको भूमि भारतीय कब्जाबाट फिर्ता गराउनका लागि भारतीय शासकसँग ठोस पहल गर्नुको साटो उक्त भूमि फिर्ताका ठोस पहल गर्न सडकबाट दबाब दिइरहेका सच्चा देशभक्त तथा कम्युनिस्ट क्रान्तिकारीमाथि दमनचक्र चलाउने मुर्खता गरिरहेको छ। त्यसमाथि ओली सरकार यतिसम्म राष्ट्रिय आत्मसमर्पणवादी देखिएको छ कि नेपालले नयाँ राजनीतिक नक्सा सदनबाट पारित गर्दै गर्दा नेपालको सार्वभौमिकताका विरुद्ध विवादास्पद अभिव्यक्ति दिएका भारतीय स्थल सेनाध्यक्ष मनोज मुकुन्द नारावाणेलाई नेपाली सेनाको प्रधानसेनापतिको मानार्थ पदवी प्रदान गर्ने तयारीमा लागेको छ। कार्तिकको दोस्रो साता नारावाणेको नेपाल भ्रमणको तयारी नेपाली सेनाले गरिरहेको छ। र, नारावाणेले राष्ट्रपति, प्रधानमन्त्री लगायत महत्वपूर्ण राजनीतिक भेटघाट समेत गर्ने कार्यतालिका रहेको बुझिएको छ।

नेपालले नक्सा जारी गरेपछि अहिले पनि लिम्पियाधुरा, लिपुलेक, कालापानी क्षेत्र भारतले आफ्नो भएको दाबी गरिरहेको छ र लिपुलेक तथा कालापानी क्षेत्रमा भौतिक संरचनाहरु निर्माण गरिरहेको छ। देशैभर हजारौ हेक्टर जमिनमा कब्जा जमाएको भारतसँग नेपालका शासकहरुले उक्त कब्जा जमिन फिर्ताको लागि कुनै ठोस पहल गरेको छैन। मुद्दालाई अन्तर्राष्ट्रियकरण गरेर सबै ऐतिहासिक तथ्य र प्रमाणका आधारमा भारतीय शासकलाई वार्ताका लागि दबाब सिर्जना गनुपर्ने स्थितिमा ओली सरकारले भारतीय शासकवर्गसँग घुँडा टेक्न पुगेको छ। नक्सा अनुसारको भूमि फिर्ताको विषयलाई सुदुरतर्फ धकेलिदिएको छ। राष्ट्रिय स्वाधीनताको रक्षाका लागि आवाज उठाउँदै आएका र संघर्ष गर्दै आएका शक्तिहरुलाई दमन गर्ने धम्की दिएर विस्तारवादी शासकहरुलाई खुशी पार्ने काममा दलाल शासकहरु लागिरहेको राजनीतिक टिप्पणीहरु भइरहेका छन्। राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरुलाई लिएर सडक संघर्षमा उत्रेका सच्चा देशभक्त तथा कम्युनिस्ट क्रान्तिकारीहरुलाई दमन उत्रिए सडकबाटै उनीहरुले सशक्त प्रतिरोध गर्ने र दमन र प्रतिरोधकै बीचबाट ओली सरकारका साथै दलाल संसदीय व्यवस्था ध्वस्त हुने र मुलुकमा संघीय जनगणतन्त्रमा आधारित देशभक्त तथा क्रान्तिकारीहरुको सरकार निर्माण हुने २१ दलीय मोर्चाका नेताहरुले बताउँदै आएका छन्।

**यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

**रोयल बुईपा A/C जम्बो हाईस**




**गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म**

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

**दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस्।**

# कोभिड-१९ महामारी र यसको नेपाली अर्थतन्त्रमा प्रभाव



● क. प्रतीक ●

**कोभिड-१९ ले विश्वभर राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्र भित्रका विभिन्न अन्तरविरोधलाई अझै विस्फोटक बनाउने दिशामा एक उत्प्रेरकको काम गरेको छ । राजनीतिक अर्थशास्त्रका हिसाबले विभिन्न देश र संसारलाई समग्रतामा विश्लेषण र नयाँ किसिमको समाधानमूलक संश्लेषण तर्फ घचघच्याएको छ । विभिन्न देशका सरकार र व्यवस्थाको वास्तविक चरित्रलाई उदाङ्ग्याइ दिएको छ । संयुक्त राज्य अमेरिकाले चीनसँगको अन्तरविरोधलाई थप पेचिलो र आक्रमक बनाएको छ**

चीनको आठौं ठुलो शहर वुहानबाट नोभेम्बर २०१९ देखि सुरु भएको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणले विश्वव्यापी रूपमा महामारीको रूप लिएको छ। अहिले युरोप, अमेरिका, अफ्रिका महादेश हुँदै एशिया र प्रशान्त क्षेत्र लगायत संसार भरका २१५ मुलुकहरूमा संक्रमण फैलिइसकेको छ। मार्च २०२० देखि नेपालमा पनि कोभिड-१९ देखा पऱ्यो । सरकारी लापरवाहीका कारण यसको समूहगत रूपमा संक्रमण भै भयावह रूप लिदैछ। यसले मानव जातिकै संरक्षण र विकाशमा ठूलो चुनौती खडा गरेको छ। सबभन्दा बढी संक्रमित संयुक्त राज्य अमेरिका र त्यसपछि क्रमशः ब्राजिल, भारत र रुस लगायतका देशहरूमा दिनानुदिन तीव्र गतिमा संक्रमितहरू थपिंदै गएका छन् र त्यही अनुपातमा मृतकहरूको संख्या पनि बृद्धि भइरहेको छ।

यस अघिका भाइरस जिका भाइरस, पोलियो, रुवेला आदिमा पनि विश्व स्वास्थ्य संगठन (ध्ाुज्ाुइा) ले स्वास्थ्य संकटकाल लगाएको थियो। तर त्यो यो स्तरको नभएको विश्व स्वास्थ्य संगठनका प्रमुख रेड्रोस अधानम गेब्रेयससले बताएका छन्। यसले व्यक्ति, समुदाय र राष्ट्रलाई एक साथ अलग्याइ दिएको छ। कोभिड-१९ ले मानिसलाई बढी असामाजिक र अव्यवहारिक पनि बनाउँदै लगेको छ। खोप र औषधि पत्ता नलाग्दासम्म मानव जाति कोभिड-१९ सँगै जनजीविका चलाउन र अन्य गतिविधि सहित बाँच्न उच्च स्वास्थ्य सतर्कता साथ नयाँ ढंगले परिचालित हुन आवश्यक देखिन्छ। यद्यपि खोप र औषधिको अनुसंधानमा वैज्ञानिकहरू विश्वव्यापी रूपमा लागि सकेका छन् तर त्यो अझै सफल हुन सकेको छैन। कोभिड-१९ को नियन्त्रणबारे प्रयास।

कोभिड-१९ ले विभिन्न वर्ग, लिङ्ग, क्षेत्र, जाति, संस्कार, संस्कृति शासक, शासित, विभिन्न व्यवसायी र पेशामा संलग्न कसैलाई छोडेन। भेदभाव र असमानताको पर्खाल खडा गरेर शासन गर्ने शासकहरू संक्रमण नियन्त्रण गर्न र उपचार विधिलाई सर्वसुलभ र व्यवस्थित गर्न चुके। सत्ता र ब्यवस्थाको असफलता र असक्षमता छताछुल्ल हुने गरी सतहमा देखा परे। यसको असर सबैभन्दा बढी गरीबहरुमा नै पर्दै आएको छ।

नेपालमा सरकारले मार्च अन्त्यतिर संक्रमण देखा पर्ना साथ शुरुबाटै लकडाउन (बन्दाबन्दी) गऱ्यो, तर लकडाउन अवधिमा सरकार योजना निर्माण, कार्यतत्परता, आवश्यक तयारी र समग्र साधनस्रोत परिचालन गर्न जिम्मेवारी पूर्वक लागेन। बन्दाबन्दीमा जनतालाई घरघरमा बन्दी बनाउने भन्दा यसको सदुयोग कसरी गर्ने भन्नेमा समग्र सरकारको ध्यान गएन। सरकारका माथिल्ला निकायका ब्यक्तिहरूको केवल फर्मान जारी गर्ने जनतालाई झुट्टा आश्वासन बाँड्ने, आतंकित गर्ने, ढिलासुस्ती, ज्यादैनै आडम्बरी र तमासे प्रवृत्तिले घर गऱ्यो। कोभिड-१९ सँग संबन्धित भेन्टिलेटर लगायत समग्र स्वास्थ्य सामग्री खरिदको नाममा कमिशन र भ्रष्टाचारमा तल्लीन रह्यो। सरकारका कमी, कमजोरी, लापरवाही र निकम्मापनलाई मूलतः यसरी औंल्याउन सकिन्छ :-

– चीनमा नोभेम्बरमा कोभिड-१९ देखा परेपछिको ५ महिना सम्मको अवधिमा आवश्यक सतर्कता र तयारीका काममा ध्यान पुऱ्याउनु,

– मास्क, सेनिटाइजर, आर.डि.टी, पि.पि.ई., पि.सि.आर. र भेन्टिलेटर लगायत आवश्यक स्वास्थ्य सामग्री खरिद र व्यवस्थापनमा ढिलाई गर्नु तथा खरिद गरिएका सामग्री पनि गुणस्तरीय नहुनु।

– क्वारेन्टाइन अव्यवस्थित हुनु, संक्रमण फैलाउने जस्तो ढंगबाट प्रयोग हुनु।

– चरम लापरवाही हुँदा समेत संवेदनशील नबन्नु।

– पि.सी.आर. टेस्ट प्रविधिलाई थप प्रभावकारी नबनाउनु र व्यापक परीक्षण नगर्नु।

– कन्ट्र्याक्ट ट्रेसिङ्गमा पर्याप्त ध्यान नपुऱ्याउनु, दायरा संकुचन गर्नु र पछिल्लो चरणमा कन्ट्र्याक्ट ट्रेसिङ्ग नै नगरी बस्न र विरामीलाई संक्रमण देखापरेपछि मात्र परीक्षणमा ल्याउने अवैज्ञानिक नीति अपनाउनु र संभावित संक्रमणको अवस्था देख्दा खेख्दै पुरै बेवारिसे जस्तो बन्नु।

– भारत लगायत अन्य देशबाट आउनु पर्ने र चाहने नेपालीलाई सुरुमै प्राथमिकताको आधारमा भित्र्याउने व्यवस्था गरी तिनलाई आवश्यक स्वास्थ्य सतर्कता अपनाई व्यवस्थापन गर्न चुक्नु वा नगर्नु।

– भारत लगायत अन्यत्रबाट कोभिड-१९ प्रभावित क्षेत्रका जनताको आगमनलाई समयमै नाकाबन्दी गर्न ढिलाइगर्नु र अव्यवस्थित रूपमा भित्रिन दिने गर्नु।

– उपचार गर्ने हस्पिटलका डाक्टर, नर्स, संवन्धित स्वास्थ्य कर्मचारीलाई आवश्यक सामग्री समयमै उपलब्ध नगराउनु।

– संकट बढ्दै गएपछि निजी अस्पताललाई प्रयोगमा ल्याउन न सक्नु र विरामी जाँच्न नचाहने तथा लापरवाही गर्ने अस्पताललाई कार्वाहीको दायरामा ल्याउन वा राष्ट्रियकरण गर्न हिम्मत नगर्नु।

– देशभित्र पनि जनताको आवत जावतमा वैज्ञानिक र व्यावहारिक बन्न नसक्नु जनतालाई अनावश्यक सास्ती दिनु।

– संक्रमित स्थान, क्वारेन्टाइन, अस्पताल र आइसोलशन ठिकठाक ढंगबाट परिचालित भए नभएकोबारे निरीक्षण अनुगमन गरी थप निर्देशन र आवश्यक प्रबन्ध मिलाउन ध्यान नपुऱ्याउनु वा नगर्नु।

– मजदुर र न्यून आय भएका साथै रोजगारी गुमाएका नागरिकलाई राहत र उद्धारको उचित ब्यवस्था नगर्नु वा झारा टार्नु।

– विभिन्न पार्टी, संघ, संस्थाबाट र विज्ञहरूद्वारा दिएका सुझावहरू एवं आलोचनालाई पूर्णतः बेवास्ता गर्नु।

– साझा दुश्मन कोभिड-१९ का विरुद्धको लडाईलाई सिंगो जनतलाई एकताबद्ध गर्ने नीति र योजनाको अभाव र यसबारे पूर्ण हेलचक्राई गर्नु

– विभिन्न सार्वजनिक स्थलमा स्वास्थ्य सावधानीको व्यवस्था नहुनु वा नगर्नु।

– संकटको बेला ठिक ढंगले काम गर्ने र नगर्नेलाई मूल्याङ्कन गर्दै प्रोत्साहन र आवश्यक कारवाहीमा ध्यान नदिनु आदि/आदि

यी र यसरी नेपाल सरकारले कोभिड-१९ का विरुद्ध लड्न र त्यसलाई नियन्त्रण गर्न चुकेको र तमासे जस्तो भई जनता र राष्ट्रमाथि खेलवाड गरेको अवस्थाले सरकार असक्षम एवं असफल बनेको छ। यिनै लापरवाहीका कारण पछिल्लो समय संक्रमण झनै भयावह बन्ने अवस्था सिर्जना भएको छ। यी विषयमा संयुक्त आवाज उठाउन र सरकारको खबरदारी गर्न जरुरी छ। विश्वका केही देशमा संक्रमण नियन्त्रणमा आएपछि समग्रमा विश्वव्यापी रूपमा संक्रमण तीव्र गतिमा फैलिएको छ।

***कोभिड-१९ को अर्थतन्त्रमा असर***

कोरोना महामारीका कारण मानवजीवन मात्र होइन, विश्व अर्थतन्त्र समेत गंभीर रूपमा प्रभावित बन्दै गएको छ। यसका कारण राज्य र सरकारले अबलम्वन गरेको पुँजीवादको असली मोहडा (अनुहार) उदाङ्गाई दिएको छ। सरकार र व्यवस्थाको असफलता र असक्षमताको राम्रोसँग पटाक्षेप भएको छ। पैसा केन्द्रित मानवीय रक्षा गर्ने व्यवस्था ठिक छैन - फरक ढंगले मानवीय रक्षाका लागि नयाँ प्रणाली निर्माण गर्नुंपर्ने अवस्थालाई मुखरित गरेको छ। पुँजीवादको विकल्प पुँजीवाद नै हुन सक्दैन। यसको विकल्प वैज्ञानिक समाजवादी अर्थतन्त्र र व्यवस्था हुन सक्छ भन्ने बहसले नयाँ स्थान ग्रहण गरेको छ। यसबारे प्रोफेसर मेनेल पियरोको शब्दमा भन्ने हो भने 'सरकारहरू र बजार व्यवस्था (अर्थतन्त्र) को सबैभन्दा घृणित अनुहार सामुन्ने आएर देखा पर्न थालेको छ।' उनको यो भनाइ कोभिड-१९ को सन्दर्भमा विश्वब्यापी रूपमा पुँजीवादी सरकार र तिनले गरेका व्यवहारको समीक्षामा आधारित छ। उनका अनुसार अहिलेको विश्वव्यवस्था र त्यसको असली चरित्रलाई राम्रैसँग सतहमा ल्याई पटाक्षेप गरेको छ। विश्व साम्राज्यवादी हैकम र त्यसको भूमण्डलीकरणको अवधारणालाई नै अन्त्य गरिदिए जस्तो लाग्छ, हामी संरक्षणवादमा फर्किसकेका छौं।'

कोभिड-१९ को संक्रमणका विरुद्ध मानवजातिको बाँच्न पाउने अधिकारको संरक्षणलाई पहिलो प्राथमिकता दिनुपर्दछ भन्ने एउटा मान्यताले काम गरेको पाइयो। अर्को, देशको अर्थतन्त्र धराशायी हुन्छ, त्यसैले कुनै हातमा पनि लकडाउन गर्नु हुँदैन। उद्योग, कल-कारखाना विभिन्न संघ संस्था र अन्य व्यवसाय यथावत चलाउनु पर्दछ भन्ने फरक मान्यता देखा पऱ्यो। पहिलो मान्यताले मानवीय संरक्षणको लागि राज्यले लिने सामूहिक पहलकदमीलाई दर्शाउँछ। त्यसले सिर्जनशील भएर मानवको रक्षा पहिलो र त्यसको लागि अर्थतन्त्र दोस्रो प्राथमिकता भन्ने देखाउँछ। दोस्रोले पुँजीवाद आधारित संरचना कुनै पनि मानेमा भत्किन दिनु हुँदैन, मुनाफा केन्द्रित अर्थतन्त्रका लागि हर हालतमा नियमित रूपमा संचालन गर्नुपर्छ चाहे जस्तो सुकै मानवीय क्षति होस् भनी अर्थतन्त्रलाई पहिलो प्राथमिकता र अनिमात्र मानविय रक्षा भन्ने मान्यताको पक्षपोषण गर्दछ। यसले सबै कुरा बजारलाई छोडिदिनु पर्दछ भनी राज्यको भूमिकालाई गौण स्थानमा देखाउँछ। पहिलो मान्यता अपनाउनेमा क्युवा, चीन लगाएतका राज्य नियन्त्रित अर्थतन्त्रका मुलुक देखा परे भने पछिल्लो मान्यता अपनाउनेमा अमेरिका, बेलायत लगायतका समृद्ध राष्ट्रहरू रहे। यसमा उदारता र कट्टरताले केही हदसम्म फरक पारेको पाईन्छ। यो मानवका लागि अर्थतन्त्र कि अर्थतन्त्रका लागि मानव भन्ने अन्तरविरोधको विषय हो। यसले कथित मानव अधिकार र स्वतन्त्रताको वर्गीय चरित्रलाई धेरै हदसम्म सतहमा ल्याएको छ।

यो अवस्थासम्म आइपुग्दा कोभिड-१९ ले गर्दा विश्व अर्थतन्त्र ओरालो लाग्दै मन्दीतिर गइसकेको छ। अर्थशास्त्रमा नोवेल पुरस्कार विजेता कतिपय पुँजीवादी अर्थशास्त्रीको भनाइमा कोभिड-१९ले पहिलो र दोस्रो विश्वयुद्ध भन्दा अझै ठुलो मन्दी र संकट ल्याएको तथा दशकौंसम्म यसका टाटा रहिरहन सक्ने विषम परिस्थिति निर्माण भएको बताएका छन्। जसले गर्दा धनी र गरीब वीचका असमानताका खाडलहरू अझै गहिरिने र मुठ्ठी भर मान्छेले मात्र मुनाफा कुम्ल्याउने अवस्थातिर धकलेको छ। यसको परिणाम विभिन्न देशहरूमा रोजगारीको अभावले थप अरु विकराल रूप लिने, भोकमरी आदिले ठाउँठाउँमा अराजकता र विद्रोह हुन सक्ने र सही ढंगबाट विद्रोहको नेतृत्व जान नसके विद्रोह असफल हुने र सरकारहरू झन् झन् निरंकुश र फासीवादी बन्ने र दमनको बलमा सत्ता टिकाउने खेल निकट भविष्यमा आउन सक्ने अवस्थाको ती अर्थशास्त्रीले आंकलन गरेका छन्। यो सन् २००८/९ तिरको स्थिति भन्दा थप जटिल र गंभीर हुने भन्ने आई. एम. एफ. का निर्देशकको भनाइ रहेको छ। यस अवस्थाबाट बच्न विश्वका विकसित राष्ट्रहरूले थप २५ खरब डलर लगानी गर्नु पर्ने अवस्था सिर्जना भएको भन्ने भनाइ छ। हरेक देशमा आर्थिक बृद्धिदरमा धेरै ठुलो गिरावट आउने र मन्दी, बेरोजगारी र भोकमरीका कारण व्यापक आर्थिक संकट गहिरिदै गएर सन २००८/९ को भन्दा खतरा स्थिति पैदा हुने विश्व बैंकको प्रक्षेपण छ।

कोभिड-१९ का कारण विश्वको सयौं खरब डलर (करिव २०० खरब)को नोक्सानी भइसकेको अनुमान गरिएको छ। कोरोना महामारीकै कारण १ अरब भन्दा बढी अविकसित र रोजगारी नभएका तथा निम्न आय भएका देशका व्यक्तिहरू आपतमा पर्ने, त्यसको सहयोग र व्यवस्थापन गर्न नसक्दा भोकमरीको संकटले विकराल रूप लिने पश्चिमा संचार माध्यमले बताएका छन्। संसारभरका प्रायः सबै मानिसहरूको जीवनस्तर गिर्दो अवस्थामा गइसेकोको र संचित रकम भएकाहरू पनि प्रयोग गर्न सक्ने परिस्थितिमा नरहेको अवस्था कोभिडले सिर्जना गरेको छ।

कोरोना महामारीले मानव जीवन र विश्व अर्थतन्त्र गंभीर रूपमा प्रभावित बन्दै गएको हामीले सामान्य चर्चा गऱ्यौं। यी सबैको प्रभाव नेपाली अर्थतन्त्र र मानव जीवनका सबै क्षेत्रमा पनि परिरहेको छ। नेपालको आर्थिक स्रोत र साधनहरूमा दलाल एवं नोकरशाही पुँजीपति तथा सामन्त वर्गको प्रभुत्व छ। शोषक तथा शोषित वर्गका विचको ठुलो आर्थिक भेदभाव विद्यमान छ। बढ्दो बेरोजगारी र साम्राज्यवादी नवउदारवादको वर्चस्वका कारण आर्थिक रूपले नेपाल परनिर्भर र संकटग्रस्त बन्दै आयस्रोत छँदैछ। त्यसमाथि पनि कोभिड-१९ को कारण प्रत्यक्ष वा परोक्ष रूपमा आर्थिक जटिलता र संकट थपिएकै छ।

नेपालबाट बढ्दो बेरोजगारीका कारण करिव १ करोड युवाहरू वैदेशिक रोजगारीको खोजिमा बाहिर गएको सामान्य अनुमान छ। कोरोनाका कारण रोजगारी गुमाएका युवाहरू देशभित्र आउने र आन्तरिक बेरोजगारी समेतले गर्दा बेरोजगारीको भेल आउने स्थिति, विप्रेषणमा आउने ह्रास अनि कोरोना महामारीसँग लड्न आवश्यक खर्च जुटाउनु पर्ने चुनौती आदिले नेपालको आर्थिक संकट चुलिने अवस्था पैदा हुँदै गएको छ। पर्यटन, उद्योग, होटल, रेमिट्यान्स रोजगारी र विदेशी मुद्रा आर्जनमा अवरोध र राजस्व गिरावटले ठुलो आर्थिक समस्या पैदा हुने देखिन्छ।

सरकारको नीति तथा कार्यक्रमबारे जुन बजेट पेश भयो, यसले आर्थिक समस्याका जटिलता र गंभीरतालाई ठिक ठिक दंगले संबोधन गर्ने होइन कि सबै ठिकठाक छ भन्ने आत्मप्रसंशामा नै रमाएको पाइयो। अर्थतन्त्रमा पनि सरकारको परम्परावादी सोच र केवल झुट्टा आश्वासन र तमासे प्रवृत्ति भन्दा संवेदनशीलता देखिएन बजेटमै कोभिड-१९ ले सिर्जना गरेको विकसित अवस्थामा सिर्जनात्मक पहलको आवश्यकतालाई सबैले बुझ्नेगरी सतहमा नआएको हो र ? तर सरकारको यसमा मौनता किन ? गंभीरतापूर्वक सोचेर नयाँ ढंगले पहल लिने कहीकतै संकेतसम्म पनि देखिएन।

नेपाल सरकारको आयको मूल स्रोत अन्तरिक राजस्व संकलन हो। कोरोनाका कारण २५ देखि ३० प्रतिशत राजस्वमा ह्रास आउने अनुमान गरिएको छ। नियमित ढंगले राजस्व उठ्दा पनि सरकारको चालु खर्चमात्र पनि धान्न नसकेको अवस्थामा राजस्वमा आउने ह्रासले झन समस्या थपिने स्वतः सिद्ध छ। त्यसका अतिरिक्त विकास निर्माणका काम अनि सरकारले लिएको आन्तरिक र बाह्य ऋणको व्ययभार व्यवस्थापन कसरी गर्ने भन्नेबारे सरकारी बजेटले जुन आकलन गरेको छ ती सबै दाता राष्ट्रहरूबाट अनुदान अनि वैदेशिक र आन्तरिक ऋणबाट त्यसको जोहो गर्ने भनिएको छ। यसले सरकारको निरीहता र परनिर्भरतालाई छर्लङ्गै दर्शाएको छ।

पुँजीवाद र साम्राज्यवादीहरूको आर्शिवाद र त्यसको आडमा टेकेर कसरी देशले विकास गर्न संभव छ ? अनि समाजवाद, समृद्धि र सुखी नेपाली र समृद्ध नेपालको निर्माण र विकास संभव छ त ? यो त फगत जनतालाई झुक्याउने कोरा नारा बाहेक अरु के हुन सक्छ ? सरकारी बजेट र योजनाले नवउदारवादी अर्थतन्त्रलाई सिरानी हालेर नेपालले विकास गर्न कथंकदाचित संभव छैन। साम्राज्यवादले अविकसित देशको विकास गरिदिएको कहिं उदाहरण पाइदैन। असफल नवउदारवादी अर्थतन्त्रको भारी बोकेर नेपालको अस्तित्वमा नै संकट निम्त्याउने देखिन्छ। यो रबैयाले नेपाललाई असफल राष्ट्रतिर धकेल्दै छ। साम्राज्यवादीहरू त्यो नीति, योजना र निर्देशनको ऋण लिनु भन्दा कोभिड-१९ का कारणले बैंकिङ्ग क्षेत्रको २.५ खरबको तरलतालाई चलायमान बनाएर सरकारी योजनालाई उत्पादनमा लगाउन सके मात्र राष्ट्रले विस्तारै कांचुली फेर्न सक्छ र लामो समय सम्म टिक्न सक्छ अनि पहल बढाउन सकिन्छ। सरकारले यसमा गम्भीर ढंगल सोचेको देखिदैन। यिनीहरू केवल साम्राज्यवादका नेपाली कारिन्दाका रूपमा प्रकट भएका मात्र छन्।

कोरोनाका कारण पर्यटन र त्यससँग सम्बन्धित होटल व्यवसाय ठप्प भएको छ। यस क्षेत्रका व्यवसायीहरू सबै चौपट छन्। तत्काल न कुनै संभावना छ न सरकारबाट आवश्यक राहत व्यवस्था। यसले बेरोजगारी बढाउने र त्यसमा आश्रित मजदुर, उद्यमी र व्यवसायीलाई आर्थिक संकट बढाएको छ। रोजगारी गुमेको छ। सरकारको आयस्रोतको ढाडै भाचीए जस्तो भएको छ। सरकारले यसबारे ऋण तथा सहुलियतको विषय उठाएको छ तर लागानीकर्ता विश्वस्त हुन सकेका छैनन्। कसरी सुनिश्चत ढंगले अघि बढ्ने ? यातायात क्षेत्र पनि त्यतिकै प्रभावित छ। यस क्षेत्रका धेरै व्यवसायी व्यवसाय नै चलाउन नसक्ने भएका छन् भन्ने हजारौं मजदुरको पेशा र रोजगारी गुमेको छ। संभावित पर्यटनका स्थानहरूको छनौट त्यसको आवश्यक प्रचार/प्रसार र व्यवस्थापन अनि त्यस क्षेत्रमा पुग्ने सडक वा हवाई यातायातको उचित प्रबन्ध आदिबारे सरकारसँग खासै योजनाबद्ध कार्यक्रम देखिँदैन।

विभिन्न उद्योग र कलकारखाना जीर्ण बन्दै गएका छन्। त्यसमा पनि सरकारी स्वामित्वका उद्योग व्यवसाय कसरी निजीकरण गर्ने र कमिसन तथा भ्रष्टाचार गर्ने भन्ने व्यवहारले विगत लामो सयमदेखि नै प्रायः सबै राज्य नियन्त्रित उद्योग र व्यवसाय समाप्त भैसके। त्यसमा पनि कोरोना संक्रमण पछि तिनको संचालन गर्ने नगर्ने सबै दलाल नोकरशाह तथा सामन्त वर्गको स्वेच्छामा छोडिएको छ। सरकारको त्यसमा कुनै पहलकदमी देखिदैन। देश र जनताको आवश्यकतालाई ख्याल गरी नयाँ नयाँ उद्योगको स्थापना गर्नेबारे कुनै योजना बजेटमा छैन। सरकारको विशेष विकासको तालिम अनि स्वरोजगारको क्षेत्रमा काम गर्ने व्यक्ति तयार पार्ने र त्यसलाई बजारको जिम्मामा छोडिदिने हो। यसले समग्र उद्योगको संस्थागत विकास गरी आर्थिक समृद्धिमा खासै योगदान पुग्दैन। नेपाललाई कृषि प्रधान मुलुक भने पनि निर्वाहमुखी कृषिमा चलेको, सरकारबाट कृषि क्षेत्र उपेक्षित, झारा टार्ने र कर्मचारीतन्त्रको लुटी खाने र विचौलियाले संस्थागत फाईदा उठाउने र ठग्ने वाहेक व्यावहारिक वास्तविक किसान र श्रमजीवी वर्गले आवश्यक अनुदान र अन्य सहुलियत लिन नसकेको अवस्थाका गंभीर समस्याहरू तीव्र रूपले देखा पर्न थालेका छन्। सुकुम्वासी तथा न्यून आय भएका किसान, मजदुर, कर्मचारी तथा अन्य सेवा संलग्न जनता जीवन धान्नै जटिल र ठुलो संकटको चपेटामा परेको देखिन्छ। यसलाई सामान्य र टालटुले अवस्थाको सहगोगले हल हुने अवस्था देखिदैन।

अर्थमन्त्रीले कृषि क्षेत्रमा बजेट बृद्धि गरी थप रोजगारीको व्यवस्थापनका कुरा उठाएका छन्। मूल समस्या बजेटको आकार बढाउने भन्दा पनि असली किसानका हातमा साधनस्रोत नुहनु हो। यी सामन्त, जमीन्दार र दलाल पुँजीपति वर्गका हातरहेको जमीन र औजार राष्ट्रियकरण गरी वास्तविक कृषिमा संलग्न हुने किसानलाई हस्तान्तरण गरी कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यका साथ कृषि क्रान्ति गर्न आवश्यक छ। अनि मात्र कृषि क्षेत्रको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण गरी उत्पादनमा बृद्धि गर्नुका साथै नयाँ रोजगारीका अवसर थपिन सक्छन्। कोभिड-१९ ले नकारात्मक रूपमा देशभित्रका बेरोजगार र रोजगारी गुमाएका घर फर्किरहेका नेपाली हरूलाई कृषि क्षेत्रमा रोजगार दिलाई आत्मनिर्भरतातिर डोऱ्याउन उत्प्रेरित गरेको छ। नेपाली बजारमा भारतीय एकाधिकार पुँजीको वर्चस्व रहेको र त्यसको लागि प्रतिकृयावादी स्वार्थ अनुकूलको नवउदारवादी अर्थतन्त्र र भारतसँगको खुला सिमानाले नेपाली अर्थतन्त्रमा प्रतिकूलता अवलम्बन गरी सिमानामा तारवार वा पर्खाल लगाउन व्यवस्था गर्ने र त्यसको नियमन गर्नु पर्दछ।

यस किसिमले सरकारले आधिकारिक ढङ्गबाट अघि नबढ्ने हो भने नेपाली किसानको उत्पादनले बजार नपाई उत्पादित कृषि उपज त्यसै खेर जाने र कृषक झन निरुत्साहित हुने अवस्था बनिनै रहन्छ। जस्तो कि पहिलेदेखि र खास गरेर यस बन्दाबन्दीको अवस्थामा नेपाली कृषकको उत्पादित उपज खाल्डो खनी फ्याक्ने गरेको बाध्यता एकातिर र अर्को भारतबाट ट्रकका ट्रक फलफूल तरकारी लगायत सामग्री नेपाल भित्रिइरहेको अवस्था अन्त्य गर्न अनिवार्य भएको छ। यसबारे नेपाली उत्पादनको मूल्य निर्धारण गर्ने, त्यसको आवश्यक भण्डारण गर्ने र बजारको व्यवस्थापन गर्ने सुनिश्चितता सरकारबाट प्रदान गर्न आवश्यक छ। राज्यले कृषि क्षेत्रलाई प्राथमिकता दिएर उत्पादन बढाउने र नयाँ रोजगारीको सृष्टि गर्ने भरपर्दो विश्वसनीय आधार खडा गर्न ढिलाई गर्नुहुँदैन। अनिमात्र नेपाली बेरोजगार युवाहरू एवं कृषकहरू कृषि उत्पादमा उत्साहित हुने र कृषि क्षेत्रले काँचुली फेर्ने छ र क्रमशः आत्मनिर्भर हुने र दीर्घकालीन ढंगले आयस्रोतको बाटो खुल्ने कृषि विकासको अग्रसरता प्रदान हुने छ।

कोभिड-१९ का कारण शैक्षिक संस्थाहरू बन्द भए, योग्य नागरिक निर्माणमा ढिलाइ भयो र यसको असर अरु केही समय रही रहने देखिन्छ। यसले गर्दा अव शिक्षा र पठनपाठनलाई कसरी र कुन विधिबाट सर्वसुलभ किसिमले निरन्तरता दिने थप चूनौति खडा गरेको छ। निजी क्षेत्रका शिक्षक र कर्मचारीले तलव नपाएर विचल्लीमा छन्। सरकारले यसबारे खासै कदम चालेको छैन करिव अलपत्रको अवस्था छ।

राज्यले शिक्षा र स्वास्थ्य जस्ता आधारभूत क्षेत्रलाई बजारको जिम्मा लगाएको छ। राज्य शिक्षा, स्वास्थ्य, खाद्य सम्प्रभुता आवास तथा रोजगारी र नागरिक सुरक्षा जस्ता जनताका आधारभूत समस्या समाधान गर्ने दायित्वबाट पन्छिन कदापि मिल्दैन। बरु यी सबै दायित्व राज्यले आफ्नो हातमा लिनु सरकारको जिम्मेवारी हो। शिक्षा र स्वास्थ्य क्षेत्रलाई सार्वजनिकीकरण गर्ने, सर्वसुलभ बनाउने काममा लाग्नु पर्दछ। नवउदरवादको चङ्गुलमा बल्झिइरहने अवस्थाबाट मुक्त हुनु पर्दछ।

सन ३०२२ सम्म नेपाललाई विकासोन्मुख देशको रुपमा ल्याउने र सन् २०३० सम्म मध्यमस्तरीय विकसित मुलुक बनाउने राज्यको उद्देश्य यो ब्यवस्थाको चरित्र र कोभिड-१९ कारणले पुरा हुन नसक्ने अवस्था प्रायः निश्चित भएको छ।

***साराँश :***

कोभिड-१९ ले विश्वभर राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्र भित्रका विभिन्न अन्तरविरोधलाई अझै विस्फोटक बनाउने दिशामा एक उत्प्रेरकको काम गरेको छ। राजनीतिक अर्थशास्त्रका हिसाबले विभिन्न देश र संसारलाई समग्रतामा विश्लेषण र नयाँ किसिमको समाधानमूलक संश्लेषण तर्फ घचघच्याएको छ। विभिन्न देशका सरकार र व्यवस्थाको *बाँकी ६ पेजमा*

निबन्ध

# दशैँको टीको



• मित्रलाल पंज्ञानी •

***भौतिकवादले पौराणिक मिथोलोजीलाई इतिहास मान्दैन । किनकि यसको तथ्य प्रमाण हुँदैन । यो एउटा साहित्य मात्रै हो । कविला समाजका घटनालाई मिथोलोजी बनाएर माहाख्यान तयार गरियो । तिनै आख्यानलाई पुरोहितहरूले आफ्नो वर्ग स्वार्थका लागि पुराण र शास्त्र बनाएर जनतामा थोपरे । स्वर्ग र नर्कका भयानक कथा रचेर जनतामा स्वर्गको आस र नर्कका त्रास देखाएर सत्ता सञ्चालनका अचुक शुत्र तयार पारे । आज विज्ञानले पृथ्वी, सौर्यमण्डल हुँदै ब्रह्माण्डसमेत्को विहङ्गम अध्ययन गरिरहेको छ । यो सबै भौतिकवादी दर्शनमा आधारित छ । कम्युनिस्टहरू भौतिकवादी दर्शनलाई स्वीकार गर्ने भएकाले पौराणिक मिथहरूलाई मिथकै रूपमा लिन्छन्***

*उहिलेका कुरा खुइलिए ?*

अहँ खुइलिएका छैनन । झन झन रङ्गीन भएर पो आइरहेका छन त ती कतिपय उहिलेका कुराहरू । अहिले यो संसारमा दुई शय वर्ष अघिको एउटा पनि मान्छे ज्यूँदो छैन । तर यहाँ भएका कुनै पनि मान्छे तिनको वंश भन्दा बाहिरको पनि छैन । यी मान्छेहरूले बोकेको चरित्र उहिलेका मान्छेले बोकेकै चरित्र हो । फरक एउटा मात्रै कुराको छ–अत्युन्नत प्रविधिका कारणले अहिलेका मान्छेको चालढाल अत्यधिक गतिशील छ ।

हुँदैन यसरी । उहिलेका कुरा खुइलिए भनेर पुराना जति सबैलाई त्याग्नु हुदैन, त्याग्छु भनेर सम्भवै छैन । त्यसो भन्ने हो भने त यो पृथ्वीमा बस्न पनि त भएन नि । यो उहिल्यैको हो । हावा उहिल्यैको हो । सास फेर्न भएन । पानी उहिल्यैको हो पिउनु भएन । भन्दै जाने हो भने यस्ता कुरा हजारौँ छन ।

प्रगतिशीलहरूले के गर्न हुने र के गर्न नहुने भन्नेमा हरेक वर्षजसो बहस भइरहन्छन । चलनहरू भने जसरी चलेका छन त्यसैगरी गइहन्छन । दसैंको कुरा गरौँ न । आमाबाको हातबाट टीका थाप्ने कि नथाप्ने ? छोराछोरीलाई टीका लगाइदिने कि नलगाइदिने ?

मैले कतै पढेको कुरा हो, पहिले कहिले हो, बर्माका भिक्षुहरूका बीच 'चीवरलाई दाहिने कुममाथि राख्नु धर्मसम्मत हो कि देब्रेमाथि राख्नु धर्मसम्मत हो ?' भन्ने विषयमा दसकौँसम्म चर्को मतभेद भयो रे । कहाँको बुद्धचिन्तन ? कहाँको चीवरलाई कुन कुमतिर राख्ने भन्ने विवाद ? हामी विज्ञानसम्मत चिन्तन र संस्कृतिलाई बोकेर बाँकी तमाम रूढिलाई ढलाउँदै अगाडि बढ्नु छ । हाम्रा लागि दसैँमा टीका लगाउने कि नलगाउने भन्ने प्रश्न प्रधान होइन । के सोचेर लगाउने वा नलगाउने भन्ने प्रश्न प्रधान हो । त्यसले समाजमा पर्ने प्रभावको प्रश्न प्रधान हो । त्यसले समाजलाई यथास्थितिमा राख्छ ? पछाडि धकेल्छ ? वा अगाडि बढाउँछ ? हामीले गरेका निर्णयले ल्याउने नतिजाको प्रश्न प्रधान हो । सारमा भन्नुपर्दा विचारको प्रश्न प्रधान हो ।

मैले अघिल्लो वर्ष मेरी छोरीलाई टीका लगाएर आशिर्वाद पनि दिएँ । 'नानी देवी देउता भन्ने कुरा कहीँ पनि छैनन । मान्छेको उन्नति प्रगति मान्छेकै बुद्धि, विवेक र कर्ममा भर पर्छ । कसैले कसैको रक्षा गर्दैन । आफ्नो रक्षा आफै गर्ने हो । मान्छेलाई कृपा गर्ने कुनै अदृश्य शक्ति छैनन ।'

'त्यस्ता देवी देवता हुन्थे भनी संसारका मानिसहरूले यति दुःख पाउने थिएनन । तीर्थ गर्न भनेर बद्रीनाथ केदारनाथ गएका भक्तहरूले ज्यान गुमाउने थिएनन । बच्चाका आमा बा मर्ने थिएनन, असहाय भई कोही पनि सडकमा झर्ने थिएनन ।'

'ईश्वर हुन्थ्यो भने त्यसले यसो भन्थ्यो–

'मलाई घाम पोल्दैनन रुझाउन्नन झरीहरू
मेरा मन्दिर चाहिन्नन मान्छेकै घर हुन बरु'
तेरो चार दिने चोला म ईश्वर अजम्मर
तेरो नैवेद्य खाएर मैले पालिन के छ र

टोलैपिच्छे मन्दिर बनाउन पर्ने थिएन । गिर्जाघर बनाउनु पर्ने थिएन । मस्जिद बनाउनु पर्ने थिएन ।'

'जसले ईश्वर र स्वर्गको बयान गर्छन उनैलाई ईश्वर र स्वर्गमाथि विश्वास छैन । विश्वास हुन्थ्यो भने आफूलाई निकै धार्मिक ठान्नेहरू छिटो भन्दा छिटो मर्न बल गर्थे स्वर्ग जानका लागि । सम्पूर्ण सुख स्वर्गमा पाइने भएपछि को बस्छ पृथ्वीमा ?'

'निर्धालाई सबैले हेप्छन । बलियालाई आदर गर्छन । आफू बलियो बन्न सक्नू । शरीरको बल मात्रै बल होइन । बलियो हुन बुद्धिबल पनि चाहिन्छ । शरीर बलियो राख्न तागतिलो खाने कुरा खानु पर्छ । फेरि खाएर मात्रै पनि बलियो भइदैन । खाएको राम्ररी पच्नु पर्छ । त्यसरी पच्नलाई आवश्यक परिश्रम गर्नु पर्छ ।'

'बुद्धि बलियो बनाउन बौद्धिक खुराक आवश्यक पर्छ । धेरै भन्दा धेरै अध्ययन गर्नु पर्छ । अध्ययन गर्नु भनेको पुस्तक पढ्नु मात्रै होइन । देश, काल र परिस्थिति थाहा पाउनु पनि हो । पढेर मात्रै पनि बुद्धि बढ्दैन । त्यसलाई पचाउन सक्नु पर्छ । प्रशस्त बौद्धिक खुराक प्राप्त गर्ने तर पचाउन नसक्ने हो भने त्यसबाट कुनै ऊर्जा आउँदैन । बौद्धिक खुराकलाई पचाउनका लागि प्रशस्त चिन्तन र मनन गरिनु पर्छ ।'

'दसैँमा टीका लगाएर केही बिग्रन्न । हुँदै नभएकी देवीको भर परियो भने कुरो बिग्रन्छ । आफ्नै योग्यता विकसित गर्न र त्यसैमा भर पर्न सिकियो भने धोका हुँदैन ।'

'कुलतलम्पट तथा कुबुद्धिले ग्रस्त आफूभन्दा जेठालाई अग्रज भनेर आदर गर्नु अनर्थ हो । कहिल्यै भलो नगर्ने, माथि उठ्ने बाटाहरू सदैव बन्द गर्ने, सोझा र श्रमजीवीहरूलाई डस्ने, अनि अभावमा आनन्द मान्ने वर्गवैरीकहाँ टीका थाप्न जानु अनर्थ हो । आर्थिक रूपले शोषित र सामाजिक रूपले अपमानितहरू सचेत र सङ्गठित भई अन्यायका विरुद्ध लड्नु अर्थपूर्ण हो । दसैँलाई पैसा लेनदेनको विषय बनाउनु अनर्थ हो । सद्भाव फैलाउने र जागरण मौलाउने विचारको लेनदेन सार्थक हो ।'

'पिता पुर्खादेखि मानिआएको कुरो यसरी एक्कासि तोड्न हुँदैन, जोगाउनु पर्छ भन्लान कतिले । भने भनून, कसैले जोगाइदिएर जोगिँदैन संस्कृति, मान्छेहरूका आवश्यकताले जोगिने हुन । जीवननोपयोगी छन भने तिनलाई बोकेर हिड्छन । छैनन भने कुनै पनि बेला मिल्काइ दिन्छन । मोहबस एउटा पुस्ताले बोक्ला, फेरि अर्को पुस्ताले बोक्दैन । कदाचित बोक्यो भने अब आउनेले फालिदिन्छ । मेरा आग्रहले केही पनि जोगिनेबाला छैन । जुन बलियो छ त्यसैले जित्ने हो । कुन बलियो छ भन्ने कुरा त्यसको अन्तर्यको गुणले निर्धारण गर्छ । मेरो आग्रहले निर्धारण गर्दैन । सामर्थ्यवान संस्कृति आफै जोगिन्छ । सान्दर्भिकता सकिएका संस्कृति समाप्त हुन्छन । हुनैपर्छ । बेला बेलामा जनचेतनाका हुरी चलिरहन्छन, रुढिका जर्जर वृक्षहरू ढलिरहन्छन । बाबु बाजेको पालादेखि चलेको चलन भनेर नसकी नसकी कुप्रथाको कुर्कुच्चै भारी बोकेर हिडिरहन सकिँदैन ।'

'जीवन विविधतामय छ । एकरसताको जीवन नारकीय जीवन हो । नित्य नवीनताको खोजीले नै मान्छेलाई नयाँ नयाँ आस्वाद र अनुभूति दिएको छ । नयाँ प्रयोग नै प्रगतिको कारण हो । नत्रभने मान्छे सधैँभरि जहाँको तहीँ रहन्छ ।'

'छोरी ! यो संसार द्वन्द्वमय छ । त्यसैकारणले नित्य गतिशील र परिवर्तनशील पनि छ । यो द्वन्द्व, यो गति र यो परिवर्तनलाई बुझ्नको लागि प्रकृतिविज्ञान, समाजविज्ञान र मनोविज्ञानलाई गहिराइमा अध्ययन गर्नु आवश्यक छ । तिमी अन्धविश्वासलाई त्यागी वैज्ञानिक बाटो समातेर हिँडे ।' कुरा उहिलेका हुन वा अहिलेका जाँच परख गरेर मात्र स्वीकार वा अस्वीकार गर्नुपर्छ ।

## कोभिड–१९...

वास्तविक चरित्रलाई उदाङ्गयाइ दिएको छ । संयुक्त राज्य अमेरिकाले चीनसँगको अन्तरविरोधलाई थप पेचिलो र आक्रमक बनाएको छ । यसैसँग जोडेर डब्लू एच ओ सँगको अमेरीकी अन्तरविरोधले नयाँ स्थान लिँदै अनुदान रोक्ने निर्णय गरेको छ । अमेरिकी राष्ट्रपतिको यो निर्णयको सर्वत्र आलोचना भएको छ । यस अन्तरविरोधका छिटाहरू विश्वव्यापी रूपमा देखा पर्न थालेका छन् । आफ्नो सरकार कसरी टिकाउने कोभिड-१९ को संक्रमण र त्यसबाट पर्ने आर्थिक क्षतिलाई कसरी न्यूनीकरण गर्ने भन्नेमा सबै राष्ट्रहरू संकेन्द्रित छन् । संक्रमण कतिसम्म र अझै कुन हदसम्म जाने हो भन्ने अनिश्चितताको विचमा सापेक्ष निश्चितताको प्रयास भइरहेको छ ।

पुरानो स्थिति क्रमशः भत्किदै गएको र नयाँ सिर्जना नभइसकेको परिस्थिति हो यो । साम्राज्यवादी नवउदारवादी अर्थतन्त्र असफल भएको र वैज्ञानिक समाजवाद मात्र विकल्प बन्न सक्ने प्रत्यक्ष वा परोक्ष रूपमा सर्वत्र बौद्धिक क्षेत्रमा वहस छलफल चलेको छ । नेपाल पनि यसबाट अछुतो रहने कुरा भएन । पुरानो संसदीय व्यवस्था र भ्रष्टाचार, कमिशन तथा अराजकतामा चुर्लुम्म डुवेको सरकारको सत्ताको डोरी चुडिन नदिन अनेक षडयन्त्र र आफ्ना मालिकसँग दलालीमा तल्लीन छ । कोभिड १९को नकारात्मकता र यीनै अन्तरविरोधबाट सिर्जित संकटपूर्ण परिस्थितिको बीचबाट सर्वहारा वर्ग र त्यसका मित्र शक्तिहरू एकजुट भई संसदीय प्रतिक्रियावादी सत्ता र व्यवस्थालाई चिहानमा गाड्ने समग्र तयारीलाई नयाँ जनवादी क्रान्तिको लागि नयाँ जनविद्रोहको सम्पन्नता जोड्ने समग्र पहल गर्न आवश्यक छ ।

*साभार : नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय मुखपत्र, पूर्णाङ्क १५, भाद्र २०७७*

## अखिल...

पनि अध्यक्ष मुडभरीले गर्नु भएको छ । महिला मुक्तिको समस्या मुलतः राजनैतिक समस्या भएको र यसको सम्बन्ध सत्ता र व्यवस्थासंग हुने हुनाले सत्ता र व्यवस्था परिवर्तनको खाँचो रहेको बताउनु भयो । क्रान्तिको सबैभन्दा बढी आवश्यकता महिला र उत्पीडितहरुलाइ रहेको कारण संघर्षको मैदानमा अग्रपंक्तिमा आउन महिलाहरुलाइ अपिल पनि गर्नु भयो ।

सम्बोधनका क्रममा उहाँले यो व्यवस्थाका संसदहरुले नै सार्वजनिक महत्त्वका ठाउँमा उभिएर ९५ प्रतिशत बलत्कारका घटनाहरु सहमतिमा हुने र कुरा नमिलेपछि बलत्कारका मुद्दा बन्ने बताउनु र देशको गृहमन्त्रीले नै नेपालमा बलत्कारका घटनाहुनु सामान्य भएको बताउनु गम्भीर कुरा भएको वताउदै राज्यका आडमा हुने र गरिने यस प्रकारका घटनावाट बच्न महिलाहरुले आत्मसुरक्षा र प्रतिरक्षाको लागि हतियार बोकेर हिड्नु पर्ने बताउनु भयो ।

विरोध कार्यक्रममा अखिल नेपाल प्रगतिशील महिला संघकी केन्द्रीय सदस्य पार्वती महतो कुमालले राज्यको आडमा महिलामाथि हत्या हिंसा र बलत्कारका घटना हुनु दुखद रहेको वताउदै यो स्थितिको अन्त्य गर्न महिलाहरू एकताबद्ध भएर संघर्षमा सामेल हुनुपर्ने बताउनु भयो। अखिल नेपाल महिला संघकी मिना पौडेलले महिलाहरु माथिको उत्पीडन राजनीतिक र न्यायीक लगायता क्षेत्रमा भएको वताउदै महिलाहरू आफै सक्षम र संगठित भएर संघर्षमा लाग्नुपर्ने बताउनु भयो। त्यसैगरी बैज्ञानिक समाजवादी महिला संगठनकी केन्द्रीय सदस्य राजेश्वरी सुबेदीले महिला राष्ट्रपति भएको देशमा यसप्रकारका महिला हिंसा र बलत्कारका घटना हुनु लज्जास्पद कुरा भएको हुदा यो दलाल संसदीय व्यवस्थाको अन्त्य नगरेसम्म महिलाहरुमाथिका हत्या हिंसा र बलत्कारका घटनाहरु नरोकिने भएको हुदा महिला मुक्ति आन्दोलनलाई यो व्यवस्था विरोधी आन्दोलनमा विकास गर्नु पर्ने समय आएको बताउनु भयो ।

अखिल नेपाल महिला संघ (क्रान्तिकारी)चितवन जिल्ला अध्यक्ष शान्ति बिकले संचालन गर्नु भएको उक्त कार्यक्रममा बोल्ने अधिकांश वक्ताहरुले महिलाहरुमाथिका बलत्कार र हत्या लगायतका लैङ्गकि हिंसाको अन्त्य गर्न वर्तमान दलाल संसदीय व्यवस्थाको अन्त्य गर्नु पर्ने बताएका थिए ।

## धर्मनिरपेक्ष...

पक्राउ पर्ने दिपेन्द्र कुमाल, रामलाल कुमाल, प्रकाश कुमाल, अर्जुन कुमाल, कमले श्रेष्ठ, धर्म श्रेष्ठ, सुस्मिता कुमाल (१४ बर्ष), धनकुमारी कुमाल, प्रेम कुमाल, असारी कुमाल रहेका छन् ।

संविधानमा धर्मनिरपेक्ष राज्य घोषणा गरेको सरकारले गोरु काटेर मासु खाएको आरोपमा यसरी नागरिकहरुलाई पक्राउ गर्नु, यातना दिनु र आत्महत्या गर्न समेत बाध्य पारिनुले धर्मनिरपेक्ष राज्यको धज्जी उडाएको भन्दै राजनीतिक तथा नागरिक समाज वृतमा व्यापक विरोध हुँदै आएको छ । क्रान्तिकारी माओवादीका नेता निलबहादुर पुनले राज्यको यस्तो क्रियाकलापलाई हिन्दु फासिवादको संज्ञा दिएका छन् । धर्मनिरपेक्ष भन्ने तर हिन्दु धार्मिक मान्यता, संस्कार र परम्परालाई मात्रै प्रश्रय दिने र हिन्दु धर्मको नाममा अन्य धार्मिक सम्प्रदायमाथि विभेद र उत्पीडन लाद्ने हिन्दु फासिवादी राज्यका विरुद्ध संघर्ष अपरिहार्य रहेको नेता पुनको भनाइ छ ।

## नेपालका...

खारेजीका साथै नेपालको वास्तविक नक्साअनुसारको भूभाग हासिल गर्ने र भारतद्वारा गरिएका नयाँ अतिक्रमणको विरोध पनि गरेका थिए । साथै कोभिड-१९ मा सरकारबाट भएका भ्रष्टाचार, गैरजिम्मेवारीपन आदिको विरोध, निःशुल्क उपचारको व्यवस्था, भोकमरीबाट पीडित जनताका लागि खाद्यान्नलगायतका न्यूनतम आवश्यकताको परिपूर्ति, अविलम्ब रोजगारीको व्यवस्था, बलात्कार र हत्याजस्ता अपराध नियन्त्रण र अपराधीमाथि कारवाही आदिको माग पनि विरोध प्रदर्शनमा गरिएको थियो ।

प्रदर्शनमा राष्ट्रियता, जनतन्त्र र जनजीविका लगायतका विषयमा कार्यगत एकता गर्दै आएका पार्टीहरु र संगठनहरुमा नेकपा (मसाल), नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (माले), राष्ट्रिय जनमोर्चा, नेपाल, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेपाल कम्युनिस्ट पार्टी, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय जागरण मञ्च, जनसमाजवादी पार्टी, नेकपा (संयुक्त), राष्ट्रिय जागरण परिषद्, नेपाल, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेकपा (बोल्शेविक), राष्ट्रवादी केन्द्र, नेपाल, एमसीसी खारेज अभियान, पुष्पलाल अध्ययन समाज, सर्वहारावादी कम्युनिस्ट पार्टी (माओवादी), मार्क्सवादी एकता अभियान, नेपाल, नेकपा (मार्क्सवादी), नेकपा मार्क्सवादी (पुष्पलाल) र नेकपा (माओवादी) रहेका थिए ।

## दुई कविता



• प्रा.डा. जगदीशचन्द्र भण्डारी •

### १. घिन

उसलाई
लगातार थुक्छु
घिनाउँछु
धारेहात लगाउँछु

घेर्छु
दर्शनबाट
बाँध्छु
विचारबाट
हुतिहारा
भगुवालाई

मैले
सङ्घर्ष
र आन्दोलनमा
कमाएका
मुक्ति गर्भित
शब्दहरु
गरुङ्गा भएका छन
अपवित्र
अस्पृश्य
भयानक
भएका छन
बेकुफ
गद्दार र
दलालहरुलाई

त्यसको
मस्तिष्क
त्यसको
विवेक
खुम्चिदै
खुम्चिँदै
गएको छ
सुक्दै गएको छ

उसका
इतिहासप्रतिका
अपराध
मुक्तिप्रतिको
अक्षम्य
मजाकलाई
आगोमा बालेर
उडाउँछु
थुक्छु
फेरि पनि
घिनाउँछु

हजार बार
अर्थात
जीउँदो
हुँदासम्म
मानिसहरूलाई
सुनाउँछु
र
घिनाउँछु

### २. यतैकतै

यिनै अग्ला अग्ला
पहाडका
टाकुरामा
जङ्गलमा
नदी र यसका
बगरमा
गोठ र झुपडीमा
तराईमा
हिउँ चुलीमा
मुक्तिको सपना
अङ्कित छ

तिमीले
माया गरेर
सुदूर अतीतबाट
काँधमा बोकेर
ल्याएको तारा
अर्थात सपना
बिच बाटोमै
अलपत्र पारेर
खाल्डामा
हुत्त्याएर जाने
ए बेमानी !
हेर !
तैंले छोडे पनि
ब्युँझेर उन्मत्त हावा
सङ्गै
हामीतिरै
आइरहेछ
विद्रोहको घन्टी
बजाउँदै
सहर गाउँ
घुम्दै
फेरि
अर्को घाम
जन्माइ रहेछ

हेर
यो छालामा
यो जिभ्रोमा
यी आँखामा
त्यसकै
सुगन्ध
टाँसिरहेछ

तँ
बिर्सिदै जा
हामी
त्यसकै
गीत गुनगुनाउँदै
रिस बढाउँदै
चट्टान झैँ
छाती बनाई
मुक्तिको नक्सा
आकाशमा टाँसेर
अथकित यात्रा
हिडिरहन्छौं
कहिले
उड्छौं
कहिले
धर्ती टेक्छौं
सामर्थ्ययुक्त
पागल विद्रोही
बनिरहन्छौं

मुक्त सपना
बोकेर
प्रेमको गीत
गाइरहन्छौं
आँधी र तुफान बनी
जुधिरहन्छौं

## क्रान्तिकारी...

हार्दिक श्रद्धाञ्जली अर्पण गर्नु भएकोछ :

*प्रेस–वक्तव्य*

नेपाली कम्युनिस्ट आन्दोलनका एकजना इमान्दार बौद्धिक व्यक्तित्व, हाम्रो पार्टीको केन्द्रीय समितिका पूर्व सल्लाहकार र हाल पार्टी सदस्य कमरेड राममान श्रेष्ठको उपचारको क्रममा आज बिहान ९ः३० बजे सिभिल अस्पताल बानेश्वरमा दुःखद निधन भयो । उहाँ क्यान्सर रोगबाट पीडित हुनु हुन्थ्यो । उहाँका १ छोरा, १ बुहारी र १ नाति हुनुहुन्छ ।

सानै उमेरबाट कम्युनिस्ट आन्दोलनमा जोडिनु भएका कमरेड राममान २०६० सालमा हाम्रो पार्टीमा आवद्ध भई ०६२ सालमा संयुक्त लोकतान्त्रिक गणतान्त्रिक मोर्चाको संयोजकका हैसियतले मुख्यतः उपत्यकामा पार्टी तथा आन्दोलनका कामलाई अगाडि बढाउने एकजना क्रान्तिकारी व्यक्तित्व हुनु हुन्थ्यो । पार्टीका सबै विचार सङ्घर्षहरुमा उहाँ जीवनभर क्रान्तिको पक्षमा अविचलित रहनु भयो । साधा जीवन, उच्च विचार तथा क्रान्तिकारी आशावादका धनी एकजना योद्धा कमरेड राममान श्रेष्ठको निधनले हाम्रो पार्टी र नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई ठुलो क्षति पुग्न गएको छ । यस दुःखद घडीमा हाम्रो पार्टी कमरेड राममान श्रेष्ठप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । साथै, उहाँका शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।

*किरण*
*महासचिव*
*नेकपा (क्रान्तिकारी माओवादी)*
*मितिः २०७७ असोज ३० गते*

# नेकपा...

हरहालतमा संघीय सरकारको बागडोर हत्याउने नै रहेको थियो ।

स्थानीय तहको निर्वाचन घोषणा भएपछि त्यसबेला सत्तामा रहेका नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) का बीचमा चुनावी गठबन्धन कायम भएको थियो भने नेकपा (एमाले) ले अन्य साना पार्टीहरु सँग चुनावी तालमेल र गठबन्धन गरेको थियो । स्थानीय तहको निर्वाचनको परिणामले आफ्नै पार्टीको एकल सामर्थ्यमा मात्र होइन तत्कालीन तालमेल र गठबन्धनका आधारमा समेत संघीय संसदको निर्वाचनमा बहुमत हासिल गर्न सक्ने सम्भावनालाई असम्भव नै प्रमाणित गरिदियो । स्थानीय तहको निर्वाचन परिणाम पछि तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले आ-आफ्नो पार्टीको धरातलीय यथार्थ र हैसियत राम्रोसँग बुझ्नपुगे । त्यो मत परिणामले संघीय संसद र संघीय संसदमा कुनैपनि पार्टीले बहुमत हासिल गर्न नसक्ने कुरो प्रष्टै देखाएको थियो । त्यस्तो अवस्थामा त्रिशंकु संसद (हङ्ग पार्लियामेन्ट) निर्माण हुने र संसदमा बहुमत प्राप्त राजनीतिक पार्टी वा दलको हैसियतले एकलौटी सरकार गठन एवं सञ्चालन हुन नसक्ने कुरो जगजाहेर नै थियो ।

त्यस प्रकारको परिस्थिति अगाडि आएपछि बहुमत हासिल गर्नका लागि नयाँ गठबंधन निर्माण गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको थियो । संघीय संसद र प्रदेश सभाका लागि निर्वाचनहरु घोषणा भएपछि तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले 'वाम गठबन्धन' निर्माण गरेर चुनाव लड्ने निर्णय गरेका थिए र आपसमा साठी/चालिसको अनुपातमा सिट विभाजन गरेका थिए साथै संयुक्त चुनावी घोषणापत्र जारी गर्दै पार्टी एकता गर्ने प्रतिबद्धता समेत जाहेर गरेका थिए । त्यसरी वि. स. २०७५ साल जेठ ०३ गते पार्टी एकता भएको थियो र 'नेकपा'को गठन भएको थियो । तर ती दुई पार्टीहरु बीचको एकता विशेष गरेर ती पार्टीका अध्यक्षहरु तत्कालीन नेकपा (एमाले) का अध्यक्ष खड्ग प्रसाद (के. पी.) शर्मा ओली र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' का बीचमा भएको सिद्धान्तहीन सांठगांठ र गोप्य सहमतिको सह-उत्पादन थियो भन्दा अत्युक्ति हुदैन । त्यो एकता प्रकृयामा आम पार्टी पंक्ति र संगठनको भूमिका शून्य प्रायः रहेको थियो । त्यो एकताले आफूलाई 'कम्युनिस्ट' एवम् 'वामपन्थी' दावी गर्ने धेरैजसो दक्षिणपन्थी एवं अवसरवादी तत्वहरुलाई एकैठाउँ जम्मा गरेको थियो भन्दा फरक पर्दैन । अहिले त्यसको संरचना एउटा राजनीतिक पार्टीको जस्तो नभएर विभिन्न अवसरवादी गुट र समूहहरुको संयुक्त मोर्चा जस्तो रहेको छ ।

### *'नेकपा'को प्रतिध्रुवीय राजनीतिक चरित्र*

'नेकपा' ले आफ्नो अन्तरिम विधानमा उस्को वर्गीय पक्षधरता, रणनीतिक लक्ष्य, मार्गनिर्देशक सिद्धान्त र संगठनात्मक सिद्धान्तको बारेमा निम्नानुसार उल्लेख गरेकोछ :

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) नेपाली सर्वहारा श्रमजीवी वर्गका जनताको राजनीतिक प्रतिनिधि संस्था हो । यसले मजदूर, किसान, निम्न पुँजीपति, राष्ट्रीय पुँजीपति र सम्पूर्ण जाति, भाषा एवम् संस्कृतिका जनसमुदायको हितलाई प्रतिनिधित्व गर्दछ । नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को अन्तरिम विधान-२०७६, पृष्ठ-०४ यस पार्टीको रणनीतिक लक्ष्य अर्थात अधिकतम कार्यक्रम वैज्ञानिक समाजवाद हो, न्यूनतम कार्यक्रम जनताको जनवाद हो र यो समाजवाद उन्मुख छ । यो पार्टी समाजमा रहेका सबैखाले शोषण, उत्पीडन र विभेदहरुको अन्त्य गर्दै मानव जातिको सबैभन्दा विकसित सामाजिक-आर्थिक व्यबस्था साम्यवादसम्म पुग्न सकिन्छ भन्ने विश्वास गर्दछ । (उही) यस पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । (उही, पृष्ठ-०५) जनवादी केन्द्रीयता पार्टीको सङ्गठनात्मक सिद्धान्त हो । (उही, पृष्ठ -४८)

'नेकपा' ले सर्वहारा श्रमजीवी वर्ग, वैज्ञानिक समाजवाद, साम्यवाद, मार्क्सवाद-लेनिनवाद र जनवादी केन्द्रीयता जस्ता विषयहरुका बारेमा उल्लेख गरेका विषयहरु नितान्त देखावटी, नक्कली र ढोङ सिवाय केही होइनन् भन्ने कुरा उसले अपनाउँदै आएका नीति, कार्यक्रम र व्यबहारले स्पष्ट पार्ने काम गरेका छन् । ती कुराहरुको उल्लेख गर्नु जनतामा भ्रम सिर्जना गर्ने दुष्प्रयत्न सिवाय केहि होइन । नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) का बीचमा एकता भएर 'नेकपा' बन्नु भन्दा अगाडि नै ती दुबै पार्टीहरुको राजनीतिक चरित्रका बारेमा नेकपा (क्रान्तिकारी माओवादी) ले तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) लाई प्रति ध्रुवीय शक्तिहरुको श्रेणीमा राख्दै तिनीहरुको राजनीतिक चरित्रका संबन्धमा निम्नानुसार व्याख्या गरेकोछ । जुन अहिले ती दुबै पार्टी मिलेर बनेको 'नेकपा'को सन्दर्भमा पनि सहि र सटीक रहेको छ ।

प्रति ध्रुवीय शक्तिहरुको बारेमा चर्चा गर्दै भनिएकोछ, 'पहिले लामो समयदेखि राजनीतिक रुपमा संघर्ष गर्दै आएपनि र वर्गीय रुपमा केही हदसम्म पृथक रहेका कतिपय पार्टीहरु यतिबेला वर्गीय तथा राजनीतिक रुपमा एउटै ठाउँमा खडा भएका छन् । नेपालमा तिनलाई पुनरुत्थानवादी, प्रतिक्रियावादी तथा यथास्थितिवादी शक्तिहरुका रुपमा बुझ्नु पर्दछ । त्यस प्रकारका शक्ति अन्तर्गत मुख्यतः राप्रपा, नेका, एमाले, नयाँ शक्ति र माके पर्दछन् । ꣸नेकपा (क्रान्तिकारी माओवादी) को राष्ट्रीय सम्मेलनका राजनीतिक दस्तावेजहरु-२०७४, पृष्ठ-२०/२१ । त्यसैगरी एमालेको बारेमा भनिएको छ, 'एमाले २०२८ सालको झापा बिद्रोहका बीचबाट माले हुँदै आएको पार्टी हो । यो बिभाजित नेपाल कम्युनिस्ट पार्टीका केही घटक मिलेर बनेको हो । यसले एकातिर मार्क्सवाद-लेनिनवादलाई मानेको अभिनय गर्दछ भने अर्कोतिर बहुलवाद र बहुदलीय जनवाद मान्दछ । यसले माओविचार तथा नयाँ जनवादलाई उहिल्यै परित्याग गरिसकेको छ ।' (उही)

त्यसैगरी माकेका संबन्धमा भनिएको छ, 'नवसंशोधनवादी समूहको अर्को हिस्सा नेकपा (माके)को रुपमा परिचित रहिआएको छ । यसले एकातिर मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्त मानेको अभिनय गर्दछ भने अर्कोतिर राजनीतिक रुपमा प्रतिगामी संविधान र वर्गीय रुपमा वर्तमान दलाल एवं नोकरशाही पुँजीपति तथा सामन्त वर्गीय प्रतिक्रियावादी राज्यसत्तालाई स्वीकार गर्दछ । यसले नेपालमा जनवादी क्रान्ति पुरा भएको कुरा बताउँदै समाजवादलाई न्यूनतम कार्यक्रम मान्ने बहाना गर्न पुगेको छ । यसले साम्राज्यवाद र विस्तारवादसित आत्मसमर्पण गर्दै तथा भूमण्डलीकृत साम्राज्यवादद्वारा अगाडि ल्याइएको उदारीकरण तथा खुला बजार अर्थतन्त्रको मान्यतालाई स्वीकार्दै आएको छ । यसको पनि प्रतिकृयावादीकरण भएको छ ।' (उही)

### *'नेकपा' कम्युनिस्ट र वामपन्थी नभएको जिकिर*

वि. सं. २०५१ सालमा भएको मध्यावधि चुनावमा पूर्ण बहुमत हासिल गर्न नसकेता पनि तत्कालीन नेकपा (एमाले)ले संसद (प्रतिनिधिसभा)मा सबैभन्दा धेरै सिट जितेर एकल ठूलो पार्टी (सिङ्गल लार्जेस्ट पार्टी) बन्न सफल भएको थियो । त्यसकारण एमाले पार्टीका अध्यक्ष एवं संसदीय दलका नेता भएका हैसियतले मनमोहन अधिकारी प्रधानमन्त्री नियुक्त भएर तत्कालीन संवैधानिक प्रावधान अनुसार अल्मतको सरकारको नेतृत्व गरेका थिए । उनले प्रधानमन्त्री भएपछि कम्युनिस्ट पार्टीको नाम र हँसिया हठौडा अंकित झण्डालाई 'ट्रेडमार्क' अर्थात् व्यापारिक चिन्हका रुपमा चित्रित गरेका थिए । त्यतिमात्र होइन तत्कालीन नेकपा (एमाले)ले अमेरिकी राजदूत पार्टी केन्द्रीय कार्यालयमा उपस्थित हुनपुग्दा त्यहाँ टाँगिएका कार्ल मार्क्स, फ्रेडरिक एंगेल्स र लेनिनका तस्वीरहरु लुकाउने जस्तो प्रहसन देखाउने काम समेत गरेको थियो ।

त्यसैगरी यतिखेर नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) मिलेर 'नेकपा' बनेपछि सो पार्टीको प्रथम अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले मनमोहन अधिकारीले भन्दा पनि अझ सशक्त रुपमा उक्त पार्टी कम्युनिस्ट मात्र होइन वामपन्थी समेत नरहने कुरा स्पष्ट ढंगले बताउँदै आएका छन् । उनले उक्त पार्टी विचारधारात्मक नभएर 'पोलिटिकल' वा राजनीतिक रुपमा मात्र कम्युनिस्ट भएकाले कम्युनिस्ट चाहिं 'ब्राण्ड नेम' अर्थात 'चिनारी छाप' मात्रै भएको बताउँदै आएका छन् । यसरी ओलीले 'नेकपा' कम्युनिस्ट पार्टी नभएको जिकिर सशक्त रुपमा गर्दै र प्रष्ट पार्दै आएका छन् । त्यस अर्थमा केपी ओलीले सही र सत्य अभिव्यक्ति दिएका छन, जुनकुरो तथ्य एवं प्रमाणहरुले व्यबहारमा पुष्टि गरेका छन् । अतः नाम नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भएतापनि त्यो प्रतिकृयावादी पुँजीवादी दक्षिणपन्थी पार्टी हो । अर्को शब्दमा भन्नुपर्दा ऐतिहासिक पृष्ठभूमिका कारणले गर्दा उसलाई आफू जे होइन त्यही हो भन्नु पर्ने र जे हो त्यो होइन भन्नु पर्ने विडम्बना आइलागेको छ ।

### *ओली सरकारः नवउदारवाद र दलाल पुँजीवादको संवाहक*

'नेकपा'ले उसका दस्तावेजहरु (राजनीतिक प्रतिवेदन र चुनाव घोषणापत्र)मा देशमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भइसकेको ठोकुवा गर्दै दलाल पुँजीवाद र नवउदारवादका सम्बन्धमा निम्नलिखित कुराहरु उल्लेख गरेकोछ : 'यहाँ पुँजीवादी जनवादी क्रान्ति आधारभूत रुपले सम्पन्न भएको छ' भन्ने कुरालाई सही ढङ्गले आत्मसात् गर्न आवश्यक छ ।''.सामन्तवाद र वैदेशिक हस्तक्षेपका विरुद्ध परिलक्षित रहेका कारण राष्ट्रिय पुँजीको विकासका लागि सामन्तवादका अवशेषका विरुद्ध अगाडि बढ्नुपर्ने तथा दलाल र नोकरशाही पुँजीवाद राष्ट्रिय, स्वतन्त्र एवम् आत्मनिर्भर अर्थतन्त्र विकासका लागि तात्कालिक रुपमा जनताको जनवाद आवश्यक हुन गएको हो ।' ꣸राजनीतिक प्रतिवेदन, नेपाल कम्युनिस्ट पार्टी (नेकपा)-२०७६, पृष्ठ-०९ ।

नेपाल राष्ट्रिय पुँजी विकासको प्रारम्भिक चरणबाट गुज्रिरहेको छ । उत्पादनशील लगानी र पुनर्उत्पादन पुँजी विकासको मुख्य पक्ष बन्न सकेको छैन । विदेशी वस्तु मुलुकमा भित्र्याएर नाफा कमाउने व्यापारिक पुँजी र विभिन्न ठेक्कापट्टा एवम् सेवाहरुमा विदेशी कम्पनीको सेवक बनेर पैसा कमाउने दलाल पुँजीको बोलवाला छ । यो दलाल पुँजीपति वर्गलाई राज्य संयन्त्रमा पकड जमाएर बसेका उच्च तहका कर्मचारीतन्त्र र कतिपय राजनीतिक पार्टीका नेता-कार्यकर्ताहरुको एउटा हिस्साले सहयोग र सेवा गरिरहेको छ । त्यसले दलाल पुँजीपति वर्गलाई राज्यको तर्फबाट अवसर र नाजायज छुटहरु उपलब्ध गराएर त्यसवापत बिना कुनै लगानी र श्रम आम्दानीमा ठूलो हिस्सा लिइरहेको छ । यसरी हिस्सा लिने नोकरशाही पुँजीपति वर्ग हो । त्यसैले दलाल तथा नोकरशाही पुँजीवाद हाम्रो समाजमा राष्ट्रिय पुँजीको विकासका लागि मुख्य अवरोधका रुपमा रहेको छ । (उही पृष्ठ-१६) ।

नवउदारवादको अन्ध पक्षपोषणले अनुत्पादक र उपभोक्तावादी पुँजीवादलाई बढवा दिइरहेको वर्तमान स्थितिलाई अन्त्य गरी राष्ट्रिय उत्पादनशील पुँजी, श्रम र रोजगारी केन्द्रित औद्योगिकरण एवं विकास नीति अवलम्बन गरिनेछ । तिब्र आर्थिक बृद्धि र सामाजिक न्यायसहितको समावेशी र दिगो विकास, वातावरण संरक्षण र श्रमिकको हितलाई हाम्रो विकास नीतिले उच्च प्राथमिकता राख्नेछ । ꣸(प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७४, नेकपा (एमाले र नेकपा (माओवादी केन्द्र) को साझा घोषणा-पृष्ठ-१२

तर उसको भनाइ र काम गराइ ठीक उल्टो हुने गरेको छ र त्यो विपरीत दिशामा अगाडि बढिरहेको छ । वास्तविक कुरो के हो भने केपी ओलीको नेतृत्वमा सरकार बनेपछि दलाल पुँजीवाद झन हावी हुँदै गएको छ र बर्तमान सरकारले दलाल पुँजीपतिवर्ग सित प्रत्यक्षरूपमा सांठगांठ कायम मात्र गरेको छैन बरु खुलेआम रुपमा तिनीहरुको बलियो पक्षपाती र संरक्षक समेत रहँदै आएकोछ । त्यसप्रकारको भूमिका निर्वाह गर्ने सन्दर्भमा स्वयम् प्रधानमन्त्री केपी ओली अग्रपंक्तिमा उभिदै आएका छन् । त्यसको प्रत्यक्ष उदाहरणहरुका रुपमा यति होल्डिङ्गसको हितको लागि कानुन समेत संशोधन गरेर सरकारले गरेको निर्णयहरु र ओम्नी समूह लगायतकासँग कायम रहेको सांठगांठका तथ्य एवम् प्रमाणहरुले स्पष्ट पारेका छन् । 'नेकपा' को विशेष बैठकहरु दलाल र बचौलिया भनेर चिनिएका व्यापारिहरुका घर-घरमा आयोजना हुने कुरो त सामान्य जस्तै भइसकेको छ । अहिले आएर ओलीकै चाहनामा विचौलियाका रुपमा चर्चित रहेका र विवादित छवि भएका सुशील भट्टलाई लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत (सीईओ)को पदमा नियुक्त गरेपछि थप प्रमाणित हुन पुगेकोछ ।

त्यसैगरी नेपालमा पुँजीवादको पनि विकृत रुप मानिएको नवउदारवादलाई अन्धाधुन्ध तरिकाले अंगाल्ने र कार्यान्वयन गर्ने काम पन्चायती व्यवस्थाको अवसान र बहुदलीय शासन व्यबस्थाको स्थापना भएपछि सत्तामा आएको नेपाली कांग्रेसको सरकारले गरेको हो । जसको परिणामस्वरूप नेपालका मित्र देशहरुले अनुदान सहयोगमा निर्माण गरिदिएका महत्वपूर्ण सार्वजनिक उद्योगहरु निजीकरणका नाममा कौडीको भाउमा बेचेर धराशायी बनाउने अभियानको शुरुवात भएको थियो । पछि तत्कालीन नेकपा (एमाले)को अल्पमतको सरकार बनेको समयमा छनौटपूर्ण निजीकरण (सेलेक्टिभ प्राईभेटाईजेशन)को नीति ल्याएर प्रकारान्तरले निजीकरणको नीतिलाई नै समर्थन गर्ने एवम् अपनाउने काम गरेको थियो । त्यसरी एमाले क्रमशः कांग्रेसको पदचाप पछ्याउँदै गएको थियो र अहिले 'नेकपा' ले नवउदारवादी नीतिलाई शिरोधार्य गर्दै आएको छ । ओली नेतृत्वको सरकारले प्रस्तुत गर्दै आएका सरकारका वार्षिक नीति तथा कार्यक्रम र बजेटहरुले नवउदारवादी आर्थिक नीतिलाई लगातार अक्षरशः अवलम्बन एवम् कार्यान्वयन गर्दै आएको छ ।

### *निर्वाचन घोषणापत्रः झुट्टा आश्वासन र लफ्फाजीको पुलिन्दा*

तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का बीचमा पार्टी एकता भएर 'नेकपा' हुनुभन्दा अगाडि प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका दौरान जारी गरिएको साझा घोषणापत्रमा 'संमृद्ध नेपाल, सुखी नेपाली' को नारा सहित कैयौं मधुर वचन गुलिया वाचाहरुका साथमा निम्नलिखित विषयहरु उल्लेख गरिएका छन् :

मजदुर, किसान, श्रमजीवी, शोषित, पीडित, गरिब जनताको हितका पक्षमा व्यवस्थित कार्ययोजना सञ्चालन गरिने छ । महिला, दलित, जनजाति, मधेसी, थारु, मुस्लिम र सबै उत्पीडित जाति र पिछडिएका क्षेत्रका जनताको हक, हित, पहिचान र स्वाभिमानको पक्षमा हाम्रा कामहरु निर्देशित हुने छन् । ꣸प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७४, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को साझा घोषणा-पृष्ठ-०९ । आगामी पांच बर्षभित्र नेपाललाई विकासशील राष्ट्रको पंक्तिमा पुऱ्याइने छ । १० बर्षभित्र प्रतिव्यक्ति आय कम्तिमा ५ हजार अमेरिकी डलर पुग्ने गरी आर्थिक वृद्धिलाई १० प्रतिशतभन्दा माथि पुऱ्याउने राष्ट्रिय अर्थतन्त्र निर्माण गरिनेछ । (उही, पृष्ठ-१३) दुई बर्षभित्र राष्ट्रव्यापी नापी लागु गरी भूमिको अभिलेख अध्यावधिक गरिनेछ । वैज्ञानिक भूमिसुधार लागू गरी भूमिसँग सम्बन्धित सम्पूर्ण समस्या समाधान गरिनेछ । भूउपयोग नीति, योजना एवं कानुनका आधारमा भूमिको वर्गीकरण तथा उपयोग गरिनेछ । कृषिभूमि अतिक्रमण गर्न नपाइने व्यबस्था लागू गरिनेछ । भूमिसम्बन्धी सम्पूर्ण अभिलेखहरु डिजिटल प्रणालीमा आबद्ध गरिनेछ । मोहियानी हकको समस्या कानुनबमोजिम समाधान गरिनेछ । (उही, पृष्ठ-१४)

दुई बर्षभित्र नेपाललाई आधारभूत खाद्यान्न, माछा, मासु, अण्डा र दुधमा आत्मनिर्भर बनाइनेछ । पाँच बर्षभित्र खाद्यान्न निर्यात गर्ने अवस्थामा पुऱ्याइनेछ । सबैका लागि खाद्य पोपण सुरक्षा प्रत्याभूत गरिनेछ । (उही, पृष्ठ-१५) । माध्यमिक तहसम्मको सम्पूर्ण शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ ।''सार्वजनिक शिक्षामा लगानि वृद्धि र निजी लगानिलाई नियमन गर्दै दुईखाले शिक्षा प्रणालीमा रहेको बिषमता हटाइनेछ । (उही,पृष्ठ-२२) हरेक गाउँपालिकाको केन्द्रमा कम्तिमा २५ तथा नगरपालिकाको केन्द्रमा ५० शैयूयाका सुविधासम्पन्न अस्पताल सञ्चालन गरिनेछ । ''.प्रत्येक प्रदेश सदरमुकाममा सुविधासम्पन्न एक हजार शैयूयाको अस्पताल स्थापना गरिनेछ । (उही, पृष्ठ-२३/२४) यसरी गाउँ शहरमा शहकारी घरघरमा रोजगारीको अवस्था सिर्जना गरिनेछ । (उही, पृष्ठ-३१/३२) भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गरिनेछ । भ्रष्टाचारविरुद्ध जनचेतना र सक्रियता अभियान सन्चालन गरिनेछ । पारदर्शिता र जवाफदेहि प्रणालीलाई सुदृढ तुल्याइनेछ । (उही, पृष्ठ-३४) ।

केपी शर्मा ओली वि. सं. २०७४ साल फागनु ०३ गते दोस्रोपटक प्रधानमन्त्रीको रुपमा देशको कार्यकारी प्रमुख नियुक्त भएका थिए र उनले प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेको यतिखेर (भदौ ०३ गते) अढाइ वर्ष पूरा भइसकेको छ । उनको नेतृत्वको सरकारले लगातार तीन पटक नीति, कार्यक्रम र बार्षिक बजेटहरु प्रस्तुत गरिसकेको छ । तर घोषणापत्रमा उल्लेख गरिएको उपर्युक्त विषयहरुको कार्यान्वयन र तिनलाई पूरागर्ने तत्परताको कुरालाई छोडिदिउँ, त्यसतर्फ शुरुआतसम्म पनि भएको छैन । किनभने चुनावी घोषणापत्रमा उल्लेख भएका प्रतिबद्धताहरु र ओली नेतृत्वको सरकार गठन भएपछि प्रस्तुत हुँदै आएका नीति तथा कार्यक्रम र बजेटहरुमा कुनै तालमेल रहेको छैन । ओली सरकारले आफ्नो घोषणापत्रमा उल्लेख गरेका भन्दा विपरित काम गरिरहेको छ । सरकारका तर्फबाट अहिलेसम्म प्रस्तुत गरिएका तीनवटा नीति तथा कार्यक्रम र बजटहरु हुबहू पुरानै परम्परागत, कर्मकाण्डी एवं घिसेपिटे शैलीको रहँदै आएका छन् । वास्तवमा उक्त घोषणापत्र फगत एउटा झुट्टा आश्वासन र लफ्फाजी (फ्रेज मङ्गरिङ)को काम नलाग्ने पोको सावित भएको छ ।

स्मरणीय विषय के छ भने ओलीले आफू प्रधानमन्त्री हुने निश्चित प्रायः भैसकेपछि पनि केही सवैधानिक प्रावधानका कारणले गर्दा, खासगरेर प्रदेशसभाका सदस्यहरुलाई सपथ ग्रहण गराउनका लागि कांग्रेस (देउवा) सरकारले नै प्रदेश प्रमुख नियुक्त गर्नुपर्ने भएकाले, करिब तीन महिनाको समयावधि पाएका थिए । तर उनले त्यो समयावधि त्यत्तिकै खेर फालेका थिए । त्यसले देश र जनताको समग्र बहुआयामिक विकासका सम्बन्धमा उनको कुनैपनि गृहकार्य, तैयारी र नयाँ सोच नभएको कुरो छर्लङ्ग देखाएको छ । यसको पछाडिको मुख्य कारण के हो भने उनी वि. सं.२०६२/६३को जनआन्दोलनको विरुद्धमा थिए र उनमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशी प्रतिनिधित्व जस्ता राजनीतिक परिवर्तनका प्रमुख मुद्दाहरुप्रति तीब्र असहमति र वितृष्णा रहेको थियो । राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापना गर्ने विषयलाई त उनले 'बयल गाडा चढेर अमेरिका पुग्ने सपना' को संज्ञा दिएर खिसिट्युरी गरेका थिए । तर नेपालको राजनीतिक इतिहासमा परिवर्तनको घोर विरोधी पात्र नै निर्वाचन (जनमत) मार्फत् देशको कार्यकारी प्रमुखका रुपमा सत्तासीन हुन पुग्नु एक विडम्बना हुन गएको छ । साँच्चै भन्नु पर्दा विगतमा आफूले निभाएको आन्दोलन र परिवर्तन विरोधी भूमिकाको स्मरण गर्दै र वर्तमानमा प्राप्त अवसर बीचको विरोधाभासपूर्ण स्थितिको अन्तर्सम्बन्धलाई तुलना गरेर ओली आफैमा दंगदास पर्ने अवस्था सिर्जना भएकोछ ।

### *भ्रष्टाचारको बिगबिगि र मौसमी 'राष्ट्रवाद'को बैशाखी*

प्रधानमन्त्री ओलीले 'आफू पनि भ्रष्टाचार नगर्ने र अरुलाई पनि भ्रष्टाचार गर्न नदिने' र 'भ्रष्टाचार प्रति शून्य सहनशीलता अपनाउने' जस्ता अभिव्यक्ति दिने गरेका छन् र दिंदै आएका छन् । तर बर्तमान सरकार भ्रष्टाचारसँग सम्बन्धित काण्डहरुले गर्दानै जनसमक्ष झन नाङ्गिन पुगेको छ । अहिले देशमा घट्न गएका ठुला र चर्चित भ्रष्टाचारका काण्डहरुमा प्रधानमन्त्री ओली निकट एवम् उनका विश्वासपात्र रहेका भनिएका पार्टीका नेता र सरकारका मन्त्रीहरु रहेका छन् । परिणामस्वरूप विगत देखिनै नीतिगत र संस्थागत रुपमा जरा गाड्दै आएको भ्रष्टाचारले थप पकड जमाउदै गएको छ र संसारका भ्रष्टतम् देशहरुको सूचीमा स्थान बनाउन पुगेको छ ।

नेपाल वायुसेवा निगमको वाईडबडी जहाज खरिद प्रकरणमा तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारी (दिवंगत)को संलग्नता रहेको भनिएको थियो । तत्सम्बन्धमा संसदको सार्वजनिक लेखा समितिले समेत छानबिन गरेर करोडौं भ्रष्टाचार भएको ठहर गरेपछि अख्तियार दुरूपयोग निवारण आयोगलाई थप छानबिन र कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो । तर प्रधानमन्त्री ओलीले त्यो काण्डलाई ढाकछोप पार्ने कुत्सित उद्देश्य राखेर एउटा कथित तीन सदस्यीय छानबिन आयोग गठन गरेका थिए । सोही कारण उक्त आयोगमा रहेका व्यक्तिहरुलाई नियुक्तिपत्र समेत नदिएर बेइज्जतीपूर्ण ढंगले पंगु सावित हुने अवस्थामा पुऱ्याएका थिए । यो देशको प्रधानमन्त्रीको रुपमा एक हद दर्जाको नालायकिपन हो र त्यसलाई उनले सजिलै पचाईरहेका छन् । 'नेकपा' का महासचिव रहेका विष्णु पौडेलले चर्चित भूमाफिया भनिएका शोभाकान्त ढकाल, जो सो पार्टीका केन्द्रीय अनुशासन आयोगका सदस्य समेत रहेको बताईएको थियो, सँग को सांठगांठ मार्फत प्रधानमन्त्री निवास, बालुवाटार (ललिता निवास) अन्तर्गतको जग्गा हत्याएर बेचबिखन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेले वापत उन्को छोरा नवीन पौडेलको स्वामित्वमा रहने गरी जग्गा प्राप्त गरेको भन्ने कुरो जगजाहेर भएको थियो । तर सरकारका तर्फबाट उक्त जग्गा सम्बन्धी भ्रष्टाचार मुद्दामा कारवाही चलाउने क्रममा पौडेल सहित सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी समेतलाई कथित जग्गा फिर्ता गराउने नाटक रचेर उन्मुक्ति दिने काम भएको थियो ।

तत्कालीन सूचना तथा सन्चार मन्त्री एवम् सरकारका प्रवक्ता समेत रहेका गोकुल बास्कोटाले सुरक्षण प्रेस (सेक्युरिटी प्रेस) खरिद प्रक्रियामा करोडौंको कमिशन प्राप्त गर्ने सम्बन्धमा विचौलिया व्यक्तिसँग भएको टेलीफोन संवादको रेकर्ड (भ्वाईस रेकर्ड) सार्वजनिक भएपछि 'नैतिकताका आधारमा' पदबाट राजीनामा दिन बाध्य भएका थिए । तर तत्सम्बन्धी छानबिन र कारवाही अगाडि बढाउन कुनै तदारुकता देखाईएको छैन । त्यसैगरी उपप्रधान तथा रक्षामन्त्री एवम् कोरोना रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितिका संयोजक समेत रहेका ईश्वर पोखरेल र स्वास्थ्य मन्त्री भानुभक्त ढकालको मिलेमतोमा व्यापक कमिशन प्राप्त गर्ने योजना अन्तर्गत ओम्नी ग्रुप नामक विचौलिया व्यापारिक कम्पनीसँग सांठगांठ गरेर कोरोना महामारी सम्बन्धी र गुणस्तरहीन स्वास्थ्य सामग्री महंगो मूल्यमा खरिद गरेको जगजाहेर भएकोछ । सो ओम्नी समूहको मालिक प्रधानमन्त्री ओलीका सूचना तथा सन्चार प्रविधि (आईसीटी) सम्बन्धी प्रमुख सल्लाहकार रहको समेत खुल्न आएको थियो । पछि उक्त काण्डमा रचिएको गलत चलखेल बाट छुटकारा पाउनका निम्ति स्वास्थ्य सामग्री खरिदको जिम्मा नेपाली सेनालाई दिइएको थियो र आफ्नो कार्यक्षेत्र बाहिरको कामको जिम्मा लिएकोमा सेनाको व्यापक आलोचना भएको थियो भने त्यसमा अनियमितता भएको आरोप पनि लागेको छ ।

तर अनौठो एवम् आश्चर्य लाग्ने विषय त के छ भने प्रधानमन्त्री ओली स्वयमले उपर्युक्त सबै भ्रष्टाचार काण्डमा मुछिएका आरोपित व्यक्तिहरुलाई छानबिनको दायरामा ल्याएर आवश्यक कानुनी कारवाही अगाडि बढाउन मार्ग प्रशस्त गर्नु पर्नेमा त्यसका विपरीत उनीहरु निर्दोष रहेको दावी प्रस्तुत गर्दै प्रकारान्तरले त्यस्ता तत्वहरुलाई संरक्षकत्व एवम् अभिभावकत्व प्रदान गर्दै आएका छन् । त्यसले देशमा नीतिगत एवम् संस्थागत रुपमा झांगिदै गएको भ्रष्टाचार प्रतिको उनको कथित विरोध देखावटी र ढोंग मात्र हो भन्ने प्रमाणित गरेकोछ ।

प्रधानमन्त्री ओलीको पहिलो कार्यकालको दौरानमा संविधान जारी भएपछि अगाडि बढेको मधेश आन्दोलनको कारण नेपाल-भारत सीमामा आन्दोलनकारीहरुद्वारा अवरोध उत्पन्न भएको बनावटी निहुं बनाएर नेपालका विरुद्ध भारत सरकारले अघोषित नाकाबन्दी लगाएको थियो । ओलीले उक्त भारतीय नाकाबन्दीको विरोध गरेका थिए र त्यसका विरुद्ध 'अडान' कायम गरेका थिए । त्यस वापत उनले 'राष्ट्रवादी' नेताको छवी निर्माण गरेका थिए । त्यसबेला नेकपा (क्रान्तिकारी माओवादी) का तर्फबाट प्रधानमन्त्री ओली समक्ष ज्ञापनपत्र बुझाउन महासचिव मोहन वैद्य 'किरण' को नेतृत्वमा एक प्रतिनिधिमण्डल गएको थियो । भेटका दौरानमा महासचिवले भारतीय नाकाबन्दीको विरुद्ध 'अडान' लिएकोमा प्रधानमन्त्री ओलीलाई धन्यवाद ज्ञापन गर्दै त्यस मौकामा सम्पूर्ण असमान सन्धि सम्झौताहरु खारेज गरेर पारस्परिक सम्मान र समानताका आधारमा नयाँ सन्धि सम्झौताहरु गर्न सुझाव दिनु भएको थियो । तर प्रधानमन्त्री ओलीले आफ्नो निरीहता र लाचारी देखाउदै 'काँचो सुन्तला नखाँदै यो चाला खाए के होला ?' भन्ने एउटा लोकगीतको टुक्का सुनाएका थिए ।

प्रधानमन्त्री ओलीले उनको नेतृत्वको सरकारको मातहतमा देशमा भ्रष्टाचार मौलाउँदै गएको, सरकार अक्षम एवं असफल सावित हुँदै रहेको र लोकप्रियता लगभग शून्य प्रायः अवस्थामा पुगेको, कोरोना महामारीले आक्रान्त पारेर आम जनताको दैनिक जनजीवन समस्याग्रस्त भएको बेलामा राजनीतिक दल विभाजन गर्न र संवैधानिक परिषदमा निर्णय प्रक्रिया सहज तुल्याउने प्रावधान सहितको अध्यादेश ल्याएकाले आफ्नै पार्टी र बाहिरबाट तीब्र आलोचना खेपिरहेको र अन्य पार्टीको सांसदलाई अपहरण गर्ने कार्यमा संरक्षकत्व प्रदान गरेको गम्भीर आरोप लागेको र पार्टी एवम् सरकारको नेतृत्व त्याग्नु पर्ने जस्तो गम्भीर अवस्थामा पुगेर मात्र भारतद्वारा अतिक्रमित नेपाली भूक्षेत्र लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटेर नेपालको नयाँ नक्सा प्रकाशित गर्ने निर्णय गर्न वाध्य भएका थिए । त्यो भन्दा अगाडि उनले धेरै जनदवावका र सुझावका वाबजुद पनि नक्सा प्रकाशित गर्ने विषयलाई इन्कार गर्दै भूमि नै फिर्ता ल्याउने कुरा बताउँदै आएका थिए । त्यसैले नेपालको नयाँ नक्सा प्रकाशनको प्रकरण उन्को भित्रै देखिको चाहना भन्दा पनि परिस्थिति र बाध्यताले गर्दा मनस्थिति परिवर्तन गर्न वाध्य हुनु परेको परिणाम हो भन्न सकिन्छ ।

राष्ट्रघाती एकीकृत महाकाली सन्धि हुँदाखेरि नेपाली कांग्रेसको सरकार थियो र शेर बहादुर देउवा प्रधानमन्त्री थिए भने तत्कालीन नेकपा (एमाले) प्रमुख थियो र मनमोहन अधिकारी प्रतिपक्षी दलका नेता थिए । भारतका तत्कालीन परराष्ट्र मन्त्री रहेका प्रणव मुखर्जीले तत्कालीन नेकपा (एमाले)को उपस्थिति बेगर सन्धिमा हस्ताक्षर नगर्ने बताए पछि त्यतिखेर एमालेले बनाएको महाकाली सन्धि अध्ययन समितिको संयोजक समेत रहेका केपी ओली उत्साहपूर्वक उपस्थित हुन पुगेका थिए । त्यो कार्य सत्तापक्षले अर्को राष्ट्रको सरकारसित सम्पन्न गर्न गइरहेको सन्धि सम्झौतामा प्रतिपक्ष *बाँकी ८ पेजमा*

## आलोपालो

# नेपालका खुश्चेभहरू विनाशको खाल्डोमा जाकिनु निश्चित छ

*अहिले केपीओली, पुष्पकमल दाहाल, माधव नेपाल, बामदेव गौतमआदिको मार्क्सवाद, लेनिनवाद र समाजवादका कुरा आ-आफ्ना शक्तिकेन्द्रहरु खडा गरेर एकले अर्कोलाई कसरी सिध्याउने भन्ने तानाबाना बुन्ने काममा केन्द्रित बनेको छ । कहिले केपीओली, पुष्पकमल दाहाल मिलेर माधव नेपाल, बामदेव गौतमलाई तहलगाउने काम गर्दछन् त कहिले पुष्पकमल दाहाल माधव नेपाल र बामदेव गौतम मिलेर केपीओलीलाई सत्ताच्युत गर्ने सपना बुनीरहन्छन्*



● हुकुमबहादुर सिंह ●

सबै खाले संशोधनवादीहरु ढिलो वा चाँडो विनाशको खाल्डोमा जाकिनु निश्चित हुन्छ र नेपालका खुश्चेभहरुवारे पनि सत्य हो । माओको नेतृत्वमा चीनको कम्युनिस्ट पार्टीले खुश्चेभले नेतृत्व गरेको सोभियत संशोधनवादका विरुद्ध गरेको सैद्धान्तीक सघर्षलाई कमजोर बनाउन त्यो बेला सोभियत संशोधनवादीहरुले लामो समयसम्म आफूहरुले माकर्सवादी-लेनिनवादी सिद्धान्त र समाजवादको पक्षमा रहेको वोकालत गरिरहेका थिए । अन्तराष्ट्रिय कम्युनिस्ट आन्दोलनमा लामो समयसम्म उनीहरु कम्युनिस्ट हुन भन्ने भ्रम पार्न उनीहरुले झुटको साहारा लिएका थिए । तर इतिहासले प्रमाणित गर्‍यो कि उनीहरुको लाइन पुँजीवादको पुर्स्थापनाको लाइन थियो न कि समाजवादको स्थापना ।

यो त थियो, एउटा कम्युनिस्ट देश त्यो पनि लेनिनको नेतृत्वमा माहान अक्टोवर समाजवादी क्रान्ति सफलतापूर्वक सम्पनन गरेर समाजवादको मार्गतर्फ लम्किरहेको विश्वको पहिलो कम्युनिस्ट देश, खुश्चेभहरुका कारण पुँजीवादको पुर्स्थापना गरियो । नेपालको त्यो अवस्था त होइन, तै पनि नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादको लागि भनेर दश वर्से जनयुद्ध गरी हजारौ नेपालीहरुलाई सहीद बन्न उत्प्रेरित गरेका नेताहरुले ती सहीदप्रति धोका दिएर भुतपूर्व एमाले, जो पाँचौ महाधिवेशनपछि जनताको बहुदलीय जनवादको नाममा मदनभण्डारीको नेतृत्वमा नेपालका खुश्चेभहरु बनेका थिए, का अगाडि आत्मसमर्पण गर्दै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन गरेका छन्, समग्रतामा ती पनि नेपालका नयाँ खुश्चेभहरु बनेका छन् ।

अहिले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) नयाँ खुश्चेभहरुले सोभियत संघका खुश्चेभहरुले जस्तै आफूहरुले माकर्सवादी-लेनिनवादी सिद्धान्त र समाजवादको पक्षमा काम गरिरहेको वोकालत गरेका छन् । नेपाली जनता र नेपाली कम्युनिस्ट आन्दोलनमा यिनीहरुले पनि लामो समयसम्म उनीहरु कम्युनिस्ट हुन भन्ने भ्रम पार्न उनीहरुले झुटको साहारा लिएका छन् । तर भावी इतिहासले प्रमाणित गर्ने स्पष्ट छ कि उनीहरुको लाइन राष्ट्रिय पुँजीवाद पनि होइन, दलाल, नोकरशाही र विचौलीयाहरुको हीतगर्ने पुँजीवादको लाइन हुनेछ र उनीहरुले भन्ने गरेको समाजवाद यिनै वर्गका लागि हुने स्पष्ट छ ।

त्यसैले त नेपाल कम्युनिस्ट पार्टी (नेकपा) पार्टीका नेताहरुको बोली र व्यवहार पटक्कै मिल्दैन र यस्तै प्रवृत्तिका कारण अहिले उनीहरुकै पार्टी भित्रबाट प्रश्न उठ्न थालेको छ- यो पनि कम्युनिस्ट पार्टी हो र ? हामी पनि कम्युनिस्ट पार्टीका सदस्य हौ र ? के यसरी यस्तो पार्टीका यस्ता नेताहरुबाट देशमा समाजवाद ल्याउन सम्भव छ ? नेपाली जनताले पनि देखिरहेका छन् नी कम्युनिस्टहरुको नेतृत्वमा झण्डै दुई तिहाइ बहुमतको सरकार छ तर नेपालका श्रमिकहरु, किसान, गरिब तथा विपन्नहरु लगातार निरीह बन्दै गएका छन् । ठेकदारहरु, विचौलियाहरु, दलालहरु र सबै स्वदेशी र विदेशी प्रतिक्रियावादीहरु रमाइरहेका छन्, खुशी छन् । सरकारमा गएकाहरुको धन्दा कमाउने भएको छ । जनताको नजरमा ती कमाउनिष्ट बनेका छन् । कमाउन नसकेका नेता तथा कार्यकर्तामा निराशा देखिन थालेको छ । केही इमान्दार छन्, ती साच्चै चिन्तीत देखिएका छन् । चिन्ता मात्रै जाहेर गर्दछन्, तर विद्रोह गरेर क्रान्तिकारी बन्न सकिरहेका छैनन । नेपाली कम्युनिस्टहरुका लागि यो बढता चिन्ताको विषय बनेको छ ।

अहिले केपीओली, पुष्पकमल दाहाल, माधव नेपाल, बामदेव गौतमआदिको माकर्सवाद, लेनिनवाद र समाजवादका कुरा आ-आफ्ना शक्तिकेन्द्रहरु खडा गरेर एकले अर्कोलाई कसरी सिध्याउने भन्ने तानाबाना बुन्ने काममा केन्द्रीत बनेको छ । कहिले केपीओली, पुष्पकमल दाहाल मिलेर माधव नेपाल, बामदेव गौतमलाई तहलगाउने काम गर्दछन् त कहिले पुष्पकमल दाहाल माधव नेपाल र बामदेव गौतम मिलेर केपीओलीलाई सत्ताच्युत गर्ने सपना बुनीरहन्छन् । जनता भोक र रोगले ग्रस्त छन्, यी कसैलाई जनताको चिन्ता छैन ।

अहिले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रका एक थरी 'इमान्दारहरु' 'परिवर्तनको पक्षमा आन्दोलन गरेका पार्टी र नेता नै प्रतिगमनतिर लागे' भनेर चिन्ता गरीरहेका देखिन्छन् । ती 'इमान्दारहरु'ले के बुझ्नु अति आवश्यक छ भने इतिहासमा धोका र प्रतिगमन भनेको यस्तै परिवर्तनको पक्षमा आन्दोलन गरेका पार्टी र नेताबाटै हुने हो । खुश्चेभ, देंग शियाओफिंगआदि पनि नेपालका यी नेताहरुले भन्दा परिवर्तनको पक्षमा गरिएका आन्दोलनमा कम सहभागी थिएनन नि । विश्वभरका संशोधनवादीहरुको हालत यस्तै हो । विश्वभरका कुनै पनि संशोधनवादीहरु सर्वहारावर्ग र विश्व समाजवादी व्यवस्थाका महानतम हितहरुका विरुद्ध रहेका हुन्छन् र नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का नेताहरको वर्तमान र भविश्यवारे पनि यो सत्य हो ।

भरखरै नेपालमा २१वटा वाम राजनीतिक दलहरु र संगठनहरुले कार्यगत एकता गरेर नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का संशोधनवादी सिद्धान्त र कार्यशैलीका विरुद्ध एकजुट भएर निर्णयात्मक संघर्ष गर्ने योजनाका साथ अगाडि आएका छन्, जसले नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का संशोधनवादी सिद्धान्त र कार्यशैलीका विरुद्ध एकजुट भएर जनताका बीचमा जाने छन् र नेपाली क्रान्तिलाई फेरी एक पटक सही दिशा निर्देश गर्ने छन् । नेपालका खुश्चेभहरु विनाशको खाल्डोमा जाकिनु निश्चित छ र क्रान्तिकारीहरुले फेरी नेपालका खुश्चेभहरुले बाटैमा फयाकेको क्रान्तिको झण्डालाई उँचा उठाउने छन् । *singhhukum683@gmail.com*

## नेकपा...

साक्षी बस्न पुगेको अनौठो परिघटना थियो । ओलीले नेपाललाई अरबौं फाईदा हुने वकालत गरेका उक्त सन्धिको हविगत के भयो भन्ने त जगजाहेरै छ तर उनले अहिलेसम्म महाकाली सन्धिमा गरेको राष्ट्रघातका बारेमा आत्मालोचना र पश्चाताप गर्ने साहस गर्न सकेका छैनन् ।

नयाँ राजनीतिक परिवर्तनमार्फत् संविधान निर्माण गरेर जारी गर्ने प्रकृयामा नै विगतका शासक र सरकारहरुले गरेका सम्पूर्ण असमान सन्धि सम्झौताहरु खारेज गरेर समानताका आधारमा नयाँ सन्धि सम्झौताहरु गर्ने प्रावधानको व्यवस्था गर्न सक्नु पर्दथ्यो । तर विगतका असमान सन्धि सम्झौताहरु गर्दा समेत पनि उनीहरुको संलग्नता रहेको र त्यसको उनीहरुले स्वामित्व ग्रहण गरेकाले त्यस प्रकारको इच्छाशक्ति र साहस देखाउन सक्ने अवस्थामा थिएनन् भन्ने तथ्य प्रष्टै प्रमाणित भएको छ । तर पनि सबै राष्ट्रघाती तत्वहरुका लागि कथित मौसमी राष्ट्रवादको ढोल पिटाउन र बैशाखी टेकेर हिड्नु पर्ने बाध्यता रहेको छ । बर्तमानमा पनि ओली सरकारले आफ्ना अक्षमता र असफलताहरुलाई ढाकछोप गर्न र गिरेको साख जोगाउन त्यसैको सहरा लिने गरेकोछ ।

***निष्कर्ष : अक्षम र असफल सरकार***

प्रधानमन्त्री केपी ओलीले पदभार ग्रहण गरेको तीन हप्ता पछि देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालद्वारा मिति २०७४ फाल्गुण २५ गते उनी समक्ष ९४ सूत्रीय ज्ञापनपत्र प्रस्तुत गरिएको थियो । उक्त ज्ञापनपत्रमा राणाकालदेखि अहिलेसम्म सत्तासिन भएका पार्टी एवं व्यक्तिहरुले राष्ट्रघात, जनघात, भ्रष्टाचार र नतावाद एवं कृपावादको पक्षपोषण गरेका कारण देश बर्तमान अवस्थाबाट गुज्रनु परेकाले अब 'देश र जनताको सर्वतोमुखी र बहुआयामिक विकासलाई अगाडि बढाउनका निम्ति नेपालको राष्ट्रीय सुरक्षा (नेशनल सेक्युरिटी) को खाका (ब्लु प्रिन्ट) तयार पारियोस् र देशको समग्र प्राकृतिक स्रोत र मानवीय संशाधनलाई योजनावद्ध ढंगले अधिकतम रुपमा प्रयोगगरी विकसित र समृद्ध राष्ट्र निर्माणको आयोजना तयार पारियोस ।' भन्ने उल्लेख गरिएको थियो । त्यसको प्रत्युत्तर स्वरुप प्रधानमन्त्री ओलीले ज्ञापनपत्रमा उल्लेख भएका कुराहरु जायज भएको र आफुले राम्ररी अध्ययन गर्ने एवं ती विषयहरुका सम्बन्धमा आगामी दिनमा यसरी ज्ञापनपत्र बुझाउन आइरहन नपर्ने बताएका थिए ।

तर पछिल्लो समयमा प्रधानमन्त्री ओलीले स्वयम्का अभिव्यक्ति र गतिविधिका कारणले गर्दा एकलौटी बहुमत रहेको सरकारलाई अस्थिर तुल्याएका छन् । उनले आफू पार्टीभित्र र संसदीय दलमा समेत स्पष्ट अल्पमतमा परिसकेपछि आफु विरुद्ध अविश्वासको प्रस्ताव आउन सक्ने सम्भावनाबाट भयभीत भएर हठात् रुपमा संसदको अधिवेशन बन्द गर्न सिफारिश गरेका थिए । गत असार १० गत देखि शुरू भएको स्थायी कमिटी बैठकले पार्टी अध्यक्ष र प्रधानमन्त्री दुबै पदबाट राजीनामा दिन माग गरेपछि उनको नेतृत्व नै प्रश्नको घेरामा उभिएको छ । पछिल्लो चरणमा आएर उनी रामको नयाँ जन्मस्थलको सिर्जना गरी राममन्दिर निर्माणको धुनमा लागेका छन् जुन आफैमा थप उदेकलाग्दो विषय हो । त्यसले 'नेकपा' र ओलीको दक्षिणपन्थी दिशातर्फ तीब्र पतनको गतिलाई नै इंगित गर्दछ ।

आज 'नेकपा'का प्रथम अध्यक्ष प्रधानमन्त्री केपी ओलीको नेतृत्वमा रहेको करिब दुईतिहाई बहुमतको सरकार उनीहरु स्वयंका लागि 'वाँदरको हातमा नरिवल' सावित भएकोछ भने आम नेपाली जनसमुदायका निम्ति 'कागलाई बेल पाकेर हर्ष न विस्मात' जस्तै भएको छ । यहाँसम्म कि प्रधानमन्त्री ओली वर्तमान राज्य संयन्त्रलाई परिवर्तित राजनीतिक व्यवस्था अनुरूप रुपान्तरण गर्न समेत अनिच्छुक देखिएका छन् । किनभने सरकारले आफै गठन गरेको अर्थशास्त्री डा. डिल्लीराज खनालको संयोजकत्वमा आयोग गठन गरेको सार्वजनिक खर्च पुनरावलोकन आयोगले दिएको प्रतिवेदनलाई कार्यान्वयन गर्नुको सट्टा वेवास्तापूर्वक थन्क्याएर राखेका छन् । निचोडमा भन्नु पर्दा ओली सरकार अक्षम र असफल सिद्ध भएकोछ । देशमा यसप्रकारको स्थिति कायम रहेमा वर्तमान संविधान र व्यवस्था छिटै नै बेकामे सावित हुनेछ र त्यसको विकल्पमा अग्रगामी राज्य व्यवस्थाको स्थापना गर्नु पर्नेछ – त्यो भनेको संघीय जनगणतन्त्र नै हो भन्ने कुरामा प्रष्ट हुनु पर्दछ ।

अहिले नेपालका दक्षिणपन्थी, संशोधनवादी र प्रतिक्रियावादी तत्वहरुले वर्तमान राज्य-व्यबस्था लाई संविधानमा नै 'समाजवादप्रति प्रतिबद्ध रहने र राज्य व्यबस्था समाजवादोन्मुख भएको बताएता पनि यो जनविरोधी एवम् प्रतिक्रियावादी व्यवस्था हो भन्ने कुरा दिनको उज्यालो जत्तिकै छर्लङ्ग छ । यस सन्दर्भमा मार्क्सको यो भनाई पुनः स्मरणीय हुन आउँछ : अन्तत संसदीय गणतन्त्रले उसको क्रान्ति विरोधि संघर्षलाई दमनात्मक उपायहरु, स्रोत-साधन एवं सरकारी सत्ताको केन्द्रीकरण समेतगरी सबल तुल्याउन वाध्य भयो । सवै क्रान्तिहरुले त्यो संयन्त्र लाई ध्वस्त पार्नुको सट्टा पूर्णता प्रदान गर्‍यो । (मार्क्स र एंगेल्स, द एटीन्थ ब्रुमेर अफ लुई बोनापार्ट) नेपालको राजनीतिक परिवर्तनको इतिहास र श्रृंखलामा पनि यस्तै प्रकारका परिघटनाहरुले निरन्तरता पाइरहेका छन् । अहिले 'नेकपा' र ओली सरकार त्यसको सबभन्दा पछिल्लो कडीको रुपमा देखा परेको मात्र हो ।

***सन्दर्भ सामग्रीहरु***

*१. नेकपा (क्रान्तिकारी माओवादी) को राष्ट्रीय सम्मेलनका राजनीतिक दस्तावेजहरु-२०७४ ।*

*२. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल द्वारा प्रम ओली समक्ष प्रस्तुत ज्ञापनपत्र-२०७४ ।*

*३. नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को साझा घोषणा, प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७४ ।*

*४. नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को राजनीतिक प्रतिवेदन-२०७६ ।*

*५. नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को अन्तरिम विधान-२०७६ ।*

*साभार : नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय मुखपत्र, पूर्णाङ्क १५, भाद्र २०७७*


## नियमित दूध सेवन गरौं, रोग प्रतिरोधात्मक क्षमता बढाऔं

# दूध एक फाइदा अनेक

दूधमा चिल्लोपदार्थ, प्रोटिन, कार्वोहाइड्रेड, खनिज पदार्थ र भिटामिन जस्ता शरीरलाई आवश्यक पर्ने तत्वहरु पाइने हुनाले दूध एक सम्पूर्ण खाद्य पदार्थ **(Complete food)** हो । चिल्लो पदार्थले शरीरलाई शक्ति प्रदान गर्दछ । ल्यक्टोजले तुरुन्त शक्ति प्रदान गरी शरीरमा स्फूर्ति आई पुनः काममा सक्रिय हुन मद्दत गर्दछ । प्रोटिनले शरीरको कोषिका, तन्तु लगायत शारीरिक वृद्धि गरी शरीरलाई शक्ति समेत प्रदान गर्दछ । दूधमा भिटामिन **A, D, E, K, C/B-Complex** पाइन्छ । यी भिटामिनले रतन्धो हुनबाट जोगाउने, प्रजनन क्षमताको विकास गर्ने तथा शारीरिक वृद्धि विकास, हाड तथा मांसपेशीहरु मजबुत पार्नुका साथै खाना खाने रुची जगाउँदछ । शरीर बृद्धिको लागि आवश्यक पर्ने लवणहरु क्यालसियम, फस्फोरस, म्यागनेसियम, क्लोरिन, पोटासियम, सोडियम आदि खनिज पदार्थहरु दूधमा पाईन्छन् । यसले शारीरिक सन्तुलन राख्नुका साथै शारीरिक विकास गर्दछ साथै दूधमा पाईने **Lactoalbumin** र **Lactoglobulin** ले **Immunity power** बढाउनमा समेत मद्दत गर्दछ । नेपालको खाद्य नियमावली अनुसार प्रशोधित १०० ग्राम दूधबाट करिब ६० क्यालोरी शक्ति प्राप्त हुन्छ

हाल विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस **(COVID-19)** को उपचारको लागि कुनै औषधी तथा खोप बन्न नसकेको सन्दर्भमा रोगसंग लड्ने तथा शारीरिक तन्दुरुस्त बनाई राख्न दूध तथा दुग्ध पदार्थको नियमित सेवन गर्नु एक उत्तम विकल्प हो जसले राग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गराउनमा सहयोग पुऱ्याउँछ ।



## राष्ट्रिय दुग्ध विकास बोर्ड

हरिहरभवन ललितपुर ।

फो.न. ०१५५२५४००












**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यक रूपमा घर बाहिर भिडभाडमा नजाने,
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगल तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।



## नेपाल सरकार
## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## सूचना तथा प्रसारण विभाग

**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**ः जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।